नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार, असोज २०, २०७५ | Saturday, October 6, 2018 | www.newsofnepal.com | नेसं ११३८ जलागा १२ | वर्ष २४, अंक २७० | पृष्ठ १२ | मूल्य रू १०/–

२ { हाउडे माया सिर्जना
५ { चोरी नियन्त्रणमा प्रहरी सक्रिय
६ { फोटोमा सीमित इतिहास बन्दै पोखरा
११ { सहकारीले वित्तीय स्थायित्व खलबल्याउन सक्छ

# स्वस्थ मासु खुवाउन योजना बनाउँदै कामपा

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले मासुजन्य पदार्थबाट विभिन्न किसिमका रोग लाग्ने भएपछि महानगरवासीलाई सचेत गराउन थालेको छ। कामपाका कार्यकारी अधिकृत यादव कोइरालाले खसीबोकालगायत पशुपक्षीबाट हुन सक्ने खतराबाट जोगाउन कामपाले यो वर्ष रोगी खसीबोका जफत गर्ने बताउनुभयो।

'हामी दशैंमा निरोगी पशुपक्षी मात्र बिक्री गर्न दिन्छौं, त्यसैले जनतालाई यो अपिल गरेका छौं कि मानिसमा हुने खतरनाक रोगबाट जोगिन स्वच्छ पशुपक्षी प्रयोग गरौं' -उहाँको भनाइ थियो।

दशैंको मौका छोपेर राजधानीको चौपाया बिक्री केन्द्रमा बिरामी भएका खसीबोका बिक्री गर्ने प्रचलन बढेको बताउँदै उहाँले भन्नुभयो- 'स्वच्छ मासु प्रगोग गर्न हामीले नाका नाकामा परीक्षण गर्ने भएका छौं।' चेकजाँचका क्रममा बिरामी भएको खसीबोका बिक्री गरेको जानकारी भए विक्रेतालाई समेत कारबाही गर्ने उहाँको भनाइ थियो। खसीबोकालगायतका चौपायाको स्वास्थ्य परीक्षण गर्न कामपाले करिब एक दर्जन पशु चिकित्सक परिचालन गर्ने भएको छ।

कामपाले घटस्थापनादेखि राजधानीको चार स्थानमा खसीबोका परीक्षण गर्ने भएको छ। पशु चिकित्सक, कामपा भेटेनरी शाखा, जिल्ला प्रशासन कार्यालयलगायतका समूहबाट खसीबोकाको स्वास्थ्य परीक्षण गर्ने भएको छ। राजधानीको कलंकी, कोटेश्वर, बागबजार र बिजुली बजारस्थित बिक्री केन्द्रमा खसीबोकाको स्वास्थ्य परीक्षण गरिने भएको छ। 'अहिले चार स्थान पहिचान गरेका छौं, आवश्यक भए अन्य स्थानमा समेत परीक्षण केन्द्र राख्ने तयारी गरेका छौं' -कामपाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले भन्नुभयो।

दशैंमा खसीबोका बिक्री गर्न खसीबोका व्यवस्थापन समिति, व्यापारी र सरोकारवालासँग छलफल गरिसकेको कार्कीले बताउनुभयो। गत वर्ष कामपाले चार स्थानमा करिब ५० हजार खसीबोकाको स्वास्थ्य परीक्षण गरेको थियो। यो वर्ष करिब ६० हजार खसीबोकाको स्वाथ्य परीक्षण गर्ने तयारी भइरहेको प्रवक्ता कार्कीले बताउनुभयो।

प्रवक्ता कार्कीले यो वर्ष चौपाया वध गर्ने स्थानको समेत अनुगमन गर्ने जानकारी दिनुभयो। दशैंअगावै वधशाला अनुगमन गर्ने प्रवक्ता कार्कीको भनाइ थियो। 'खसीबोका मात्रै होइन वधशाला, त्यहाँको अवस्थाका बारेमा समेत अनुगमन गर्नेछौं' -उहाँले भन्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

तस्वीर : अनिल आङदेम्बे/काठमाडौं



- एक दर्जन पशु चिकित्सक खटाइने
- ६० हजार खसीबोकाको स्वास्थ्य परीक्षण गरिने

# निर्मलाको नाममा युट्युब च्यानलको व्यापार

प्रशान्त वली, काठमाडौं

बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी बालिका निर्मला पन्त अहिले केहीका लागि पैसा कमाउने माध्यम बनेकी छन्। युट्युब च्यानलले निर्मलाको नाममा अन्धाधुन्धरूपमा व्यापार गर्दा निर्मलाका परिवारलाई थप मर्माहत बनाएको छ।

घटनालाई तोडमोड गरेर युट्युब च्यालनमा राख्ने र पैसाका लागि व्यापार गरिरहँदा पनि नियामक निकाय भने मुकदर्शक भएर बसेको छ।

'गृहमन्त्रीकै अगाडि निर्मलाको हत्यारालाई कारबाहीको माग गर्दै कार्यक्रममै उत्रिँदा प्रहरीद्वारा धरपकट' भन्दै युट्युब च्यानलमा भिडियो अपलोड भएपछि उक्त भिडियो एक लाख बढीले हेरेका छन्।

त्यसैगरी 'यसरी बलात्कार गरेछन् निर्मला पन्तका हत्याराले बाहिरियो डरलाग्दो गोप्य' भन्दै युट्युबमा लिङ्क सेयर गरिएको छ जुन दृश्य ३ हजार बढीले हेरेका छन्। 'निर्मला पन्तको बलात्कारी पुलिस नै रहेछ' भन्दै युट्युबमा हालिएको भिडियो ७ हजार बढीले हेरेका छन्।

'निर्मला पन्त हत्या प्रकरणमा प्रमाण नष्ट गरेको भन्दै आमाबाउको गुहार' भन्दै सैघाली खबर अनलाइन टिभीले आफ्नो च्यानलमा भिडियो अपलोड गरेको केही समयमा नै उक्त भिडियो एक लाखले हेरेको सो च्यानलले सगौरव प्रस्तुत गरेको छ।

ती च्यानलहरूले आफूलाई अब्बल बनाउन निर्मलालाई अगाडि सार्दै अनर्गल प्रचारसमेत गरेको देखिन्छ। अहिले सयौं युट्युब च्यानलमा निर्मलाको नाम जोडेर लिकंहरू राखिएका छन्।

(क्रमशः पृष्ठ ९ मा)

## बम दिदीबहिनी र मामामाथि अनुसन्धान गर्न आग्रह

नेपाल मानव अधिकार संगठनले कञ्चनपुरकी निर्मला पन्तको हत्या प्रकरणमा बम दिदीबहिनी र निर्मलाका मामा तीर्थराज भण्डारीलाई पनि अनुसन्धानको दायरामा ल्याउन सरकारसँग माग गरेको छ।

घटनाको स्थलगत अध्ययन प्रतिवेदन शुक्रबार काठमाडौंमा सार्वजनिक गर्दै संगठनका अध्यक्ष इन्द्रप्रसाद अर्यालले घटनाको सम्पूर्ण जानकारी भएको दाबी गर्दै बम दिदीबहिनी र निर्मलाका मामा भनिने तीर्थराज भण्डारीलाई अनुसन्धानको दायरामा ल्याउन सरकारसँग माग गर्नुभयो।

संगठनको प्रतिवेदनमा घटनाको वास्तविकतातर्फ सरकारको अनुसन्धान केन्द्रित नभएको दाबी गर्दै एसपी डिल्लीराज विष्ट, बम दिदीबहिनी र निर्मलाका मामा भण्डारीले घटनाको यथार्थ लुकाउन चलखेल गरिरहेको उल्लेख छ। संगठनले घटनास्थलनजिकै रहेको नेपाली सेनाको ब्यारेकलाई पनि अनुसन्धानको दायरामा ल्याउन सरकारलाई सुझाव दिएको छ।

## 'दशैं लागिसक्यो, तलबै पाइएन, अति भो, लेख्दिन पर्‍यो'

काठमाडौं, (नेस)

विसं २०७५ सालको बडादशैं नजिकिँदै गर्दा धेरैजसो कार्यालयका कर्मचारीको हात र खातामा पेस्कीसहितको तलब परिसकेको छ। तर शिक्षा विकास तथा मानव स्रोत केन्द्रका कर्मचारी भने ३ महिनादेखि तलब नपाउँदा रिसले चुर बनेका छन्।

केन्द्रका २ सय ५० तथा एकाइ र अन्य निकायका १ सय १ गरी ४ सय ५१ कर्मचारीले तलब पाएका छैनन्। तलब नपाउनेमा महानिर्देशक र उपमहानिर्देशकसमेत रहेका छन्। केन्द्रले तलब खुवाउन कुनै पहल नै नगरेको कर्मचारीको आरोप छ। उनीहरूले केन्द्रको यस्तो पाराले आफूहरूको दशैं नै खल्लो हुने गुनासो गरेका छन्।

स्मरणीय छ, कर्मचारीले तलब नपाएको समाचार लगातार छाप्न थालेपछि शिक्षा मन्त्रालयले करिब दुई साताअघि मात्रै तलब दिएको थियो। अहिले मन्त्रालयका कर्मचारी मौन छन्। उनीहरू आफ्नो विषयमा केही नबोलेको केन्द्रका कर्मचारीको गुनासो छ।

(क्रमशः पृष्ठ ९ मा)

# पप्पु कन्स्ट्रक्सनका बाबुछोरासहित १२ विरुद्ध मुद्दा

नेपाल समाचारपत्र

काठमाडौं

पप्पु कन्स्ट्रक्सनका तत्कालीन अध्यक्ष तथा सांसद हरिनारायण रौनियार र उनका छोरा सुमित रौनियारसहित १२ जनाविरुद्ध भ्रष्टाचारविरुद्धको मुद्दा दर्ता भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शुक्रबार विशेष अदालतमा भ्रष्टाचारविरुद्धको मुद्दा दर्ता गरेको हो। बर्दियाका गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने बबई पुल पप्पु कन्स्ट्रक्सनले निर्माण गरेको थियो।

ती पुल गुणस्तरहीन भएकाले उद्घाटन नहुँदै भत्किएपछि परेको उजुरीमाथि अनुसन्धान हुँदा भ्रष्टाचार भएको पाइएकाले भ्रष्टाचारविरुद्धको मुद्दा दर्ता गरेको अख्तियारका सहायक प्रवक्ता मदन कोइरालाले बताउनुभयो।

रौनियार संघीय समाजवादी फोरमका प्रतिनिधिसभाका लागि पर्सा क्षेत्र नम्बर ३ बाट निर्वाचित सांसदसमेत हुन्। मुद्दा दर्ता भएसँगै उनको सांसद पद स्वतः निलम्बनमा परेको छ। आयोगबाट अनुसन्धान हुँदा पुल निर्माणका लागि २०६८ असार २२ गते डिभिजन सडक कार्यालय नेपालगन्ज र पप्पु कन्स्ट्रक्सन, पोखरियाबीच सम्झौता भएको थियो। सम्झौतापछि बबई पुल निर्माणको प्रारम्भिक चरणदेखि अन्तिम चरणसम्म निर्माण अवधिमा संलग्न सबै प्राविधिक कर्मचारीबाट लापारबाही भएको आयोगको दाबी छ।

यसरी भएको त्रुटिपूर्ण कार्यलाई स्वीकार गरी गुपचुपरूपमा काम गरेको, फिल्डको नाँपजाँच हचुवाको भरमा गरेको आरोपपत्रमा उल्लेख छ। आयोगले रौनियारविरुद्ध १९ करोड ३२ लाख २५ हजार ६ सय ९५ रुपियाँ र उनका छोरा तथा पप्पु कन्स्ट्रक्सनको हालका अध्यक्ष सुमितविरुद्ध १९ करोड ३२ लाख २५ हजार ६ सय ९५ रुपियाँ बिगो दाबी गरिएको छ।

त्यस्तै आयोगले डिभिजन सडक कार्यालय नेपालगन्जका तत्कालीन डिभिजन प्रमुख भानु जोशी, मनोज श्रेष्ठ र राजेशकुमार तथा एभरेस्ट इन्जिनियरिङ कन्सल्टयान्टका प्रोपाइटर कृष्णदेव यादवविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गर्दै बिगो माग गरेको छ।

तत्कालीन डिभिजन प्रमुख जोशीसँग १ करोड ९७ लाख १३ हजार ४ सय ३७, श्रेष्ठसँग ९ करोड २४ लाख २४ हजार ९९, यादवसँग ३ करोड १४ लाख १८ हजार ९ सय ७ र एभरेस्ट इन्जिनियरिङ कन्सल्टयान्टका प्रोपाइटर यादवसँग १ लाख ४१ हजार २ सय ५० रुपियाँ बिगो माग गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)




# नेकपाभित्र विवाद चुलिँदै

मधुसूदन रायमाझी, काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीभित्र पार्टी एकताको प्रक्रियालाई लिएर शुरू भएको विवाद मिलाउन अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहालबीच वार्ता शुरू भएको छ।

पार्टी एकताको प्रक्रियामा प्रदेशसभाको नेतृत्व चयनको विषयलाई लिएर वरिष्ठ नेता माधवकुमार नेपालले असन्तुष्टि जनाएपछि नेकपाभित्र विवाद चुलिँदै आएको छ। पार्टी एकीकरणमा भन्दा पनि शीर्ष नेताहरू पछिल्लो समय विदेश भ्रमणमा केन्द्रित भएपछि कार्यकर्तामा व्यापक रूपमा निराशा छाएको छ।

- ओली-प्रचण्डबीच वार्ता
- नेपाल र खनाललाई मनाउने विधि खोजिँदै
- शीर्ष नेता विदेश भ्रमणमा
- कार्यकर्तामा निराशा

शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको दुई अध्यक्षबीचको छलफलमा दशैंअगाडि नै जनसंगठनसहित सबै तहका कमिटीको एकता टुंगो लगाउने निष्कर्ष निकालिएको छ। दुवै अध्यक्षले पार्टी एकता प्रक्रियामा ढिलाइ भएको निष्कर्ष निकाल्दै कार्यकर्तामा निराशा बढ्न नदिन दशैंअगाडि नै एकता प्रक्रिया टुंगो लगाउन असोज २१ गते पार्टी सचिवालयको बैठक बोलाउने निर्णय भएको छ। प्रधानमन्त्री रहनुभएका अध्यक्ष ओली अमेरिकाबाट फर्किएपछि एकतालगायत मुलुकको अवस्थाबारे अध्यक्ष दाहालसँग समेत छलफल गर्नुभएको थियो।

दुवै अध्यक्ष यसबीचमा बाहिर रहेकाले सतहमा आएका पछिल्ला विवादका विषयमा छलफल भएको प्रचण्डका प्रेस संयोजक विष्णु सापकोटाले जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

हाउडे माया बोलको गीतले चलेपछि हाउडे मायाकै रूपमा पहिचान बनाएकी सिन्धुपाल्चोक त्रिपुरासुन्दरी गाउँपालिका धुस्कुनकी सिर्जना पछिल्लो समय स्टेज तताउने गायिकाअन्तर्गत पर्छिन्।





# हाउडे माया सिर्जना

रश्मी थापा

हाउडे*माया* गायिका सिर्जना खत्री यतिबेला नेपाली पप आधुनिक संगीतमा रुचाइएको नाम बनेको छ। विशेष गरी स्टेजमा बिन्दास पारामा गीत गाएर प्रस्तुत हुने उनी आफ्नो फरक शैलीको गीत र प्रस्तुतिकरणकै कारण दर्शकको नजर र आयोजकको मागमा पर्छिन्।

लोकपप गीतमा फरक शैली प्रयोग गरेर बनाइएका उनका गीतका फ्यानहरू पछिल्लो समय बढीरहेका छन्। *हाउडे माया* बोलको गीतले चलेपछि *हाउडे मायाकै* रूपमा पहिचान बनाएकी सिन्धुपाल्चोक त्रिपुरासुन्दरी गाउँपालिका धुस्कुनकी सिर्जना पछिल्लो समय स्टेज तताउने गायिकाअन्तर्गत पर्छिन्। केबल ३ वर्षअघि मात्र गायनमा आएकी उनी छोटो समयमै नाम कमाउने गायिका बन्न पुगेकी छिन्। 'स्कुलमा हुने सांस्कृतिक कार्यक्रममा भाग लिइहाल्थें। गीतहरू पनि पहिलेदेखि नै लेख्थें, कार्यक्रममा नाच्ने पनि गर्थें। त्यसकारण स्कुलमा केही कार्यक्रम हुन लाग्यो भने गीत लेख्ने र संयोजन गर्ने जिम्मा मलाई नै आउँथ्यो।' एसएलसीपश्चात गायनमा लाग्ने सोचले काठमाडौं अँएकी उनी आफ्नो बाल्यकाल सम्झँदै भन्छिन्- 'स्कुल पढ्दै गर्दा मेरो दाइ नवराज खत्रीले लोकगीत निकाल्नुभएको थियो। उक्त गीत क्यासेटमा सुनेपछि भने मलाई पनि गायिका हुन पाए हुन्थ्यो भन्ने भित्री रहर जागेको थियो। बुबाआमा र दाइहरूले गाउँमै बसेर पढाइ र जागीर गर्न भन्नुहुन्थ्यो। तर मलाई भित्रैदेखि गायनमा रुचि भएको कारणले काठमाडौंमै पढ्छु भनेर एसएलसीपछि काठमाडौं आएँ।'

काठमाडौं अँएपछि कलेज अध्ययनका साथै हिमालय टेलिभिजनमा *पाठशाला* नामक कार्यक्रममा सञ्चालिकाको रूपमा काम गरेपछि संगीत सिक्न थालेकी सिर्जनाले संगीत सिक्दाको अनुभव सुनाइन्- 'संगीतकार राजकुमार बगर दाइलाई मैले फेसबुकमार्फत कुरा गरेर संगीतमा रुचि भएको बताएकी थिएँ। उहाँले त्यसो भए भोकल टेस्ट गरौं न त भन्नुभयो र उहाँको स्टुडियो गएर एउटा लोकगीत सुनाएँ। उहाँले स्वर राम्रो छ संगीत सिके हुन्छ भन्ने सल्लाह दिनुभयो। शुरूमा श्रुती संगीत विद्यालयमा सिकें भने त्यसपछि गुरुदेव कामत, नरहरी प्रेमीजस्ता गुरुहरूसँग संगीत सिकें। संगीत सिकेको लामो समयपछि मात्र गीत रेकर्ड गराएँ। बजारमा आएको पहिलो गीत *हाउडे माया*बाट नै मैले सिर्जना खत्री भनेर चिनिन पाएँ। यसरी हेर्दा आफूले गरेको मेहनतको फल पाइरहेको छु भन्ने महसुस भएको छ। शुरूमा गीतसंगीतमा लागेको कुरा घर परिवारलाई मन नपरे पनि आफ्ना गीतहरू बजारमा आइसकेपछि घरपरिवारबाट राम्रो सपोर्ट पाइरहेकी छु।'



हालै मात्र सिर्जनाले *नौटंकी माया* बोलको नयाँ गीतको म्युजिक भिडियो सार्वजनिक गरेकी छिन्। गीतमा शब्द तथा संगीत उनकै रहेको छ भने उनलाई मिस्टर आर्जेले गायनमा साथ दिएका छन्। प्रायः आफ्ना गीतमा आफैं शब्द लेख्ने र संगीत कम्पोज गर्ने तथा म्युजिक भिडियोमा आफैं पनि मोडलिङ गर्ने उनका यसभन्दा अघिका *हाउडे माया, शिरमा सिन्दुर, लाहुरे मायामा* उनकै शब्द तथा संगीत रहेको छ भने *मिठो बोली* बोलको गीतमा मनोजराज सिवाकोटीको संगीत र उनको शब्द रहेको छ।

'अहिले गीतको भिडियो बनाउँदा कम्तिमा पनि एक डेढ लाखभन्दा बढी नै पर्छ। मैले अहिलेसम्म गीतको भिडियोमा कम्प्रोमाइज गरेको छैन। सकेसम्म क्वालिटीको भिडियो बनाइरहेकी छु। पहिलो गीतको भिडियो निर्माण गर्दा त फाइनान्सबाट ऋण नै लिएको थिएँ। पछिल्लो समय भने स्टेज कार्यक्रम तथा विदेशका विभिन्न कार्यक्रममा गइरहेकी छु। जसले गर्दा केही सजिलो भएको छ। अहिले आफ्नो युट्युब च्यानलबाट नै भिडियो रिलिज गरिरहेकी छु। यसबाट पनि केही कमाइ हुन्छ। केही अघिसम्म त संगीतमा आफ्नो भविष्य कस्तो होला भन्ने कुराले डर पनि लाग्थ्यो' -उनी भन्छिन्। सृजना सांगीतिक प्रस्तुतिको लागि मलेसिया सिंगापुर, दुबई, जापानजस्ता देश पुगेकी छिन्।

'शुरूदेखि नै मैले आफ्ना गीतमा सकरात्मक प्रतिक्रिया पाउँदै आइरहेकी थिएँ। पछिल्लो समय निस्केको गीत नौटंकी मायालाई पनि दर्शकले माया गरिरहनुभएको छ। गीतलाई लिएर राम्रो प्रतिक्रिया आइरहेको छ। मेरा गीतहरू नाच्न मिल्ने र सकरात्मक सन्देश बोकेका हुन्छन्', सिर्जना भन्छिन्- 'नाच्न मिल्ने गीत भएकाले यी गीतहरू स्टेजमा निकै रुचाइन्छन्। करिअरको शुरूमा त स्टेज चढ्दाखेरी कामिन्थ्यो पनि, डर लाग्थ्यो। तर अहिले कन्फिडेन्ट बढ्दै गएपछि त स्टेजमा चढेपछि छुट्टै इनर्जी आउँछ। मेरो काम यही हो भन्ने हुन्छ र सकभर राम्रैं पर्फमेन्स दिने कोशिस गर्छु।' सिर्जना स्टेजमा गीत गाउन उक्लिएपछि उनको पहिरनदेखि प्रस्तुतिका कारण दर्शक आकर्षित हुन्छन्, हुटिङ पनि गर्छन्। 'स्टेजमा गीत गाउँदा मैले लगाउने कपडा र प्रस्तुति शैलीलाई लिएर नेगेटिभ कमेन्ट पनि आए। तर म नर्मल र सिम्पल छु। मेरो प्रस्तुति भड्किलो हुँदैन, प्रस्तुति दिने भनेको कार्यक्रमको माहोलअनुसार हो। कुनै ठाउँमा साडी चोली लाएर पनि गीत गाएकी छु भने कुनै ठाउँमा त्यहाँको माहोल हेरेर ड्रेसअप गर्छु', सिर्जनाको भनाइ छ- 'मेरो विचारमा ठाउँ र माहोलअनुसार ड्रेसअप गर्दा ठीक हुन्छ जस्तो लाग्छ।' सिर्जना जस्तोसुकै व्यस्तताका बीच पनि रियाज छोड्दो रहिनछिन्। भन्छिन्- 'अहिले पनि म्युजिक क्लास लिइरहेकी छु। हरेक दिन बिहान वा बेलुका रियाज गर्छु। फ्री टाइममा गीत लेख्न रुचाउँछु।'




## सुटिङ सेट




अभिनेत्री रूपा राना *मेरो आफ्नो* नामक फिल्मको सुटिङ सेटमा।

# PAGE3

## रेकर्डिङ

गायिका दुर्गा खरेल र संगीतकार अर्जुन पोखरेल विपिन किरणको शब्दमा नयाँ गीत रेकर्ड गराउँदै।



# कात्तिकमा पुकारको गुनगुन



अभिनेता पुकार भट्टराईद्वारा निर्देशित फिल्म *गुनगुन* आगामी कात्तिक ३० गते अल नेपाल रिलिज हुने भएको छ।

सामाजिक प्रेमकथामा आधारित फिल्म अभिनेता भट्टराईले पहिलोपटक निर्देशन गरेका हुन्। प्राथना फिल्म्सको प्रस्तुतिमा बनेको फिल्ममा सञ्चिता लुईंटेल, रवीन्द्र प्रताप सेन, सुवास मेचे, नवीन श्रेष्ठ, गणेश जिसी, देशभक्त खनाल, अनु भण्डारी, सुमेश श्रेष्ठ, राधा दाहाल, भीम मैनाली, बालदीप राई, विपिन प्रसाईं र निर्देशक भट्टराई प्रमुख भूमिकामा छन्। हिमाल केसीको द्वन्द्व, सौरभ लामाको छायांकन र अर्जुन जिसीको सम्पादन रहेको छ। अभिनेता तथा निर्देशक भट्टराईले कलाकारिताबाट सँगालेको अनुभवलाई *गुनगुन*मा निर्माता र निर्देशकका रूपमा प्रयोग गरेको बताए। उनले यसअघि केही सर्ट फिल्म र भाषाभाषीको फिल्म भने निर्देशन गरिसकेका छन्।

*गुनगुन*को हालै मात्र पोस्टर सार्वजनिक गरिएको छ। पोस्टरमा फिल्मका मुख्य पात्रलाई समेटिएको छ भने यसको कथासारलाई पनि झल्काउने प्रयास गरिएको छ।

# जन्मदिनमा गायक पोखरेलले विद्यार्थीलाई गरे सहयोग



हरेक वर्ष आफ्नो जन्मदिनको अवसरमा अनाथ, अपांग, वृद्धवृद्धा र असहायलाई सहयोग गर्दै आएका गायक सीताराम पोखरेलले यस वर्ष जन्मदिनको अवसरमा छात्र सरोज शाहलाई आर्थिक सहयोग गरेका छन्। पोखरेलले सीटीटीई कलेज तीनकुनेमा अध्यनरत सरोज शाहलाई १५ हजार रुपियाँ सहयोग गरेका हुन्।

श्रीमती रमा पोखरेल तथा सुविधाविहीनका लागि सीप र शिक्षाका अध्यक्ष सुधालाल मुल्मी, कार्यक्रम व्यवस्थापक मनोहर कार्कीको उपस्थितिमा पोखरेलले रकम सहयोग गरेका हुन्।

# दाहालको दशैं गीत



रुकुम, (नेस)। पत्रकार धनवीर दाहालको शब्दमा मार्मिक *दशैं तिहार गीत* सार्वजनिक गरिएको छ। गीतमा विदेशिएका नेपालीको पीडा र घरमा परिवारले पाएको दुःख समेटिएको छ।

चाडपर्वको बेला विशेष गरी परिवार जमघट भएर सुखदुःख साट्ने प्रचलन छ। यस्तो अवस्थामा पनि सँगै नहुँदा परिवार र विदेशमा रहेकालाई कस्तो अनुभव हुन्छ भन्ने भावनामा गीत लेखिएको दाहालले बताए। भावना म्युजिक सोलुसनको प्रस्तुतिमा सीता धितालको प्रस्तुति रहेको दशैं तिहार गीतमा लोकगायक अमितबाबु रोका र गायिका सन्ध्या बुढा (काउली बुढी) ले स्वर दिएका छन्। रेमो याज रैन घर्तीमगरको लयमा रहेको गीतको म्युजिक भिडियोमा दिलिप उपाध्याय, भुवन चौधरी, जुना गुरुङ, दीपिका बानियाँलगायतले अभिनय गरेका छन्। गीतको भिडियो म्युजिक नेपालको युटुब च्यानलबाट सार्वजनिक गरिएको हो। भिडियोको निर्देशन कपिल लामाले गरेका छन्।

Q's Cinemas
T: 4169201 / 4169202
9801169201
W: www.qscinemas.com
facebook.com/qscinemas
Rising Mall, Durbarmarg
Free Refreshment On Every Ticket
Type QC and send to 32200 for show time
Q's day
Q's Premium Rs. 350/-
Q's Audi Rs. 200/-
3D
Now Showing









Q's Audi : Venom 3D 11:00 AM 03:30 PM 05:45 PM 08:00 PM
Q's Premium : Andhadhun 11:30 AM 05:00 PM 07:30 PM Venom 02:15 PM

सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
Kamana Film Awards

कामना फिल्म अवार्ड्स् २०७५
मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO - SPONSORS:
Pashupati BISCUITS
Norvic INTERNATIONAL HOSPITAL

OFFICIAL DRINK: GOLDEN OAK
OFFICIAL BANK: Prabhu Bank
RED CARPET: YETI PVC FLOORING
OFFICIAL VEHICLE: SUZUKI

SUPPORTED BY:
सीताराम
TVS NTORQ 125
NEPAL LIFE INSURANCE CO. LTD.
WOW POPCORN

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३७७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३७७२२ मा पठाउनुहोस्।





विधाः सर्वोत्कृष्ट चलचित्र
ब्लाइन्ड रक्स (KFA 1A)
घामपानी (KFA 1B)
कृ (KFA 1C)
लीली बीली (KFA 1D)
शत्रु गते (KFA 1E)

विधाः सर्वोत्कृष्ट निर्देशक
दीपाश्री निरौला - छक्का पञ्जा २ (KFA 2A)
मिलन चाम्स - लीली बीली (KFA 2B)
नवल नेपाल - मंगलम (KFA 2C)
प्रदीप भट्टराई - शत्रु गते (KFA 2D)
सुरेन्द्र पौडेल - कृ (KFA 2E)

विधाः सर्वोत्कृष्ट अभिनेता
दीपकराज गिरी - छक्का पञ्जा २ (KFA 3A)
दयाहाङ राई - घामपानी (KFA 3B)
सौगात मल्ल - झ्यानाकुटी (KFA 3C)
अनमोल केसी - कृ (KFA 3D)
प्रदीप खड्का - लीली बीली (KFA 3E)
पुष्प खड्का - मंगलम (KFA 3F)

विधाः सर्वोत्कृष्ट अभिनेतृ
बेनीषा हमाल - ब्लाइन्ड रक्स (KFA 4A)
मेनुका प्रधान - शेरबहादुर (KFA 4B)
नीता ढुंगाना - पञ्चायत (KFA 4C)
प्रियंका कार्की - शत्रु गते (KFA 4D)
सारा सिरपाली - पिंजडा ब्याक अगेन (KFA 4E)
शील्पा पोखरेल - मंगलम (KFA 4F)

विधाः सर्वोत्कृष्ट खलपात्र
अनुपविक्रम शाही - कृ (KFA 5A)
विपीन कार्की - नाका (KFA 5B)
प्रशान्त ताम्राकार - ऐश्वर्य (KFA 5C)
पुकार भट्टराई - पिंजडा ब्याक अगेन (KFA 5D)
रमेश रञ्जन झा - संरक्षण (KFA 5E)

विधा : सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा २ (KFA 6A)
जयनन्द लामा - छक्का पञ्जा २ (KFA 6B)
बुद्धी तामाङ - दुई रूपैंया (KFA 6C)
राजाराम पौडेल - म यस्तो गीत गाउँछु (KFA 6D)
शिवहरी पौडेल - शत्रु गते (KFA 6E)

विधाः सर्वोत्कृष्ट संगीतकार
बसन्त सापकोटा -
मलाई आँखामा/ए मेरो हजुर २ (KFA 7A)
अर्जुन पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 7B)
हरी लम्साल -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 7C)
राजनराज शिवाकोटी -
कुटुमा कुटु/दुई रूपैंया (KFA 7D)
दीपक शर्मा -
पर्ख पर्ख/मंगलम (KFA 7E)

विधाः सर्वोत्कृष्ट पार्श्वगायक
कालीप्रसाद बास्कोटा -
ओडौंला पिरतीको/शत्रुगते (KFA 8A)
कृष्ण काफ्ले -
पर्ख पर्ख/मंगलम (KFA 8B)
सुगम पोखरेल -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 8C)
सुगम पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 8D)
स्वरूपराज आचार्य -
सम्झनाको सारंगी/संरक्षण (KFA 8E)

विधाः सर्वोत्कृष्ट पार्श्वगायिका
अञ्जु पन्त -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 9A)
बानिका प्रधान -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 9B)
विन्दु परियार -
पर्ख पर्ख/मंगलम (KFA 9C)
मेलिना राई -
कुटुमा कुटु/दुई रूपैयाँ (KFA 9D)
मीना निरौला -
रूपै मोहनी/शत्रु गते (KFA 9E)

विधा : सर्वोत्कृष्ट नवअभिनेता
सलीनमान बानीया - ए मेरो हजुर २ (10A)
स्वरूपपुरूष ढकाल - छक्कापञ्जा २ (10B)
आशीरमान देशराज श्रेष्ठ जोशी - ग्याङस्टर ब्लुज (10C)
सुरज पाण्डे - लभ लभ लभ (10D)
शारूक ताम्राकार - रानी (10E)

विधा : सर्वोत्कृष्ट नवअभिनेतृ
अदिती बुढाथोकी - कृ (11A)
दिपीका प्रसाईं - ऐश्वर्य (11B)
जसिता गुरूङ - लीली बीली (11C)
सारा सिरपाली - रूद्र (11D)
सीपोरा गुरूङ - भुइँमान्छे (11E)

विधा : सर्वोत्कृष्ट नवनिर्देशक
झरना थापा - ए मेरो हजुर २ (12A)
नवराज बुढाथोकी - भुइँमान्छे (12B)
घामपानी - दिपेन्द्र लामा (12C)
पुर्णेन्दु झा - संरक्षण (12D)
आर. राजवंशी - शेरबहादुर (12E)

विधा : सर्वोत्कृष्ट सहअभिनेता
सलोन बस्नेत - ए मेरो हजुर २ (13A)
जितु नेपाल - छक्का पञ्जा २ (13B)
प्रमोद अग्रहरी - संरक्षण (13C)
शिवहरि पौडेल - शत्रु गते (13D)
रवीन्द्र झा - शेरबहादुर (13E)

विधा : सर्वोत्कृष्ट सहअभिनेतृ
अनु शाह - कान्छी (14A)
वर्षा राउत - छक्का पञ्जा २ (14B)
मिथिला शर्मा - आधा लभ (14C)
रोजिसा शाही - ग्याङस्टर ब्लुज (14D)
रूपा राना - कृ (14E)

# साहित्य

साहित्य त्यस्तो रचनालाई भन्छौं, जसमा कुनै सत्यता प्रकट गरिएको होस्, जसको भाषा खारिएको, परिमार्जित र सुन्दर होस्।

– प्रेमचन्द

ज्ञानका सबै हाँगाहरूमध्येको सर्वाधिक प्राचीन हाँगा काव्य हो।

– सर फिलिप सिड्नी

# कुपात्रहरूका रूप

मोहन दुवाल

पात्र नं. १ :

कृष्णकुमार आफू केही गर्दैन तर गर्नेहरूको खोइरो खन्न सधैँ मन पराइरहन्छ। घर हेर्न फुर्सद बनाउन गाह्रो कृष्णकुमारलाई समाज हेर्न कहाँ समय पाउनु ? स्वास्नीको अप्ठ्यारो मुख हेर्दै घरको शासन गर्नुपर्ने उसलाई छोरा-छोरीहरूमा पनि समानता बाँड्न निकै मुस्किल परिरहेको सन्दर्भ ऊ टोल-छिमेकीहरूलाई सुनाउने गर्छ। तर पनि ऊ कसैको पर्वाह नगरी आफ्नै घमण्डमा बाँच्न खोज्छ। मैले गरेँ, धेरै गरेँ परिवारका लागि भन्दै आफ्नो बर्कत देखाउन रुचाउने कृष्णकुमारलाई छोराछोरी, बुहारी सबैले हेप्न थालेपछि मनमा धिक्कार बोध महसुस भए पनि बाहिरफेर आफूलाई देखाउन हाँसेर बाँच्न खोज्छ।

आज कृष्णकुमार आफूलाई सम्झेर आफूलाई आफूभित्र खोजिरहेछ- 'म कता खोज्न जाऊँ। मैले परिवारजनका लागि जीवन दिएँ। तर उनीहरू मलाई सस्तो सम्झेर अनर्थ सम्झिरहेछन्। कस्तो विडम्वना ! म सिर्फ व्यक्तिवादी भएको कारणले आज मलाई सामाजिक मान्यताले पनि गिज्याइरहेछ। धिक्कार छ मेरो बाँच्नुको अर्थ ! मैले मेरो अर्थ बुझ्न सकिनँ। म मान्छे भएर पनि बेअर्थको मान्छे बाँचिरहेछु।'

कृष्णकुमार आज सन्दर्भमा सोचिरहेछ- 'सामाजिक मान्यतामा बाँच्न नसक्नेहरू मजस्तै बेतुकले बेअर्थ बोकेर बाँचिरहनुपर्छ।' आज कृष्णकुमार आफू मान्छे भएर पनि मान्छे हुन नसक्नुका कारणहरू सोधिरहेछ आफैंसँग।

पात्र नं. २ :

रामकुमार स्वार्थमा आफूलाई घुलमिल गर्न सक्षम मान्छे। शक्तिको पूजारी ऊ, जोसँग शक्ति छ ऊसँग भक्ति गर्न सिपालु व्यक्ति। मौसमअनुसार आफूलाई बदल्न सिपालु र मान्छेअनुसारको व्यवहार गर्न दक्ष र सिपालु छ ऊ। 'हो, हजुर, हजुरको के वर्णन गर्ने खोई ? शब्द नै छैन हजुर ! तपाईंको प्रशंसा गाउन।' शक्तिशालीहरूको यस्तै खालले बयान गर्न धूर्त ऊ मान्छेअनुसार हात मोल्न सिपालु छ। सधैँ यस्तै व्यवहार गर्दै रम्न सिपालु ऊ एकदिन एकजना मान्छेलाई यस्तै खालको चाटुकारिताले भरिपूर्ण आफ्ना लवजहरू सुनाउँदै गर्दा उसको चाप्लुसी देखेर छक्क पर्दै त्यो मान्छेले भनेछ- 'के तपाईंले मप्रति देखाउनुभएको सदासयता साँच्चीकै तपाईंको अपनत्वको अभिव्यक्ति हो ? मैले त तपाईंको भावना र बचनमा शुद्धता देखिनँ।'

रामकुमार चाप्लुसी दल्दै भन्छ- 'होइन हजुर तपाईंको म कसरी वर्णन गरुँ ? तपाईंजस्ता मान्छेहरू पाउन गाह्रो मात्र होइन, मलाई लाग्छ- तपाईंजस्तो मान्छेहरू छँदै छैनन्।'

चाप्लुसीको हद नाघेको कुरा सुनेपछि त्यो मान्छेले बम्किँदै भनेछ- 'छोड्नुस् तपाईंका यी फोस्रा कुराहरू। तपाईं त असल र खराब दुवैलाई हिजोजस्तै आज पनि सबैलाई सुन्दर भनिरहनुहुन्छ। के तपाईंको अर्थ छ र ?' रामकुमार मुख छोपेर त्यस मान्छेको कुरामा प्रतिवाद गर्दै भन्छ- 'हो, म असल र खराब दुवैलाई पो समान देखिरहेछु।'

पात्र नं. ३ :

'म राम्रो छु। म सुन्दर छु। मैले धेरै राम्रो गरेँ। मैले सुन्दर कार्यहरू गरेँ।' यस्तै भावनाहरू अरूलाई बताउँदै मोहनकुमारले भनिरहँदा उसको कुरा सुनेर हरिभक्त मज्जाले हाँस्यो। हरिभक्त हाँसेको हेरेर मोहनकुमार जङ्ग चलाउँदै भन्छ- 'हाँस्नुको पनि अर्थ हुन्छ ? तिमी किन बेअर्थले हाँसेको ? हाँस्नुको मज्जा के हो ? तिमीले हाँसेर आफूलाई के देखाउन खोजेको ?'

हरिभक्त पुनः हाँसेर आफ्नो हँसाइको अर्थ यसरी बताउने गर्छ- 'म तिमीजस्ताहरू देखेर हाँसिरहेछु। म बेअर्थमा होइन, बेअर्थमा बाँच्न रुचाउने मान्छेहरू हेरेर पो हाँसिरहेछु।' उसको कुरा सुनेर मोहनकुमार भनिरहेछ- 'हाँस्नुको मज्जा नै अर्को, जो हाँस्छन् ऊ बाँच्छन्।'

पात्र नं. ४ :

आफ्नै मात्र प्रशंसा रुचाउने र अर्काको प्रगतिमा डाह गर्ने कृष्णबहादुर सधैँ अरूलाई भन्ने गर्छ-'मलाई के दु:ख ! सबैथोक पुग्दो छ। ठूला-ठूला घरहरू, खेत-खलियानलगायत थुप्रै नोकरचाकर पालेको छु। मलाई यस ठाउँमा कसले सक्नु ?' उसका कुरा सुन्दासुन्दै टोल-छिमेकीहरू सबै हैरान छन्। मुख बाइहाल्नासाथ आफ्नै प्रशंसामा कुरा फुकाउने उसको स्वभावलाई एकदिन टोलकै एकज चेतनशील युवाले उसलाई हाँक दिँदै भन्यो- 'तपाईंसँग भएर के गर्नु ? समाजलाई तपाईंले के योगदान गर्नुभएको छ ? तपाईं समाजका लागि अर्थहीन मान्छे हुनुहुन्छ। तपाईं बाँचेको के सार्थक छ र ?'

कृष्णबहादुरलाई बसी खप्नुभएन अनि ऊ पनि बम्कियो- 'मलाई समाज बुझाउनुपर्दैन। तिमीजस्ता परिवार बनाउन नसक्नेहरू त समाजको कुरा गर्छन्। समाज राम्रो भएर के गर्नु ? आफू राम्रो हुन नसक्नेहरू समाज राम्रो बनाउन खोज्छन्। बडो आदेश दिने मलाई ?'

'हो, तपाईं बाँच्नुहोस्, कुकुर-बिरालाजस्तै आफैंमात्र खाएर बाँच्नुहोस्। मान्छेको अर्थ थाहा नपाउनेहरू तपाईंजस्तै त बाँच्छन्।' कृष्णबहादुर झसङ्ग हुँदै के कुरा गरेको यसले ?' भनी मनमा कुरा खेलाउँदै त्यस युवातिर ट्वाल्ल परेर हेर्छ।

पात्र नं. ५ :

चन्द्रताराको फूर्ति सहिनसक्नु भएको छ। जहाँ गए पनि ऊ लोग्नेको बखान गर्छे। चन्द्रताराको श्रीमान् जगतप्रसाद साहित्य क्षेत्रमा लागेको धेरै भएको छैन। फाट्टफुट्ट पत्रपत्रिकामा लेख-रचना प्रकाशित हुँदा श्रीमान्ले सुनाइदिने लेखहरू सुनेर चन्द्रतारा दङ्ग पर्छे। श्रीमान्को नाम कसै-कसैले उच्चारण गरिदिँदा ऊ मख्ख पर्छे। धन्य सम्झिन्छे ऊ आफ्ना श्रीमान्को नाम चम्किएको सुनेर। जहाँ-जहाँ ऊ जान्छे, श्रीमान्को वकालत गर्दै पुरस्कृत हुनुपर्ने धारणा राख्छे। एकदिन एकजना ख्यातिप्राप्त लेखकका अगाडि चन्द्रताराले आफ्ना श्रीमान्को गुणगान गर्दै सम्मानित गर्नुपर्ने धारणा राखेपछि ती लेखक दङ्ग पर्दै भन्छन्- 'लेख्दै जानुपर्छ, प्रवाहित हुँदै गएपछि आफूले माग्नु नै पर्दैन, पुरस्कार, सम्मान, अभिनन्दन त घरमा नै पुर्‍याइदिन्छन्।'

यस खालको कुरा सुनेपछि दिक्क भएर चन्द्रताराले एकदिन श्रीमान्लाई आफ्नो कुरा सुनाउँछे- 'भो पर्दैन लेख्न। त्यतिको लेखिसकेपछि पनि केही पाइँदैन भने किन लेख्ने ? बरु अरू काम खुरुखुरु गर, पैसा त कमाइन्छ।' श्रीमतीको कुरा सुनिसकेपछि जगतप्रसाद माया लाग्दो गरी आफ्नो कलम, कपी र पुस्तकहरू पुलुक्क हेर्दै भन्छन्- 'पुरस्कार, सम्मानका लागि लेख्ने होइन नि लेख-रचनाहरू। आफ्नो अनुभूति पो पोख्ने हो।' चन्द्रतारा लोग्नेतर्फ ठूला-ठूला आँखा तरी बम्किँदै बोल्छे- 'कस्तो वाहियात काममा हात हालेछौ तिमीले ! यस्तो थाहा पाएको भए म विवाह नै गर्दैनथें।'

पात्र नं. ६

लोभी मान्छेको मन र आँखा लोभले ग्रस्त देखिँदो रहेछ। अन्तिम श्वास गन्दै गरेका हेराकाजी आज पनि आफ्नो सेफको साँचो खेलाउँदै छन्। घरी सास फेर्दै, घरी तकियामुन्तिरको साँचो छुँदै बाँच्न संघर्षरत हेराकाजी आज किन-किन फेरिएको जस्तो देखिन्छन्। निभ्न्न लागेको बत्तीझैं धपक्क बल्न खोजेको हो कि क्या हो ? बुझ्न नै गाह्रो भयो आज हेराकाजीको रूपरङ्ग !

सुतिरहेको बिछ्यौनाबाट जुरुक्क उठ्दै आज हेराकाजी छोरानातिहरूलाई आफ्नो लोभको पर्दाफास गर्दै भन्छन्- 'मैले लोभ कति गर्ने ? लोभले गर्दा इच्छाइएको खानेकुरासमेत खाइनँ। मलाई मासु खाने कस्तो रहर ! मलाई घिउभात खाने कस्तो सोख ! तर लोभले गर्दा मैले खान पाइनँ। म आज मासुभात, घिउभात अवश्य खान्छु-खान्छु, ल मलाई कसले छेक्छ ?'

घिउभात, मासुभात खाने उनको रहरलाई परिवारजनले पूर्ति गरिदिए। उनले मनग्य खाए। एकैछिन्मा लोभी हेराकाजीका आँखाहरू टिलिपलाएजस्तो, शरीर सबै शिथिल हुँदै ढलपल-ढलपल हुँदै गरेजस्तो भयो। अन्तिममा अप्ठ्यारो ढङ्गले श्वास छोड्दै हेराकाजी रुन्चे स्वरमा भन्छन्- 'हरे शिव ! मैले केही गर्न सकिनँ, अब ढल्नुबाहेक उपाय नै के रह्यो र ?' एकैछिन्मा वातावरण सुनसान हुन्छ, हेर्दाहेर्दै हेराकाजी आफ्नो लोभसँगसँगै ढल्छन्।

## पतञ्जलि-४

प्रा.डा. विष्णुराज आत्रेयको ऐतिहासिक उपन्यासको धारावाहिक शृङ्खला

# आयुर्वेद विद्याको आवश्यकता

हिमवत् देश आर्यावर्त्तका गिरि-उपगिरिमा बस्ने जनसमुदायले नयाँ-नयाँ रूपमा उत्पन्न भइरहने रोगहरूबाट आफ्नो बचाउ गर्न अरण्य निवासी ऋषिमुनिहरूलाई गुहारे। तिनका गुनासा सुनेका ती ऋषिमुनिहरूले उनलाई निकट भविष्यमै यसको केही उपाय गर्ने आश्वासन दिएर तिनीहरूलाई बिदा गरे।

ती लोकोपकारी ऋषि-महर्षिहरू भने ती दु:खी मानवका दुखेसा सुनाउन र त्यसको कुनै समाधान निकाल्न महर्षि अत्रिको आश्रम हिमालयतर्फ गए। आफ्ना पिता ब्रह्मासँग ब्रह्मसंहिता नामक चिकित्साशास्त्रको अध्ययन गरेका महर्षि अत्रिबाट नै यसको समाधान हुन्छ भन्ने कुरामा तिनीहरू विश्वस्त थिए।

तपोभूमि हिमालयको पाखामा अवस्थित खेचरपर्वत अर्थात् खप्तडमा महर्षि अत्रिको गुफा थियो। मानव मात्रलाई रोगव्याधिबाट मुक्ति दिलाउने उपायबारे छलफल गर्न खेचरपर्वत खप्तड शिखरको विशाल पाटनमा ऋषिहरूको जमात आएको देखेपछि महर्षि अत्रि गुफाबाट बाहिर आए। त्यहाँ जम्मा भएकाहरूमा अगस्त्य अि□रा, अभिजित्, असित, आश्वरथ्य, आश्वलायन, कपिञ्जल, कश्यप, कुशिक, कौण्डिन्य, गार्ग्य, गालव, गौतम, च्यवन, जैमिनि, धौम्य नारद, भृगु, भार्गव, पुलस्त्य, बादरायण, मरीचि, मैत्रेय, वशिष्ठ, विश्वामित्र, शौनक, साङ्कृत्यायन, सांख्य आदि ऋषि-महर्षिहरू थिए। हिमवत् देशमा भएको त्यस भेलामा सबै ऋषिमुनिहरूले आफ्ना दुवै हात जोड्दै अत्रिलाई भने- 'महर्षे ? धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थको उत्तम साधन आरोग्य नै हो। रोगले मनुष्यको आरोग्यलाई मात्र होइन, कल्याण र जीवनको समेत हरण गर्दछ। अहिले जनजीवन दिनहुँ उत्पन्न हुने नयाँ-नयाँ रोगबाट उत्पीडित छ। यसको समाधान गर्ने उपाय के होला ? आज हामी यहाँ जम्मा हुनुको उद्देश्य यही हो। के गर्दा यस समस्याको समाधान हुन्छ ? तपाईं नै आज्ञा होस्।'

सबैको अनुरोध सुने पछि महर्षि अत्रिले ध्यानस्थ भएर दिव्यदृष्टिले यसको समाधानबारे विचार गरे। एकछिन्पछि ध्यानबाट जाग्दै उनले भने- 'अहिले आयुर्विज्ञानको नयाँ प्रविधिका जानकार स्वर्गमा देवराज इन्द्र छन्। तिनले आफ्ना लोकका जनतालाई आयुर्वेद चिकित्सा पद्धतिद्वारा निरोग गराएका छन्। यो विद्या पहिले ब्रह्माले दक्षप्रजापतिलाई सिकाएका थिए। दक्षप्रजापतिले अश्विनीकुमारलाई र अश्विनीकुमारले पनि इन्द्रलाई सिकाएका हुन्। अहिले अश्विनीकुमारहरू पनि स्वर्गमा देवताका चिकित्सक भएर कार्य गरिरहेका छन्। अब हामीले तिनै इन्द्रका सामु गएर उनलाई अनुरोध गरी उनीबाटै आयुर्वेद विद्या प्राप्त गरेर त्यसलाई मनुष्यलोकमा ल्याउनुपर्दछ अनि त्यसको प्रचारप्रसारद्वारा लोकको कल्याण गर्नुपर्दछ।'

त्यहाँ बसेका सबलै यसै कुराको अनुमोदन गरे। ऋषिहरूलाई आयुर्वेद सिक्न इन्द्रलोक पठाउने प्रस्ताव त्यस सभाले सर्वसम्मतिबाट पारित गर्‍यो।

क्रमश:

## पुस्तक चर्चा

# 'मेरो घाम'भित्र उज्यालोको खोजी




ज्ञानू अधिकारी

सूर्यप्रसाद लाकोजू समकालीन नेपाली साहित्यका क्रियाशील साहित्यकार हुन्। छोटो समयमै साहित्यिक क्षेत्रमा पृथक पहिचान बनाएका लाकोजूको अठारौं कृतिको रूपमा मेरो घाम शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ। यस सङ्ग्रहमा ५३ वटा फुटकर कविता समावेश छन्। विभिन्न भावभूमिमा लेखिएका यी कवितामा कविहृदयको मर्मस्पर्शी आवाज कलात्मकरूपमा अभिव्यक्त भएका छन्। कविले अनुभूत गरेका अनुभूति र भोगाइहरूको अभिव्यक्ति सबैभन्दा प्रबलरूपमा आएका छन् भने बा-आमाप्रतिको श्रद्धाभाव, देश र माटोप्रतिको प्रेम, स्थानीय सांस्कृतिक सम्पदाप्रतिको चिन्ता अनि चासोका साथै देशको समसामयिक घटना-सन्दर्भ पनि कवितामा व्यक्त भएका छन्।

यसमा घाम अर्थात् सूर्यको विम्ब धेरै ठाउँमा आएको देखिन्छ। यहाँ कविले घामलाई चेतना, उज्यालो र क्रान्तिको प्रतिकका रूपमा प्रयोग गरेका छन्। कविले घामलाई शान्ति र समृद्धिको प्रतीकका रूपमा पनि प्रयोग गरेको देखिन्छ। देशमा घामरूपी समृद्धिको उदय भएपछि सारा गरिबी, शोषणजस्ता अन्धकार भागेर जाने भाव यस सङ्ग्रहका कवितामा पाइन्छ।

यसमा पाइने अर्को महत्वपूर्ण पक्ष आफ्ना अग्रज, अभिभावकहरूप्रति आदर र श्रद्धाभावको अभिव्यक्ति हो। आमा शीर्षकको कविताबाट प्रारम्भ भएर मेरा बा शीर्षकको कवितामा टुङ्गिएको यस सङ्ग्रहमा धेरै ठाउँमा आमा-बालाई सम्बोधन गरी लेखिएका कविता पढ्न पाइन्छ। आमाप्रतिको असीम श्रद्धा र प्रेमलाई अनेक विम्ब र प्रतीकका माध्यमबाट प्रकट गरिएका छन्। बाको विशालता र उदारतालाई सम्बोधन गर्दै कविले 'कठोर देखिने तिम्रो अनुहारभित्र मैले मायाको विशाल आकाश देखेको छु' भन्ने अभिव्यक्ति प्रकट गरेका छन्।

देशको समसामयिक सन्दर्भहरूलाई पनि अन्तर्वस्तु बनएको यस सङ्ग्रहका केही कवितामा भूकम्प र नाकाबन्दीको प्रभाव र यसले नेपाली जनतालाई पुर्‍याएको असरलाई समेत देखाइएको छ। यो पनि त लडाइँ हो शीर्षकको कवितामा भूकम्पलाई पृथ्वीको रौद्ररूप मान्दै यसले ल्याएको मानसिक सन्त्रास र पुर्‍याएको सांस्कृतिक सम्पदाको विनाशप्रति चिन्ता व्यक्त गर्नुका साथै सारा नेपालीले पुनर्निमाणको युद्ध लडेर जित्नुपर्ने भाव व्यक्त गरिएको छ। यसै गरी मेरो धरहरा, त्यो क्षण शीर्षकको कवितामा पनि भुइँचालो जाँदा र त्यसपछिको क्षणको अनुभूति तथा भोगाइलाई मार्मिक रूपमा अभिव्यक्त गर्दै धरहराप्रति संवेदनात्मक भाव र यसको अनुपस्थितिले ल्याएको रिक्तता अनि खिन्नतालाई व्यक्त गरिएको छ।

देशप्रेम र माटोप्रेम कवि लाकोजूको कवितामा पाइने अर्को विशेषता हो। केही कवितामा कविले आफ्नो दायित्वबोधसहित देशलाई प्रेम गरेका छन्। मेरो देश शीर्षकको कवितामा देशप्रेमले निथ्रुक्क भिजेको एउटा अनुभूतिको झोक्कालाई निकै कलात्मकरूपमा प्रस्तुत गरिएको छ भने मेरो माटो शीर्षकको कवितामा माटोलाई गर्व, श्रद्धा र भगवान्का रूपमा प्रस्तुत गर्दै माटो नै सर्वप्रिय प्राप्ति भएको भाव व्यक्त गरिएको छ।

प्रस्तुत सङ्ग्रहमा चार दर्जन कवितामध्ये केही कवितामा व्यङ्ग्यात्मक चेतनाको सफल प्रस्तुति पाइन्छ। खासगरी राजनीतिक नेता र कार्यकर्ताहरूको प्रवृत्तिलाई अन्तर्वस्तु बनाई लेखिएको कवितामा व्यङ्ग्यात्मक भाव अभिव्यक्त भएको छ। मेरो हजुर शीर्षकको कविता व्यङ्ग्यचेतले भरिएको प्रभावकारी कविता हो। यसमा नेताको अन्धभक्त र अन्धसमर्थकको विवेकशून्य क्रियाकलापको चित्रण गर्दै तीमाथि व्यङ्ग्य गरिएको छ। असुरक्षित घाम, बस्नुपर्छ मिलेर, पदको मान्छे जस्ता कवितामा राजनीतिका नाममा जनतालाई झुक्याउन, लेट्ने र स्वार्थलिप्सामा नै लीन हुने नेताहरूको क्रियाकलापमाथि असन्तुष्टि प्रकट गरिएको छ। जातीय विभेद, कागजमा मात्र सीमित भएका सिद्धान्तहरू, शहीदको सपनामाथि गरिएको व्यापारजस्ता विषय उठान गरी हरेक सचेत नेपालीलाई वर्तमानको वास्तविकताले पोलेको यथार्थतालाई कविले कविताका माध्यमबाट व्यक्त गरेका छन्।

समग्रमा प्रस्तुत सङ्ग्रहमा समेटिएका कविताले पछिल्लो समयको नेपाल र नेपालीको वास्तविकतालाई विम्बात्मक रूपमा प्रस्तुत गरेको छ। देशको राजनीति, सामाजिक, सांस्कृतिक पक्षका साथै मानवीय संवेदनाका विविध पक्षहरूलाई पनि विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ। जीवनवादी र आशावादी जीवनदृष्टि, अग्रजप्रतिको श्रद्धाभाव, देशप्रेम, विसङ्गतिप्रति असन्तुष्टि, राजनीतिमाथि व्यङ्ग्य, सांस्कृतिक र स्थानीय सम्पदाप्रतिको चिन्ता, आत्मिक प्रेमको अभिव्यक्ति, प्रकृति चित्रण आदि यस सङ्ग्रहका कवितामा पाइने मुख्य विशेषता हुन्। यस कृतिका कवितामा मानवीय संवेदनाको पोखरी छ र पाठक यसमा धित मर्ने गरी डुबुल्की मार्न सक्छन्। पवित्रता, स्वच्छता र समृद्धिको कामना गरी लेखिएका प्रस्तुत सङ्ग्रहका कविताले कवि लाकोजूको कवि-व्यक्तित्वलाई अझ बढी उचाइमा पुर्‍याएको छ।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

असोज २० देखि २६ गतेसम्म

**मेष** – साताको मध्यभाग धेरै उपलब्धिमूलक छ। आँटेका कामहरू पूरा होलान्। साथीभाइ-इष्टमित्रबाट राम्रै सहयोग पाइएला। खाद्यान्न प्राप्तिको सम्भावना छ। बौद्धिक क्षमताको प्रयोगले ठूलै काम बन्नेछ। सामान्य परिश्रमबाट राम्रै आम्दानी होला। तर साताको शुरूका दुई दिन राज्यका तर्फबाट डर, तिर्न बाँकी ट्याक्स तिर्न दबाब, मान-प्रतिष्ठामा कमी आउनेछ भने शुक्रबार चोटपटकको भय छ।

**वृष** – साताको मध्य अवधिसम्म दिनहरू हितकर छैनन्। पारिवारिक विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप, हुन लागेको काममा रोकावट हुने सम्भावना छ। तर बुधबारबाट भने दिनहरू शुभ छन्। सबै समस्या समाधान हुनेछन्। आर्थिक लाभ, पारिवारिक सुख-सन्तोष, शत्रुमाथि विजय, लेखाइ-पढाइमा सफलता, वाहनको इच्छा हुनेहरूलाई वाहन लाभको सम्भावना छ।

**मिथुन** – तपाईंका लागि यस साताको मध्यभाग सोमबार र मंगलबार त्यति राम्रो देखिँदैन। बाँकी दिनहरू शुभ फलदायक छन्। विविध वस्तु वा सेवाको प्राप्ति होला। आफ्नो बोली बिक्ने, कार्य सफल हुने, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। साथीभाइसँगको भेटघाट उपलब्धिमूलक हुनेछ। तर साताको मध्यभागमा भने अनावश्यक खर्च, स्वास्थ्य समस्या, चोटपटकको भय हुने देखिन्छ।

**कर्कट** – यो साताका दिनहरू मिश्रित फलदायक छन्। एक दिन राम्रो भयो भने अर्को दिन नराम्रो होला। त्यसैले राम्रो र नराम्रो भन्दा पनि धैर्यता र सतर्कता अपनाउनुपर्ने देखिन्छ। चोटपटक, विवाद, आर्थिक नोक्सानीको सम्भावना भएकाले यी कुरामा सावधानी रहनुहोला। सोमबार, मंगलबार र शुक्रबारका दिन कार्य सफल, मान-सम्मान, उपहारादि वस्तु प्राप्तिको सम्भावना छ।

**सिंह** – यो साता मिश्रित फलदायक छ। शुरूका दुई दिन शुभ छन्। कतैबाट नगद प्राप्त होला। मिष्ठान्न भोजनको अवसर मिल्ला। सोमबार र मंगलबार भने आर्थिक नोक्सानी, दुर्घटनाको भयका साथै विवादमा परिएला। त्यसपछिका दिनमा कतैबाट उपहार मिल्ला। काममा सफलता एवम् धनलाभ हुने सम्भावना छ। तर साताको अन्तिम दिन शुक्रबार भने मानसिक चञ्चलता र विनाकाममा खर्च हुनेछ।

**कन्या** – तपाईंका लागि साताको शुरू शुभ फलदायक छैन। राज्य सञ्चालकको भय, मान-प्रतिष्ठामा आघात, व्यापारिक असफलता, कष्टदायक यात्राको सम्भावना छ। तर सोमबारबाट भने दिनहरू शुभ छन्। स्वस्थताको महसुस हुने, आफ्नो व्यवसायबाट पर्याप्त आम्दानी हुने, गुम्न लागेको धन हात लाग्ने सम्भावना छ। त्यस्तै रोजगारीको अवसर मिल्ने, परीक्षामा सफलता हासिल हुने देखिन्छ।

**तुला** – साता मिश्रित फलदायक छ। आइतबारसम्म द्रव्यलाभ, पराक्रम, उन्नति-प्रगति, मान-सम्मानमा वृद्धि, ठूलै उपलब्धिको सम्भावना छ। तर सोमबार र मंगलबार परिवार-इष्टमित्रमा विवाद सृजना हुने, व्यर्थमा दौडधुप हुने, दिनचर्या अस्तव्यस्त हुनेछ। त्यसपछिका दिनहरूमा भने गरेका कामहरू सफल हुने, लगानीबाट लाभांश पाइने, व्यापारिक कारोबारबाट लाभ मिल्ने, खेल-परीक्षा आदिमा सफलता मिल्नेछ।

**वृश्चिक** – साताको धेरैजसो दिनहरू शुभ छन्। शारीरिक स्फूर्ति बढ्नेछ। गरेका कार्यहरू सफल हुँदा सुखानुभूति, हर्षविभोर हुनेछ। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। घरमा वा अन्यत्र भए पनि शुभकार्यममा सरिक भई मिष्ठान्न भोजन पाइनेछ। उपहारस्वरूप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्न सक्छ।

**धनु** – यो साता तपाईंका लागि मिश्रित फलदायक छ। आइतबारसम्म ग्यास्टिक, वायुजन्य रोगको सम्भावना र काममा असफलता हुने देखिन्छ भने त्यसपछिका दिनहरू उत्तम फलदायक छन्। प्रतियोगिताहरूमा भाग लिएको भए विजय, रोजगारको प्रयासमा सार्थकता, मुद्दामामिलाको टुंगो लाग्ने भएमा जित्ने सम्भावना छ। व्यापारबाट आशातीत आम्दानी हुनेछ। तर शुक्रबार भने रोगव्याधीको भय छ।

**मकर** – तपाईंका लागि यो साताका शुरूका दिनहरू शुभ फलदायक छैनन्। स्वास्थ्यमा समस्या आउन सक्छ। व्यापार व्यवसायमा अनेक बाधा-व्यवधान आउन सक्छ। चिताएभन्दा बढी खर्च हुनाले आर्थिक सन्तुलन मिलाउन गाह्रो पर्ला। मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट पुग्ने सम्भावना छ। तर अन्तिमका तीन दिनमा भने राम्रो छ। शारीरिक स्वस्थता, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ।

**कुम्भ** – यस साताको शुरू शनिबार र आइतबार विविध वस्तु वा सेवाको प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख-सन्तोष, मन प्रफुल्लित हुनेछ भने साताको मध्यभाग सोमबार र मंगलबार चोटपटकको भय, पढाइमा असफलता, आर्थिक नोक्सानी हुने सम्भावना छ। तर बुधबारदेखि भाग्योदय हुनेछ। आफ्नो बोली बिक्ने, कार्य सफल हुने, चिट्ठा-उपहारादि वस्तु प्राप्ति हुने, आर्थिक लाभ हुने योग छ।

**मीन** – यस हप्ताका बढीजसो दिन तपाईंका लागि शुभ छन्। गरेका कार्यहरू सफल हुँदा सुखानुभूति हुनेछ। कतैबाट खाद्यान्न लाभ होला। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। उपहारस्वरूप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्नेछ। धन हानि, मान हानिको सम्भावना छ। धैर्य गर्नुहोला।

असोज दोस्रो साता भएको भेलामा द्रुत गतिमा मुद्दाको सुनुवाइ गर्न आ-आफ्नो तबरबाट लाग्ने प्रतिबद्धता भएको थियो।

# चोरी नियन्त्रणमा प्रहरी सक्रिय

## तीन दिनमा ९१ जना नियन्त्रणमा

**नेपाल समाचारपत्र**

काठमाडौं

नजिकिँदो दशैं तिहारसँगै उपत्यकामा चोरीका घटना बढ्न थालेपछि यसको नियन्त्रणका लागि प्रहरीले विशेष अभियान सञ्चालन गरेको छ। महानगरीय प्रहरी परिसरले अन्य प्रहरी वृत्तसँग समन्वय गरी 'चाडपर्व लक्षित उपत्यका चोरी नियन्त्रण सुरक्षा योजना' सञ्चालन गरी ३ दिनभित्रै चोरी तथा लुटपाटमा संलग्न ९१ जनालाई नियन्त्रणमा लिइसकेको छ।

प्रहरीले चाडपर्व नजिकिँदै जाँदा रातको समयमा मात्र हैन दिउँसोको समयमा समेत चोरीका घटनामा अत्यधिक वृद्धि भएको उल्लेख गर्दै आमनागरिकलाई सतर्कता अपनाउन पनि आग्रह गरेको छ। पछिल्लो समय धेरैजसो चोरीका घटना दिउँसो घटेको पाइएको छ। दिनको समयमा बाहिर निस्कँदा आफ्नो घरको झ्याल ढोका राम्रोसँग लगाउने, धेरै गरगहना नलगाउने, लगाए पनि होसियारी अपनाउने, नगद बोकेको बेलामा होसियारी अपनाउने, शंकास्पद व्यक्ति तथा नचिनेको व्यक्तिसँग हिमचिम नबढाउने, बैंक तथा वित्तीय संस्थाबाट रकम झिक्दा पनि सुरक्षित तरिकाले राखेर मात्र निस्कने तथा चोरी लुटपाट भइहालेमा तत्काल प्रहरीलाई खबर गर्न पनि आग्रह गरिएको छ। सार्वजनिक यातायातमा यात्रा गर्दा तथा भीडभाडमा यात्रा गर्दा विशेष सजकता अपनाउन पनि प्रहरीले आग्रह गरेको छ।

प्रहरीका अनुसार सार्वजनिक यातायात र भीडभाडमा पाकेटमारीको घटना धेरै भएको छ भने दिउँसोको समयमा बन्द रहेका घरमा कोही नभएको मौका छोपी ताल्चा फोडेर चोरी हुने गरेको पाइएको छ। रातको समयमा विशेष गरी सहकारी तथा वित्तीय संस्थामा




चोरी हुने गरेको पाइएको छ।

महानगरीय अपराध महाशाखाको प्रहरी नायब उपरीक्षक (डीएसपी) सन्तोष खड्काका अनुसार भीडभाडको फाइदा उठाइ हुने पाकेटमारी, लुटपाट ,सिक्री तथा सुनका गरगहना तान्नेलगायत अन्य आपराधिक घटना ठगी, प्रलोभन, झुक्यान आदि घटना मात्र हैन डलर देखाइ साटिदिन्छु भन्ने, सुन खसाली हुने ठगी, सुन किन्ने बहाना बनाइ नक्कली सुन देखाइ ठगी गर्ने, खुर्सानीको धूलो प्रयोग गरी हुने लुटपाट ,बिस्कुटको हिलो बनाइ लगाइ गरिने ठगी आदिका घटना न्यूनीकरणका लागि प्रहरीले विशेष योजना नै सञ्चालन गरेको छ।

मानिसको भेला जम्मा हुने स्थान बसपार्क, बैंक तथा वित्तीय संस्था, व्यापारिक प्रतिष्ठान, भीड बढी हुने स्थान सार्वजनिक सवारीसाधन, व्यापारिक केन्द्रसमेतमा यस महाशाखाबाट सादा पोसाकमा प्रहरी परिचालन गरी उपत्यकाका विभिन्न स्थानबाट आपराधिक घटनामा संलग्न रहेका ९१ मानिसलाई नियन्त्रणमा लिई कारबाही अघि बढाइएको डीएसपी खड्काले बताउनुभएको छ।

चाडपर्व लक्षित उपत्यका चोरी नियन्त्रण सुरक्षा योजनाअन्तर्गत चौबीसै घन्टा प्रहरीले निगरानी बढाएको छ। यो योजनापछि तुलनात्मकरूपमा चोरीका घटनामा कमी आएको उल्लेख गर्दै अपराध महाशाखाले चोरीका घटना नियन्त्रण गर्न आम नागरिकलाई प्रहरीसँग हातेमालो गर्न आग्रह गरेको छ।

गत मंगलबारदेखि शुरू गरिएको यो सुरक्षा योजनाअन्तर्गत ९१ जना पक्राउ पर्नुका साथै उनीहरूका साथबाट नगद १ लाख २९ हजार, खुकुरी २ थान, मोबाइल साउन्ड सिस्टम १ सय २२ थान, साउन्ड सिस्टम ठूलो २ कार्टुन, लागूऔषध फेनारगन, नुरपिन डायजापामसमेत गरी ८६ वटा, अन्य विभिन्न लागूऔषध तथा गाँजा र विभिन्न ब्रान्डका मोबाइल, चोरी गर्न प्रयोग गर्ने फलामका रडलगायका सामान पनि बरामद गरिएको डीएसपी खड्काले बताउनुभएको छ।

# काठमाडौं जिल्ला अदालतमा फास्ट ट्र्याकमा सुनुवाइ

काठमाडौं, (नेस)

काठमाडौं जिल्ला अदालतले द्रुत गतिमा मुद्दाको सुनुवाइ गरिरहेको छ। अदालतले लगातार कारबाही र सुनुवाइ गर्नुपर्ने प्रकृतिका मुद्दाको सुनुवाइ गरिरहेको सहायक जिल्ला न्यायाधिवक्ता शिव वाग्लेले बताउनुभयो।

मुलुकी फौजदारी कार्यविधि नियमावली-२०७५ को नियम ९६ बमोजिम निरन्तर सुनुवाइ हुने भनी सोही नियमावलीको अनुसूची ३१ मा तोकिएका मुद्दा लगातार कारबाही र सुनुवाइ गर्नुपर्ने मान्यताअनुसार सुनुवाइ भइरहेको हो।

जबरजस्ती करणीसम्बन्धी कसूर, भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी कसुर, गर्भ संरक्षणविरुद्धको कसूर, व्यक्ति बेपत्ता पार्नेसम्बन्धी कसूर, अपहरण वा शरीर बन्धकसम्बन्धी कसूर लगातार कारबाही र सुनुवाइ गर्ने प्रकृतिका मुद्दा हुन्।

असोज दोस्रो साता भएको भेलामा द्रुत गतिमा मुद्दाको सुनुवाइ गर्न आ-आफ्नो तबरबाट लाग्ने प्रतिबद्धता भएको थियो। भेलामा निरन्तर सुनुवाइअन्तर्गतका मुद्दामा पीडित तथा साक्षीलाई अभियोगपत्र पेस गरेकै दिन पेस गर्न सम्पूर्ण पक्षले आवश्यक सरसहयोग गर्ने प्रतिबद्धता भएको थियो।

भेलामा काठमाडौं जिल्ला अदालतका प्रमुख न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, जिल्ला सरकारी वकिलको कार्यालयका प्रमुख सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता, काठमाडौं जिल्लामा रहेका विभिन्न प्रहरी वृत्तका प्रमुख उपन्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता, काठमाडौं जिल्लामा रहेका विभिन्न प्रहरी वृत्तका प्रमुख छलफलमा सहभागी हुनुहुन्थ्यो।

'यस्तो मान्यताअनुसार सुनुवाइ गरेमा पीडितले छिटो न्याय पाउने, पीडित होस्टाइल हुनबाट जोगिने र पीडक कसूरदार ठहर नभएको खण्डमा छिट्टै रिहा हुन पाउन सक्छ' -सहायक जिल्ला न्यायाधिवक्ता वाग्लेले बताउनुभयो।

भेलाकै परिणामस्वरुप आर्थिक वर्ष २०७४/७५ को असार मसान्तसम्म अदालतमा दर्ता भएका यस्ता प्रकृतिका १ सय ६६ मुद्दामा २९ मुद्दा फैसला भएका छन् भने १ सय ३७ मुद्दा अदालतमा फैसला हुन बाँकी छन्।

निरन्तर सुनुवाइ गर्ने प्रकृतिका चालू मुद्दा जबरजस्ती करणीका ७६, जबरजस्ती करणी उद्योग १६, मानव बेचविखन ७०, बाल यौन दुराचार ४ गरी १ सय ६६ मुद्दा अदालतमा दर्ता भएका थिए।

त्यस्तै चालू आवको साउनदेखि असोज १५ गतेसम्म यस्ता प्रकृतिका ९६ मुद्दा दर्ता भएकामा ९ वटा मुद्दा फैसला भइसकेका छन् भने ८७ वटा मुद्दा अझै फैसला हुन बाँकी छन्। जसमा जबरजस्ती करणीमा ५४, जबरजस्ती करणी उद्योगमा २१, मानव बेचविखन तथा ओसारपसारमा १०, बाल यौन दुराचारमा ११ मुद्दा अदालतमा दर्ता भएका थिए।

# नेपाली फोटा चीनमा प्रदर्शन




काठमाडौं, (नेस)

चीनको सुन्दे जिल्लाको बेइजाओ शहरको कल्चर सेन्टरमा अक्टोबर १ देखि ७ सम्म फोटो नेपाल प्रदर्शनी भइरहेको छ, जसमा नेपालका सुन्दर सय तस्वीर प्रदर्शनीमा रहेका छन्। नेपाल पर्यटन बोर्डको अवधारणामा शुरू गरिएको फोटो नेपालको आयोजना चीनमा भएको यो दोस्रो अवसर हो।

चिनियाँ फोटो पनि प्रदर्शनीमा राखिएका छन्। यस प्रदर्शनीले नेपाल र चीनबीचको सांस्कृतिक, ऐतिहासिक सम्बन्धलाई अझ बढी प्रगाढ बनाउने आशा गरिएको छ। नेपालका विभिन्न स्थान र पर्वका सुन्दर फोटो प्रदर्शनीमा राखिएको छ।

नेपाल पर्यटन बोर्डले मासिकरूपमा आयोजना गरिरहेको ह्यास ट्याग फोटो नेपाल प्रदर्शनीअन्तर्गत अक्टोबर महिनामा हुने प्रदर्शनीमा आइरिस फोटोग्राफरले खिचेका नेपालका तस्वीरको प्रदर्शनी हुने भएको छ। प्रत्येक अंग्रेजी महिनाको पहिलो शुक्रबारदेखि आयोजना हुने यस प्रदर्शनी यसपटक असोज १९-२२ मा हुँदै छ। गैरआवासीय नेपाली संघसँगको सहकार्यमा हुने यस प्रदर्शनीमा ३५ फोटा राखिएका छन्।

# विपद् उद्धार सामग्री हस्तान्तरण

काठमाडौं, (नेस)

माछापुच्छ्रे बैंकले ५५ लाख ७६ हजार रुपियाँबराबरको विपद् उद्धार सामग्री नेपाल प्रहरीलाई हस्तान्तरण गरेको छ। प्रहरी प्रधान कार्यालयमा शुक्रबार आयोजित एक कार्यक्रमबीच प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई उक्त बैंकका सञ्चालक समितिका अध्यक्ष रोशन केसीले ती सामग्री हस्तान्तरण गर्नुभएको हो।

कार्यक्रममा प्रहरी महानिरीक्षक खनालले विपद्को बेला उद्धारमा खटिने प्रहरी कर्मचारीलाई प्राप्त सामग्रीले थप मद्दत पुर्‍याउने चर्चा गर्दै नेपाल प्रहरीलाई उक्त सामग्री प्रदान गरेकामा आभार प्रकट गर्नुभयो। प्रहरीप्रति विश्वास गरी प्रदान गरिएको यस सहयोगले अन्य संघसंस्थालाई पनि प्रेरणा मिल्ने उहाँले उल्लेख गर्नुभयो।

हस्तान्तरण गरिएका सामग्रीमा भत्केका संरचनामा उद्धार तथा खोजीमा प्रयोग हुने उपकरण, अग्नि नियन्त्रणका सामग्री, रोप तथा वाटर रेस्क्युका सामग्री तथा र्‍याफ्ट बोट र उक्त बोटलाई चाहिने आवश्यक उपकरणलगायत छन्।


नेपाल नागरिक उड्डयन प्राधिकरण

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**

गौचरको

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(सूचना प्रकाशित मिति: २०७५/०६/२०)

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको डिपार्चर स्टेराईल हलमा ५.५३ वर्ग मिटर क्षेत्रफलमा बुक स्टल संचालन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्बन्धीत निकायबाट इजाजत प्राप्त गरेका इच्छुक फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**शर्तहरु:-**

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय वाणिज्य बैंक गौचर शाखामा रहेको यस कार्यालयको हि.न. ५८ मा प्रत्येक पसलको लागि रु.१,०००/- (एक हजार मात्र) र सो रकममा लाग्ने मू.अ.कर समेत जम्मा गरी (पछी फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice), नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मू.अ.क. दर्ता प्रमाण पत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्रसाथ रजिस्टर्ड फर्म/कम्पनीको फर्म दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्बन्धीत निकायबाट व्यवसाय संचालन गर्न प्राप्त इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, VAT/PAN दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपी, व्यवसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ।

३. ठेक्का अवधि ३ वर्षको हुनेछ। उक्त ३ वर्ष अवधिको न्युनतम ठेक अंक रु.११,०२,५२४/- (एघार लाख दुई हजार पाँच सय चौबीस रुपैयाँ) कायम गरिएको छ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो बक्यौता फछ्र्यौट नगरेको अवस्थामा त्यस्ता फर्म/कम्पनीहरुको बोलपत्र स्वीकृत गरिने छैन।

५. बोलपत्रसाथ आफूले कबोल गरेको बहाल रकमको ५% ले हुने रकम रा.वा.बैंक गौचर शाखामा रहेको यस कार्यालयको धरौटी हि.नं ७० मा जम्मा गरेको सक्कल भौचर वा सो बराबर रकमको यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको ६ महिना अवधि भएको बैङ्क ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरि सक्नु पर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धीत बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ।

८. बोलपत्रको कबोल अंक र अक्षर दुबैमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. भविष्यमा कुनै कारणबश क्षेत्रफल/एरियामा थपघट भएमा सोही अनुपातमा किस्ता रकममा समेत थपघट हुनेछ। साथै विमानस्थल सेवा शुल्क नियमावलीमा फेरबदल भएमा सोही बमोजिमका सर्तहरु लागू हुनेछन्।

१०. रित नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

११. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१२. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ।

१३. यसमा नपरेका अन्य कुराहरु प्रचलित नियमानुसार हुनेछ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ।


## सिनेमा कर्नर











## अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

## माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कार्य नाश, शोक-सन्ताप, धन हानि, सन्तान-कष्ट।
**वृष** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, विवाद, अनिद्रा।
**मिथुन** : द्रव्यलाभ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति।
**कर्कट** : धन नाश, मानसिक अस्थिरता, असन्तोष, अपव्यय।
**सिंह** : धनप्राप्ति, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**कन्या** : अस्वस्थता, इष्टमित्रसाग विवाद, चोटपटकको भय।
**तुला** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**वृश्चिक** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, काममा सन्तुष्टि।
**धनु** : राज्य भय, अपयश, व्यर्थको यात्रा, व्यापारमा व्यवधान।
**मकर** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता।
**कुम्भ** : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।
**मीन** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता।

# नेपाल

'हामी त कुरा बुझ्छौं, तर केटाकेटाको चित्त कसरी बुझाउने? यही छ पिरलो।'

# फोटोमा सीमित इतिहास बन्दै पोखरा

विजय नेपाली, पोखरा

पर्यटकीय नगरी पोखरा साँच्चै कति पुरानो हो ? पोखरामा बस्ती विकास कसरी भयो र पोखरा पहिले कस्तो थियो? भन्नेबारे धेरै मानिसलाई थाहा नहुन सक्छ। पोखराको सौन्दर्यमात्र होइन अब भने पहिलेको पोखरा समेत हेर्न पाइने भएको छ। आजभन्दा करिब आधा दशक पहेलेको पोखरालाई तस्वीरमा देख्न सकिन्छ।



पोखरा भैरवटोलस्थित उहिलेको पोखरा ग्यालरीमा आजभन्दा लगभग ६०/६५ वर्ष पुराना पोखराका तस्वीर हेर्न सकिनेछ। पोखराको इतिहासलाई जोगाइ राख्न र पोखराको इतिहसको बारेमा सबैलाई जानकारी दिने उद्देश्यका साथ 'उहिलेको पोखरा' आर्ट ग्यालरीको स्थापना गरिएको हो। उक्त ग्यालरीमा पोखराको पहिलो व्यावसायिक फोटोग्राफर स्व.जगन्नाथ उलकले विसं २०१० सालदेखि २०२३ सालसम्म खिचेका पोखरा एवं विभिन्न जिल्लाका ऐतिहासिक फोटो प्रदर्शनीमा राखिएको छ। 'उहिलेको पोखरा' ऐतिहासिक फोटो प्रदर्शनभित्र ०२३ सालभन्दा अघिका विद्यालय, यातायात, संस्कृति, महिलाको जीवनी, बाल्यकालका अवस्था, पोखराका बजार, प्रसिद्ध स्थल फेवाताल, महेन्द्रपुल, एयरपोर्टलगायत लुम्बिनी, बागलुङ, बुटवल, मुस्ताङको मार्फा, जोमसोम, मुक्तिनाथलगायतका प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्रको समेत फोटोमा रहेको छ। त्यस ग्यालरीमा जाँदा मानिसले सोचेकोभन्दा फरक पोखरा हुन सक्छन्। त्यति मात्र नभएर हवाई फोटो, जापानी अनुसन्धानकर्ताले खिचेका मनमोहक फोटो, अमेरिकन पिस कोरले लिएका विभिन्न तस्वीरसमेत राखिएको छ।

'हजारौं फोटो जलाइयो, फोटोको नेगेटिभ र पोजेटिभ थियो पहिले सोचेनौं, चिन्ने जतिको राखियो अरू जलाइयो, अझै पनि थुप्रै फोटा छन्, प्रदर्शनीमा त केही मात्र राखेका छौं' -स्व. जगन्नाथका जेठा छोरा नवीन उलकले बताए। मानिसले कल्पना गरेको पोखरा र वास्तविक पोखरा निकै फरक रहेको उनको भनाइ थियो। ६३ वर्षीय उलक आफ्नो बाल्यकाल सम्झँदै भन्छन्- 'म १२/१३ वर्षको हुँदाको कुरा हो, गाढा चल्थ्यो गाढामा झुन्डिएर एयरपोर्ट पुगेको थिएँ, गाढा बिग्रियो, हिँडेर आउनुपर्‍यो, आउँदा बाटो नचिनेर घन्टौं हिँड्नुपरेको थियो।' व्यापारिक हिसाबले जगन्नाथ पोखराको पहिलो फोटोग्राफर रहेको उनले बताए।

जगन्नाथ काठमाडौंबाट परिवारसहित हिँडेर १४ दिनमा पोखरा आएका थिए। परिवारसहित आएका उनले पोखरामा पढाउने काम गर्दागर्दै फोटो स्टुडियो खोलेको उनको भनाइ छ। 'बुबाले २०१० सालदेखि २३ सालसम्म फोटो स्टुडियो सञ्चालन गर्नुभएको थियो, मेरो जन्म भएपछि मेरै नामबाट स्टुडियोको नाम राख्नुभएको थियो, बुबाले खिच्नुभएको फोटोको महत्त्व थाहा भएन, त्यतिबेला नजलाएको भए आज आम सर्वसाधारणले विगतको पोखरा देख्न पाउने थिए' -उनले भने।

काठमाडौंबाट मास्टरको रूपमा पोखरा आएका स्व. जगन्नाथले विसं २०१० सालदेखि नै व्यावसायिक फोटोग्राफीको शुरुआत गरेका थिए। उनी पोखराका पहिलो फोटोग्राफर तथा फोटोसामग्री निर्माता पनि हुन्। उनले खिचेका सयौं फोटोमध्ये केही फोटोमात्र त्यहाँ राखिएको छ। त्यस्तै २०१८ तिर अमेरिकी पिस कोर भोलेन्टियरले नेपालको सामाजिक तथा शैक्षिक सहयोगको लागि आउँदा खिचेका तस्वीरसमेत राखिएको छ भने २०१५ सालमा नेपाल भ्रमणमा आएका जापानी टोलीले खिचेका ३ हजार ६ सय तस्वीरबाट केही तस्वीर राखिएको छ, जुन तस्वीर जापानको मानव विज्ञान संग्रहालयमा समेत रहेका छन्।

पछिल्लो समय पोखराको विकास हुँदै जाँदा प्राकृतिक संरचनाको भने विकास हुँदै गएको छ, प्राचीन पोखरा साच्चिकै स्वर्गजस्तै देखिन जगन्नाथका माइला छोरा उत्तम उलकले बताए। उत्तम भन्छन्- 'यो जीवित इतिहास हो, पुस्तकमा लेखिएको इतिहासभन्दा पनि फोटो इतिहास बढी महत्त्वपूर्ण छ, फोटो इतिहासलाई कसैले पनि पल्टाउन सक्दैनन्।' १० वर्षअघिदेखि नै खोल्ने सोच बनाएका उनले सहयोगी र आफ्ना दाजुभाइको सहयोगमा अहिले आफ्नो सपना पूरा गरेका छन्। पोखराको इतिहास चिनाउँदै मानव विकासक्रममा आएको परिवर्तनसमेत देखिने उनले बताए। सन् १९६२ मा नेपाल आएका अमेरिकन पिस कोरले त्यसबेला खिचेका २५ हजार तस्वीर र सोही समयतिर आएका जापानी वैज्ञानिकले लिएका ३ हजार ६ सय तस्वीरका नेगेटिभ र पोजेटिभ अझै सुरक्षित रहेको उनले बताए। अझ रमाइलो पक्ष के छ भने पोखरामा फुटबल खेलको शुरुआत भएको फोटोसमेत त्यहाँ भेटिन्छ। त्यसमा पनि पोखरामा सवारी आगमन हुँदाको ९ नम्बर ढ्वाङ जुन पोखराका लागि निकै परिचित नाम हो। त्यतिबेला उक्त ढ्वाङले पोखराको बगरदेखि अहिलेको एरपोर्टसम्म जाने गर्दथ्यो।' 'जहाज गिरान जहाज गिरान' भन्दै चल्ने ढ्वाङले २५ पैसा भाडा लिने गरेको उत्तमले बताए।

विसं २००८ सालमा पोखरामा जहाज आएदेखि २३ सालमा आएको सवारी र त्यसबेला यातायातको रूपमा रहेको ठेलागाडाको समेत तस्वीर राखिएको छ। संग्रहमा ४०-६० वर्ष पुराना फोटो तथा डकुमेन्ट्री राखिएको छ। ५ लाख रुपियाँको लगानीमा बनाइएको संग्रहमा टिकटको व्यवस्था गरिएको छ। भने उक्त संग्रहबाट आम्दानी भएको रकमले आगामी दिनमा यसलाई ठूलो संग्रहको रूपमा स्थापना गर्ने उत्तम उलकले बताए। आफूसँग नेपालभरिका पुराना तस्वीर भएका कारण अन्य जिल्लामा समेत गएर डकुमेन्ट्री तथा तस्वीर प्रदर्शन गर्ने उनले बताए। 'अहिले हामीलाई संग्रहका लागि भवन सानो छ, त्यसैले केही तस्वीर मात्र राखेका छौं, यसलाई बढाउने चाहाना छ' -उनले भने। हाल उक्त संग्रहको लागि भवन आनन्दराज मुल्मीले सहयोग गरेका हुन्। उहिलेको पोखरा संग्रहमा जगन्नाथ उलक, टोड एगसर्डल, नाथन ए सेजर्स, जोहन रेयनहर्ड, वेनी स्टिङ्सनलगायत थुप्रै विदेशी फोटोग्राफरको समेत फोटो राखिएको छ। पर्यटकीय प्रदेश गण्डकीको पर्यटन विकासमा यसले थप टेवा पुग्ने देखिएको छ। पोखरा वा गण्डकी प्रदेश घुम्न आउने पर्यटकले विगतको कालखण्डको गण्डकी प्रदेश र विगतको पोखराको समेत अवलोकन गर्ने मौका पाउनेभएका छन्, पोखराको विकासक्रमदेखि उहिलेको पोखरा र अहिलेको पोखरामा आएको परिवर्तन र इतिहाससमेत तस्वीरमा देख्न सक्नेछन्।

# सदाचार प्रतिबद्धतापत्रमा हस्ताक्षर

नेपाल समाचारपत्र

नुवाकोट

भूकम्पपछिको पुनर्निर्माण, पुन:स्थापनाका साथै विपद् व्यवस्थापनसम्बन्धी विदुर नगरपालिकाको कार्यमा जवाफदेहिता, पारदर्शिता र सदाचार अभिवृद्धि गर्न विदुर नगरपालिकाले सदाचार प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेको छ।

ट्रान्सपरेन्सी इन्टरनेसल नेपालले मंगलबार विदुरमा आयोजना गरेको सदाचार प्रतिबद्धतापत्रमा हस्तान्तरण कार्यक्रममा मन्तव्य राख्दै जिल्ला समन्वय समितिकी उपप्रमुख अप्सरा थापाले आफू निर्वाचित भएको डेढ वर्ष बितिसकेको भन्दै कार्यकाल पुनर्निर्माणमा मात्रै बित्ने होकी भन्ने चिन्ता बढेको बताउनुभयो। उपप्रमुख थापाले पुनर्निर्माणमा देखिएको समस्यालाई समाधान गर्न जिससले सदैव सहयोग गर्ने बताउनुभयो।

सदाचार प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्दै विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले नगरपालिकाले हस्ताक्षर गरेको सदाचार प्रतिबद्धतापत्र नुवाकोटमा नै पहिलो भएको भन्दै त्यसलाई सफलतापूर्वक कार्यान्वयन गर्ने बताए। मेयर पण्डितले काम गर्ने क्रममा केही स्थानमा समस्या देखिएको भन्दै यस प्रतिबद्धताले अझै बढी जिम्मेवारी बढाएको उल्लेख गरे। कार्यक्रममा ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालकी महासचिव पद्मिनी प्रधानांगले प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नु मात्र ठूलो कुरा नभएको भन्दै कार्यान्वयन गर्नु मुख्य चुनौती रहेको बताइन्। नगरपालिकाले हस्ताक्षर गरेको प्रतिबद्धतापत्रमा भूकम्पपछिको पुनर्निर्माणलाई प्रभावकारी बनाउन पीडितको गुनासो सुन्न हेल्प डेस्क सञ्चालनमा ल्याउने, भूकम्पपीडितका केही गुनासा भएमा नगरप्रमुखमार्फत तत्काल सम्बोधन गरिनेलगायत छन्। प्रतिबद्धता कार्यान्वयन गर्न र नियमितरूपमा कार्य समीक्षा गर्न ५ सदस्यीय प्रतिबद्धता कार्यान्वयन टोलीसमेत गठन गरिने सदाचार प्रतिबद्धतापत्रमा उल्लेख छ।

कार्यक्रममा विदुर नगरपालिकाकी उपमेयर गीता दाहाल, विदुर नगरपालिका वडा नं ४ का वडाध्यक्ष टलकमान श्रेष्ठ, वडा नं ९ का वडाध्यक्ष शनि चित्रकार, उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष इन्द्र पण्डितलगायतले पुनर्निर्माणको समस्याको बारेमा बारम्बार सम्बन्धित निकायलाई जानकारी गराउँदासमेत कार्यान्वयनको पाटो फितलो भएको बताएका थिए। कार्यक्रममा दिइएको जानकारीअनुसार सदाचार प्रतिबद्धतापत्रमा यसअघि देशभरमध्ये ३ स्थानीय तहले मात्र हस्ताक्षर गरेको बताइएको छ। ट्रान्सपरेन्सी इन्टरनेसल नेपालका अनुसार नुवाकोटका अन्य स्थानीय तहसमेत प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्न इच्छुक रहेमा हस्ताक्षर गर्न सकिने ट्रान्सपरेन्सी इन्टरनेसल नेपाल नुवाकोटका जिल्ला प्रतिनिधि दीपेश घिमिरेले बताए

# तलब नपाउँदा कर्मचारीको दशैं खल्लो

नेपाल समाचारपत्र

लमजुङ

जिल्लामा रहेको खानेपानी डिभिजन कार्यालयका कर्मचारीका लागि वडादशैंको बेलामा दिइने एक महिनाको तलब त परै रहोस् साउन-भदौको तलबसमेत नपाउँदा यसवर्षको दशैं खल्लो हुने भएको छ। सरकारले पुरानो कार्यालय खारेज गर्ने, तर नयाँ व्यवस्था नगरेका कारणले गर्दा उक्त कार्यालयका २१ जना कर्मचारी अलपत्र अवस्थामा छन्।

'जिल्लामा अपिस रहन्न भनिएको छ, तर अर्को पनि कहाँ जानेको आजसम्म पत्र पनि आएको छैन, वडादशैं नजिक आइसक्यो। छरछिमेकले खसीबोकाको बन्दोबस्त गरिसके आफूले तलबको आश गर्दा गर्दै दिन बितेका छन्, दशैं खल्लो हुनेभयो' -खानेपानी डिभिजन कार्यालयका सरसफाइ प्राविधिक श्रीभक्त न्यौपानेले बताउनुभयो। उहाँका अनुसार हाम्रो कार्यालयका रहेका स्थायी र करार गरी २१ जना कर्मचारीमा सबैको उस्तै अवस्था छ। 'यो कार्यालय गोरखामा गाभियो भन्ने सुनिएको हो, आधिकारिक पत्र आएको छैन, बिनापत्र कहाँ जो ? के गर्ने अन्योलमा छौं ? अरूभन्दा पनि सबैभन्दा ठूलो चाड वडादशैं र तिहार खल्लो हुने भयो' -न्यौपानले बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी त कुरा बुझ्छौं, तर केटाकेटाको चित्त कसरी बुझाउने? यही छ पिरलो।' दशैं मान्न ऋण खोज्नुपर्ने भएको उहाँले बताउनुभयो।

त्यसमा पनि करारमा रहेका कर्मचारीको त साउनदेखि म्याद थप हुने नहुने समेत यकिन नभएको उनीहरूको भनाइ छ। खानेपानीमा नासुसरहको पदमा करारमा कार्यरत महिला कार्यकर्ता रामकली गुरुङ भन्नुहुन्छ- 'समयमै पत्र दिएर अब जागिर छैन भनेको भए हामी चित्त बुझाउँथ्यौ, त्यसो पनि गरिएन ऐले चाडवाडको मुखमा तलब पनि छैन, नियुक्तिपत्र पनि छैन।'

यसैगरी भवन कार्यालयमा रहेको फाजिलमा परेका र करारमा रहेको कर्मचारीको अवस्था पनि उस्तै छ। भवन कार्यालयका सबइन्जिनियर प्रकाश न्यौपानेले भन्नुभयो- 'मसहितका २ जना फाजिलमा परेको हुँदा कहाँ जाने भन्ने निधो छैन र २ वना करारको के हुने भन्ने त्यो पनि टुंगो छैन।' उहाँलाई दशैं के कसरी मनाउँदै हुनुहुन्छ ? भन्ने जिज्ञासा राख्दा घरमा आफ्नै प्रतिक्षामा छन्। घटस्थापना आइसक्यो। दशैंको बेलामा तलब पाइन्छ भन्ने आश मरेको छ। भोलि शनिबार छ, घरमा गएर सल्लाह गरी केही उपाय गर्नुपर्ला भन्नुभयो।

# रसुवामा हेलिप्याड सुविधा

रसुवा, (नेस)

रसुवामा रात्रिकालीन अवस्थामा पनि अवतरण गर्न मिल्ने हेलिप्याडको नेपाली सेना ६ नम्बर बाहिनी बैरेनीका निर्मलकुमार थापाले एक कार्यक्रमबीच बिहीबार उद्घाटन गरेका छन्।

रसुवाका ५ वटै गाउँपालिकाका साथै साङजेन, रसुवागढी, अपर त्रिशूली, वान जलविद्युत् आयोजना, सुन्दरदेवी साप्ताहिक पत्रिकाको सहयोगमा हेलिप्याड निर्माण भएको हो। उक्त हेलिप्याडमा चारैतिर २४ वटा र दायाँबायाँ ३ वटा होरिजेन्टल लाइटसमेत जडान गरिएकाले आपत्कालीन अवस्थामा राति पनि अवतरण गर्न समस्या नहुने नेपाली सेनाले बताएको छ। हेलिप्याडमा अनुमति लिएर मात्र बिरामीको उद्धारका लागि निजी क्षेत्रका हेलिकोप्टर अवतरण गर्न सक्ने बताइएको छ।

हिमाली क्षेत्रको माथिल्लो भेगमा बाटोको समस्याले गर्दा आपत्कालीन समयमा नै बिरामीलाई अस्पताल पुर्‍याउन गाह्रो भइरहेकाले गरी रात्रिकालीन समयमा पनि हेलिकोप्टर उडाउन हेलिप्याड निर्माण गरिएको कालिजङ गणले जनाएको छ। ५५ फिट लम्बाइ तथा चौडाइ भएको रात्रिकालीन हेलिप्याडको नेपाली सेना ६ नम्बर बाहिनीका बाहिनीपति निर्मलकुमार थापाले उद्घाटन गर्नुभएको थियो। २ लाखभन्दा बढी नगद तथा श्रमदानमा उक्त हेलिप्याड निर्माण भएको हो।

# हेटौंडाका ९ स्थानमा ट्राफिक लाइट

हेटौंडा, (नेस)

हेटौंडाको सवारी चाप बढी हुने क्षेत्रमा अत्याधुनिक स्वचालित ट्राफिक लाइट राखिनेभएको छ। मुख्य बजार क्षेत्रका ९ स्थानमा ट्राफिक लाइट राख्न लागिएको हो।

प्रहरी प्रधान कार्यालयबाट बजार क्षेत्रका कुन-कुन स्थानमा कति वटा ट्राफिक लाइट राख्न आवश्यक छ भन्ने सोधनी भएकाले ९ स्थानमा लाइट राख्न उपयुक्त भएको निष्कर्ष निकालिएको हो।

प्रमुख जिल्ला अधिकारी आश्मान तामाङको सभाध्यक्षतामा जिल्ला प्रहरी कार्यालय, हेटौंडा उपमहानगरपालिका, डिभिजन सडक कार्यालय, यातायात व्यवस्था कार्यालय र मकवानपुर उद्योग वाणिज्य संघ सदस्य रहेको समितिले लाइट राख्न सिफारिस गरेको हो।

हेटौंडा बजार क्षेत्रको बुद्धचोक, सीमा चोक, भुटनदेवी चोक, मानस चोक, ओमभवन चोक, शीतलमहल चोक, टीसीएन रोड, लोकप्रिय चोक र जिल्ला प्रहरी कार्यालय चोकमा ट्राफिक लाइट राख्न सिफारिस गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख प्रनि वीरेन्द्रकुमार ठाकुरले जानकारी दिनुभयो।

'हेटौंडाको सवारीचाप व्यवस्थित गर्न केन्द्रीय कार्यालयमा व्यवस्थापनका लागि अनुरोध गरेका थियौं, सोहीबमोजिम बैठक बसेर ९ स्थानमा ट्राफिक लाइट राख्न सिफारिस गरेका हौं' -ट्राफिक प्रमुख ठाकुरले भन्नुभयो।

# नुवाकोटमा पानीको व्यापार बढ्यो

नेपाल समाचारपत्र

नुवाकोट

नुवाकोटमा पछिल्लो समय पानीको व्यापार बढ्न थालेको छ। पानीको व्यवसाय बढेसँगै पानीका व्यापारीसमेत मालामाल भएका छन्।

गाउँघरमा समेत बोतलको पानी भित्र्याँदा दही मोही माग्दा पाइने, तर पानी माग्दा नपाइने भएको स्थानीय व्यापारी बताउँछन्। नुवाकोटमा करोडौंको लागतमा होटल सञ्चालनमा आएसँगै घर-घरमा मात्र पानी पुर्‍याउँदै आएका ट्यांकर व्यवसायी अहिले होटलतिर आकर्षित भएका छन्। जसले गर्दा हजारौं रुपियाँको कारोबार गर्ने पानी व्यवसायी लाखौंको व्यापार गर्न सफल भएका हुन्। विदुर नगरपालिका आसपास र केही शहर क्षेत्रमा पानीको अभाव भएसँगै पानीको कारोबार ह्वात्तै बढेको बाबाशक्ति खानेपानीले जनाएको छ।

लामो समयसम्म धारामा पानी नआउनु र आए पनि आपूर्तिको मात्रा कम हुनुले ट्यांकरको पानीको माग बढेको बाबाशक्ति खानेपानीका कर्मचारी भीम तामाङले बताए। बजारमा अहिले भएका ट्यांकरले सप्लाइ गर्न नसकेकाले दैनिक पानी मगाउने बढी रहेको तामाङले बताए। तामाङका अनुसार दैनिक २० ट्यांकरभन्दा बढी पानीको माग हुने गरेको छ। तामाङका अनुसार ग्राहकले पानी नभएको भन्दै नुहाउन र शौचालय जानै समस्या भएकाले पानी ल्याइदिन आग्रह गरिहने बताए।

लामो समय बजार क्षेत्रमा पानी नआएकाले आफू अहिले ट्यांकरको पानीमा भर पर्नुपरेको बट्टारका स्थानीय श्याम मगरले बताए। 'धारामा पानी नआएको महिनौं भयो। विकल्प त खोज्नुपरिहाल्यो' -उनले भने। नुवाकोटमा पानीको जार बिक्रीका लागि अहिले ३ कम्पनी जलपा फ्रेसवाटर, दुप्चेश्वरी र नारायणी ग्रुपको नारायाणी पानी बजारमा उपलब्ध छ, तर जारको पानीमा सबैको पहुँच नपुग्ने भएपछि सबैले ट्यांकरको भर पर्नुपरेको उपभोक्ता बताउँछन्। बजारमा सीमित मात्र ट्यांकर व्यवसायी मात्र भएकाले पानी मगाएको करिब ३/४ घन्टापछि मात्र व्यवसायीले पानी ल्याइदिने गरेको नुवाकोट होटल तथा रेस्टुरेन्ट व्यवसायी संघका महासचिव रोशन भण्डारीले बताए। महासचिव भण्डारीले होटल व्यवसायीको अत्यावश्यक वस्तुमा पर्ने पानी भएकाले एकछिन ढिला भएमा समेत नकारात्मक प्रभाव पर्ने भन्दै पानी दैनिक २/३ ट्यांकर मगाउने गरेको बताए, तर बाछ भैरुम खानेपानीका प्रोपाइटर राजेन्द्र न्यौपानेले भने पानीको मागमा त्यस्तो अत्यधिक वृद्धि नभएको बताउँछन्। उनले अहिले ट्यांकरको संख्या बढेको र यो वर्ष पानी धेरै परेकाले त्यस्तो अवस्था नआएको बताए।

# बैतडीमा पहिलोपटक सशस्त्र प्रहरीको गुल्म स्थापना

बैतडी, (नेस)

नेपाल सरकारले सबै जिल्लामा सशस्त्र प्रहरी बलको उपस्थिति गराउने निर्णयानुसार बैतडीमा पहिलोपटक सशस्त्र प्रहरी बलको गुल्म स्थापना भएको छ।

शान्ति सुरक्षा र सीमा अपराध न्यूनीकरणका लागि भन्दै सशस्त्र प्रहरी बल नेपाल, गुल्म हेडक्वाटर नं ५१ कार्यालयका रूपमा गुल्म स्थापना गरिएको हो। सरकारले गत साउनमा सबै जिल्लामा सशस्त्र प्रहरी बलको उपस्थिति गराउने निर्णयानुसार जिल्लास्तरीय कार्यालयका रूपमा सदरमुकामस्थित गढीमा गुल्म हेडक्वाटरको नं ५१ कार्यालय स्थापना भएको छ।

गुल्मले जिल्लामा शान्ति सुरक्षा कायम गर्नका लागि अन्य सुरक्षा निकायसँग मिलेर काम गर्ने सशस्त्र प्रहरी नायब उपरीक्षक दुर्गादत्त पन्तले बताए।

गुल्ममा तत्कालका लागि सशस्त्र प्रहरी नायब उपरीक्षकको नेतृत्वमा १ सय ६० जनशक्ति रहने भएको छ। अर्को व्यवस्था नहुँदासम्म सशस्त्र प्रहरी अहिले साविकको डिभिजन सहकारी कार्यालय र साविकको जिल्ला कृषि विकास कार्यालयको भवनमा बसिरहेको छ।

कार्यालय स्थापना भएसँगै समुदायमा शान्ति स्थापनार्थ गस्ती, हुलदंगा नियन्त्रण, विपद् व्यवस्थापन, लागूऔषधलगायत अवैध सामग्री नियन्त्रण, चोरी निकासी, पैठारी र शान्ति सुरक्षा मजबुत बनाउनेजस्ता काममा सक्रिय हुने जनाइएको छ।

सीमा क्षेत्रमा शान्ति सुरक्षा कायम गर्ने, सीमारक्षा गर्ने उद्देश्यसहित सशस्त्र प्रहरीको गुल्म स्थापना भएको गुल्मले सीमा क्षेत्रको रक्षाको म्याडेन्ड पनि सशस्त्र प्रहरीले पाएकाले, पछि सीमा क्षेत्रमा पनि सशस्त्र प्रहरी खटिने प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद गैरेले बताए।

# चोरिएका मोटरसाइकल एक घन्टामै फेला

हेटौंडा, (नेस)

मोटरसाइकल चोरी भएको जानकारी प्राप्त भएपछि खटिएको प्रहरीले एक घन्टाभित्र फेला पारेर सम्बन्धित धनीलाई बुझाएको छ।

हेटौंडा-२, ओमभवननजिकबाट २२० सीसीको अनटेस्ट पल्सर र ना५७प ४६२ नम्बरको मोटरसाइकल तत्काल जिल्ला प्रहरी कार्यालयको टोली खटेर खोजतलास गर्ने क्रममा हेटौंडा-२, फापरबारी बसपार्कबाट फेला पारेको हो।

फेला पारेका मोटरसाइकल जिल्ला प्रहरी कार्यालयमा लगेर धनीलाई बुझाइएको हो। हेटौंडा-१९ बस्ने विनोद सुनारको बिहीबार राति करिब सवा ७ बजे हराएको अनटेस्ट पल्सर शुक्रबार सम्बन्धित धनीलाई बुझाइएको प्रहरीले जनाएको छ।

हेटौंडा-४ बस्ने समीर आलमको बिहीबार राति करिब ७ बजे हेटौंडा-४, स्कुलरोडबाट हराएको ना५७प ४६२ नम्बर मोटरसाइकलका सम्बन्धमा अनुसन्धान भइरहेको र चोरी गर्नेको खोजतलास भइरहेको छ।

२०७५ असोज
शनिबार
२०

सम्बन्धविच्छेदका मुद्दामा महिलाले खान लगाउन नदिएको, गालीगलौज गर्ने र कुटपिट गरेको, पारिवारिक संरक्षण नभएकोलगायतका छन्।

# नेपाल

## मानव बेचविखनको प्रमुख 'ट्रान्जिट' बन्दै पशुपतिनगर

### ● बेचिन लागेका तीन बालिकाको उद्धार ● तीन जना मानवतस्कर पक्राउ

गणेश घिमिरे, इलाम

पूर्वी नेपालको भारतीय सीमा नाका पशुपतिनगर वर्षौंयता मानव बेचविखनको 'ट्रान्जिट' बनिरहेको छ। पूर्वका अन्य नाकाभन्दा पशुपतिनगरबाट मानव बेचविखन बढी हुने गरे पनि नियन्त्रणको प्रयास प्रभावकारी बन्न सकेको छैन। खुला सीमाको फाइदा उठाएर वैदेशिक रोजगारी, आफन्त भेटघाटलगायतको बहाना बनाउँदै पशुपतिनगरबाट हरेक वर्ष मानव बेचविखन मौलाइरहेको छ। इलाम मात्र नभई यो नाकाबाट ५२ जिल्लाका नर-नारीलाई अवैध ढंगले भारतलगायतका अन्य देश पुर्‍याउने गरिएको मानव बेचविखनविरुद्ध पशुपतिनगरमा काम गरिरहेको माइती नेपालले जनाएको छ, तर वर्षौंदेखि यो तथ्य बाहिर आइरहे पनि नियन्त्रणको प्रयास भने सफल हुन नसकेको हो।

यसै क्रममा बिहीबार पशुपतिनगर नाका हुँदै भारततर्फ बेच्न लगिएका पश्चिम नेपालका तीन जिल्लाका बालिकालाई प्रहरीले उद्धार गरेको छ। प्रहरीले माइती नेपाल पशुपतिनगरको सहयोगमा दुई जनालाई पशुपतिनगरकै एक होटलबाट र एक जनालाई भारतीय प्रहरीको सहयोगमा दार्जिलिङबाट उद्धार गरेको इलाका प्रहरी कार्यालय पशुपतिनगरका प्रहरी निरीक्षक हेमराज ओलीले बताए। मानव बेचविखनमा संलग्न तीन युवा पनि पक्राउ परेका छन्। पक्राउ पर्नेमा कालिकोट जिल्लास्थित सन्नित्रिवेणी गाउँपालिकाका २२ वर्षीय लङक तिरुवा, २६ वर्षका लोकेश तिरुवा र २९ वर्षका जनक तिरुवा छन्। उनले बालिकालाई पोखरा घुम्न लैजाने प्रलोभन देखाएर भारत बिक्री गर्न लगेको प्रहरी अनुसन्धानबाट खुलेको छ। पक्राउ परेका तीनै जनालाई मानव बेचविखन ओसारप्रसार र जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाएको प्रहरी निरीक्षक ओलीले जानकारी दिए। उनीले सुर्खेत, जाजरकोट र रुकुमका १६ वर्षीया दुई र एक १५ वर्षकी बालिकालाई ल्याएका थिए।

पशुपतिनगरको एक होटलमा उनले बालिकालाई राखेका थिए। होटलमा राखेको दुई दिनपछि उनले एक बालिकालाई सीमा नाका कटाएर भारत दार्जिलिङसम्म पुर्‍याउन सफल भइसकेका थिए, तर स्थानीयले शंका लागेपछि प्रहरीलाई खबर गरेका थिए। प्रहरीले लगत्तै दुई बालिकाको उद्धार गरेको थियो भने बेचविखनमा संलग्न दुई युवालाई पक्राउ गर्न सफल भयो। उनी पक्राउ परेपछि दार्जिलिङ पुर्‍याइएकी बालिकाको उद्धार हुनुका साथै घटनामा संलग्न अर्का एक युवा पनि पक्राउ पर्न सफल भएको प्रहरीले जनाएको छ। उद्धार गरिएका दुई बालिकालाई भने परिवारको जिम्मा लगाइसकेको र अर्की एक जनालाई पनि आइतबारसम्म जिम्मा लगाइसक्ने बताइएको छ। यसरी हेर्दा पूर्वी भारतीय सीमा नाका पशुपतिनगर मानव बेचविखनको प्रमुख 'ट्रान्जिट' बन्दै गइरहेको पाइन्छ।

केही सरकारी र गैरसरकारी संघसंस्थाले पीडितलाई उद्धार गर्ने गरे पनि अधिकांश पीडक वर्षौंदेखि उम्किरहेका छन्। मानव बेचविखन र जबरजस्ती करणीलगायत मुद्दामा अधिकारकर्मी र नियमन गर्ने निकायलाई समेत धाकधम्की आउने गरेकाले पनि नियन्त्रणको प्रयास पूर्णरूपमा सफल हुन सकिरहेको छैन। पीडितहरू आफैं पनि पीडकको दबाबले न्याय खोज्नबाट पछि हट्न बाध्य हुँदा पीडक उम्किएको पाइएको छ। माइती नेपालका संयोजक होम ढकालले पशुपतिनगर नाका मानव तस्करीमा देशमै बढी प्रयोग हुने नाका भएको बताए। आर्थिक वर्ष २०७४/०७५ मा पशुपतिनगर नाका भएर भारत लैजान लागिएका १ सय ९५ जनालाई घर फर्काइएको र १८ जनाको उद्धार गरिएको छ।

ताप्लेजुङदेखि झापासम्म भारत जोडिएको भू-भाग पूर्वमा साढे ५२ किलोमिटर छ। यो भू-भाग सबै खुला रहेकाले पनि तस्करलाई सजिलो भएको हो। प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले पशुपतिनगरबाट भइरहेको मानव तस्करीको तथ्यांक बढ्दै गएकाले सुरक्षा निकायलाई निकै गम्भीर बनाएको बताए। जिल्ला प्रहरी प्रमुख एसपी माधवप्रसाद श्रेष्ठले मानव बेचविखनको समस्या गम्भीर भएको भनिए पनि जिल्ला प्रहरी कार्यालयमा निवेदनचाहिँ ज्यादै कम संख्यामा मात्र आएको बताए। उनले भने- 'सीमा क्षेत्रमा सुरक्षा निकायको उपस्थिति बढाइनेछ।'

## कामविहीन प्रदेश सरकार मातहतका सरकारी कार्यालय

विनोदसिंह विष्ट, बैतडी

सुदूरपश्चिम प्रदेश सरकार मातहत रहेका बैतडीका सरकारी कार्यालय कामविहीन बनेका छन्। नयाँ संरचनाअनुसार बैतडीमा स्थापना भएका कार्यालयले कार्यक्रम र अख्तियारी नपाउँदा कामविहीन बनेका हुन्। चालू आर्थिक वर्षको तीन महिना हुँदासम्म कार्यक्रम नआएको डिभिजन वन कार्यालयका डिभिजन अधिकृत प्रभात सापकोटाले बताउनुभयो। उहाँले भन्नुभयो- 'कार्यालयमा काम नहुँदा हाजिर लगाउने काम मात्रै भएको छ।'

कार्यालयमा अहिलेसम्म कुनै कार्यक्रम नआएको कृषि ज्ञान केन्द्र बैतडीका निमित्त कार्यालय प्रमुख कर्णबहादुर चन्दले बताउनुभयो। उहाँले भन्नुभयो- 'चालू आर्थिक वर्षमा कृषि ज्ञान केन्द्रले कुनै कार्यक्रम सञ्चालन गर्न पाएको छैन।'

'काम के हो भन्ने पनि स्पष्ट भइदिए हुन्थ्यो, केन्द्र सरकारलाई बैतडीमा कृषि ज्ञान केन्द्र स्थापना भइसकेको छ भन्ने कुरा पनि थाहा छैनजस्तो लाग्दैछ' -उहाँले थप्नुभयो

भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले पनि चालू आर्थिक वर्षमा अहिलेसम्म कार्यक्रम सञ्चालन गर्न नपाएको पशु सेवा प्राविधिक बिसनसिंह विष्टले बताउनुभयो। प्रदेश मातहतका कार्यालयमा कार्यक्रम र अख्तियारी नआएको कार्यालयले जनाएका छन्। कतिपय कार्यालयमा कर्मचारी पनि छैनन्।

साविकका कार्यालयमा साविककै सेवा पाउने आशामा सेवाग्राही पुग्ने गरेका छन्, तर कार्यालयमा कुनै कार्यक्रम नहुँदा सेवाग्राही त्यत्तिकै फर्किने गरेका कृषि ज्ञान केन्द्र बैतडीका जेटीए महेश अवस्थीले बताउनुभयो।

### कर्मचारीले तलब पनि पाएनन्

बैतडीका सरकारी कार्यालयका कर्मचारीले ३ महिनादेखि तलबभत्ता पाउन सकेका छैनन्। प्रदेश सरकारअन्तर्गत रहेका सरकारी कार्यालयका कर्मचारीले तलब पाउन नसकेका हुन्। दशैं आउनै लाग्दा समेत बैतडीका विभिन्न कार्यालयका कर्मचारीले तलब नपाउँदा समस्या भएको छ। प्रदेश मातहत आएका कार्यालयबाट तलब पाउन नसकेको कर्मचारीले बताएका छन्। गएको साउनदेखि अहिलेसम्म तलब नपाएको कृषि ज्ञान केन्द्र बैतडीका निमित्त कार्यालय प्रमुख कर्णबहादुर चन्दले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'साविकको जिल्ला कृषि विकास कार्यालयका कर्मचारीले तलब पाउन सकेको छैनन्।' तलबकै विषयमा बुझ्न आफू धनगढी पुगेको र अहिले तलब निकासा हुने छाँटकाँट नदेखिएको उहाँले बताउनुभयो।

दशैंको मुखमा तलब नपाउने चिन्तामा रहेको कृषि ज्ञान केन्द्र बैतडीका जेटीए महेश अवस्थीले बताउनुभयो। यस्तै प्रदेश सरकार मातहत स्थापना भएको भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कर्मचारीले पनि गएको साउनदेखि तलब नपाएको सो कार्यालयका पशु प्राविधिक बिसनसिंह विष्टले जानकारी दिनुभयो।

डिभिजन वन कार्यालयका कर्मचारीले पनि साउनदेखि तलब नपाएको डिभिजन वन अधिकृत प्रभात सापकोटाले बताउनुभयो। चाडपर्वको समय नजिक आए पनि तलब पाउने छाँटकाँट नदेखिएपछि कर्मचारी चिन्तित बनेका छन्। यस्तै बृहत्तर जलधार केन्द्र महाकालीका कर्मचारीले पनि तलब नपाएको साविकको भू-संरक्षण कार्यालय तत्कालीन प्रमुख अष्टभुजानन्द उपाध्यायले जानकारी दिनुभयो।

प्रदेश सरकार रहेका कार्यालयको तलब नपाउँदा नेपालीको मुख्य चाड दशैंतिहार नै खल्लो हुने भन्ने चिन्तामा कर्मचारी रहेका छन्।

## महिला हिंसा न्यूनीकरण गर्न 'स्कुल सम्पर्क'

नेपाल समाचारपत्र

खोटाङ

खोटाङमा बढ्दो महिला हिंसा, बलात्कार तथा हत्याजस्ता घटना न्यूनीकरणका लागि प्रहरीले 'स्कुल सम्पर्क' कार्यक्रम सञ्चालन गरेको छ। महिला हिंसा, बलात्कार र हत्या, बालविवाहजस्ता घटना दिनानुदिन बढिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय खोटाङ र सामुदायिक विकास सेवा केन्द्रले दिक्तेलस्थित सरस्वती माविमा 'स्कुल सम्पर्क' कार्यक्रमअन्तर्गत सचेतना जगाएको हो।

महिला हिंसा, दुर्व्यवहार र बलात्कारका घटना बढ्दो पाइएपछि कक्षा ११ र १२ का विद्यार्थीलाई सहभागी गराएर शुक्रबार सचेतनामूलक कार्यक्रम राखिएको जिल्ला प्रहरी कार्यालय खोटाङका डीएसपी राजकुमार केसीले बताउनुभयो। कार्यक्रममा यौन दुर्व्यवहार, महिला हिंसा, लागूऔषध, शान्ति सुरक्षा, साइबर क्राइम, कानुनी प्रावधान, सजाय व्यवस्था, ट्राफिक नियमलगायतका बारेमा छात्रछात्रालाई जानकारी दिइएको छ।

प्रहरी सहायक निरीक्षक सीता पछाइले हिंसालाई गुपचुप राख्दा आपराधिक मानसिकता भएका व्यक्तिको मनोबल झनै बढ्ने उल्लेख गर्नुभयो। महिला हिंसाविरुद्धको सचेतनामूलक अभियान अन्य विद्यालयमा पनि पुर्‍याइने सामुदायिक विकास सेवा केन्द्रका अध्यक्ष सनमान खड्काले बताउनुभयो।

## पार्टी एकताका लागि कार्यदल गठन

यमलाल भुसाल, बुटवल

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रदेश ५ ले पार्टीको एकता प्रक्रियाको कार्य सम्पादन गर्न प्रत्येक जिल्लामा ४ सदस्यीय पार्टी एकता सिफारिस कार्यदल गठन गरेको छ।

नेकपा प्रदेश ५ ले पार्टीको एकतालाई तल्लो तहसम्म पुर्‍याउनका लागि तहअनुसार एकता प्रक्रिया, जिल्ला मातहतका पार्टी कार्यालय एवं भौतिक सम्पत्तिको अभिलेख, दुवै पार्टीको सदस्यता अभिलेख तयार पार्न निर्देशन दिएको हो।

बिहीबार बुटवलमा बसेको नेकपा प्रदेश ५ को पहिलो बैठकले प्रदेश ५ मा पर्ने १२ वटै जिल्लामा ४ जना सदस्य रहेको पार्टी एकता सिफारिस कार्यदल गठन गरी उक्त समितिलाई २० दिनभित्र जिल्ला मातहतका पार्टी कमिटिको एकता प्रक्रियालाई पार्टीको निर्देशनअनुसार सम्पादन तथा प्रदेश कमिटीमा सिफारिस गर्न, दुई पार्टीका कार्यालय एवं भौतिक सम्पत्तिको अभिलेख तयार पारी मातहतका कार्यालयको व्यवस्थापनको योजनासहित प्रदेश कमिटीमा प्रस्ताव गर्न, दुवै पार्टीको पार्टी सदस्यता अभिलेखलाई एकीकृतरूपमा व्यवस्थित गर्ने र एकीकृत रिपोर्टलाई प्रदेश कमिटीमा सिफारिस गर्न निर्देशन दिएको हो।

त्यसकालाई नेकपा प्रदेश समितिको बैठकले रूपन्देहीमा गोपाल भट्टराई, निर्मल जिसी, शिवराज सुवेदी र अनुप बराल, पाल्पामा नारायण आचार्य, नेत्र पाण्डे, राधाकृष्ण कँडेल र राजेन्द्र विश्वकर्मा, गुल्मीमा बालसिंह काउछा, वीरबहादुर कार्की, बुद्धि जिसी र मधुकृष्ण पन्त, अर्घाखाँचीमा चेतनारायण आचार्य, छमकुमारी खनाल, जनार्दन खनाल र तोजबहादुर रायमाझीलाई जिम्मा दिइएको छ।

त्यस्तै पश्चिम नवलपरासीमा घनश्याम यादव, तुलसी पासी, थानप्रसाद गैरे र सीता पौडेल, कपिलवस्तुमा झवीलाल पोखरेल, डम्बर शर्मा, भानुप्रकाश श्रेष्ठ र रामचन्द्र शाह, दाङमा टीकाराम खड्का, तुलसीराम पुन, रामजी चौधरी र शिवकुमार आचार्य, प्युठानमा कृष्ण अधिकारी, तुलसीराम शर्मा, धनबहादुर रायमाझी र नारायण अधिकारी, रोल्पामा आशबहादुर पुन, कुमार दशौंधी, सुरेन्द्र घर्ती र हरिप्रसाद घर्तीलाई जिम्मेवारी प्रदान गरिएको नेकपाले शुक्रबार बुटवलमा पत्रकारसम्मेलन गरी जानकारी दिएको हो।

त्यसैगरी पूर्वी रुकुममा मेघबहादुर श्रेष्ठ, टोपबहादुर वली, सन्तमान पुन र होमप्रसाद श्रेष्ठ, बाँकेमा अक्कलबहादुर बम, अकोश कोइराला, गोपाल गिरी र प्रकाश सुवेदी तथा बर्दिया जिल्लामा पूर्ण शर्मा, भुवनकुमार थारु लक्ष्मीप्रसाद शर्मा र हरि ज्ञवालीलाई पार्टी एकीकरणसहितको जिम्मेवारी प्रदान गरिएको प्रदेश कमिटी अध्यक्ष ओनसरी घर्तीले बताउनुभयो। प्रदेश इन्चार्ज शंकर पोखरेल, सहइन्चार्ज दलबहादुर राना र सचिव जोगप्रसाद शर्मासहितको बैठकले पार्टी एकताबाहेकका कामलाई पनि अभियानकै रूपमा अगाडि बढाउने निर्णय गरेको छ।

स्थानीय तहको कामलाई प्रभावकारी र पारदर्शीरूपमा सञ्चालन गर्न पार्टीको तर्फबाट आवश्यक सहयोग गरी योजना, कानुन, सुशासन, कर प्रणाली र बजेटजस्ता विषयमा योजना निर्माण र कार्यान्वयन गर्न विज्ञको सहयोगमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको पत्रकार सम्मेलनमा प्रेसित प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

त्यस्तै नेकपा प्रदेश ५ को पार्टी कार्यालयको रूपमा बुटवलस्थित पुष्पलाल स्मृति भवनमा कार्यालय सञ्चालन गर्ने र कार्यालय सचिवका रूपमा बलराम अधिकारीलाई जिम्मेवारी प्रदान गरिएको छ। पत्रकार सम्मेलनमा बोल्दै प्रदेश कमिटीकी अध्यक्ष ओनसरी घर्तीले २००६ सालमा शुरू भएको कम्युनिस्ट आन्दोलन उकाली-ओराली गर्दै अहिले सबै मूलधारमा आएको बताउनुभयो। उहाँले कम्युनिस्ट सरकारले इतिहासमा पहिलो पटक बहुमतको सरकार बनाउने अवसर प्राप्त गरेकाले अब जनपक्षीय काम हुने विश्वास व्यक्त गर्नुभयो।

## सम्बन्धविच्छेद माग्नेमा पुरुष बढी

अनिल खत्री, गुल्मी

गुल्मीमा महिलाभन्दा पुरुषले सम्बन्धविच्छेदका मुद्दा दर्ता गरेका छन्। नयाँ मुलुकी संहिता लागू भएदेखि महिलाभन्दा पुरुषले श्रीमतीबाट सम्बन्धविच्छेद गर्न भन्दै अदालतमा मुद्दा दर्ता गराएका छन्।

भदौ १ गतेबाट झन्डै २ महिनामा महिलाभन्दा पुरुषले सम्बन्धविच्छेदका मुद्दा दायर गरेका छन्। महिलाभन्दा ३ जना बढी पुरुषले सम्बन्धविच्छेदका लागि जिल्ला अदालत गुल्मीमा मुद्दा दर्ता गराएका छन्।

नयाँ मुलुकी संहिता लागू भएको झन्डै २ महिना बित्नै लाग्दा ३९ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको जिल्ला अदालत गुल्मीका श्रेस्तेदार दुर्गाप्रसाद बस्यालले बताए। मुद्दामध्ये २१ वटा पुरुष र १८ वटा महिलाले सम्बन्धविच्छेदका लागि मुद्दा दर्ता गराएको श्रेस्तेदार बस्यालको भनाइ छ।

जिल्ला अदालत गुल्मीमा आएका सम्बन्धविच्छेदका मुद्दामा महिलाले खान लगाउन नदिएको, गालीगलौज गर्ने र कुटपिट गरेको, पारिवारिक संरक्षण नभएकोलगायतका छन्। पुरुषले पनि श्रीमतीले घरव्यवहार चलाउन नसकेको, पैसा हिनामिना गरेको, परपुरुषसँग सम्बन्ध राखेको र आफूलाई अनावश्यक मानसिक तनाव दिएकोलगायतका कारण देखाउँदै सम्बन्धविच्छेदका लागि अदालतमा मुद्दा दर्ता गराएको श्रेस्तेदार बस्यालले बताए।

अहिलेसम्म सम्बन्धविच्छेदका लागि महिला सोझै अदालत जान सक्ने व्यवस्था भए पनि पुरुष भने अदालत गएर मुद्दा दर्ता गर्ने कानुनी व्यवस्था थिएन। १ भदौबाट लागू भएको नयाँ मुलुकी संहिताले सम्बन्धविच्छेदका लागि पुरुषलाई पनि सोझै अदालत जाने बाटो खुला गरेको श्रेस्तेदार बस्यालले बताए । जिल्ला अदालत गुल्मीले पछिल्लो ३ महिनामा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट गरेको छ। पछिल्लो ३ महिनामा ९६ वटा मुद्दा जिल्ला अदालतमा आएको श्रेस्तेदार बस्यालले बताए। दर्ता भएका मुद्दामध्ये जिल्ला अलातल गुल्मीले साउनमा १० वटा मुद्दा फछ्र्यौट गर्ने उद्देश्य राखे पनि २१ वटा मुद्दा फछ्र्यौट गरेको जनाएको छ।

भदौमा २३ वटा मुद्दा फछ्र्यौट गर्ने उद्देश्य राखे पनि २७ वटा मुद्दा फछ्र्यौट भएका छन्। असोज महिना बित्नै लाग्दा १७ वटा मुद्दा फछ्र्यौट गर्ने उद्देश्य राखे पनि २१ वटा मुद्दा फछ्र्यौट भइसकेका छन्। कुल दर्ता भएका मुद्दामध्ये ६९ वटा मुद्दा फछ्र्यौट भइसकेको जिल्ला अदालत गुल्मीका श्रेस्तेदार बस्यालले बताए। दर्ता हुन आएका मुद्दामा सम्बन्धविच्छेद, अंशवण्डा, लेनदेन, जबरजस्ती करणी, मानचामल, जालसाजलगायतका प्रकृतिका रहेका छन्।

### गत वर्ष १ सय ४७ सम्बन्धविच्छेद

गत आर्थिक वर्ष ०७४/०७५ मा १ सय ४७ वटा सम्बन्धविच्छेदका मुद्दा जिल्ला अदालत गुल्मीमा दर्ता भएका थिए। जसमा १ सय २८ मुद्दा फछ्र्यौट भएका छन्। गत आर्थिक वर्ष ०७४/०७५ मा जबरजस्ती करणीका १७ मुद्दा दर्ता भएका थिए । जसमा एउटा हाडनाता करणीसमेत रहेको थियो। १७ मुद्दामा ९ वटा फछ्र्यौट भएको जिल्ला अदालतका सूचना अधिकारी समेत रहेका श्रेस्तेदार दुर्गाप्रसाद बस्यालले बताए। ८ वटा मुद्दा प्रक्रियामा रहेको अदालतले जनाएको छ।

यसैगरी अंशसम्बन्धी ५१, नाता कायमका १६, बहुविवाहका ९ बालविवाहका २ र मानाचामलका ३५ मुद्दा दर्ता भएका थिए। त्यस्तै सामाजिक अपराधका ५०, जालसाजीका १४, ज्यान मुद्दाका ११, गाली बेइज्जतीका १३ र चोरीका ४ मुद्दा दर्ता भएका थिए।

नेपाल नागरिक उड्डयन प्राधिकरण

CAAN

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**

गौचरको

**शिलवन्दी बोलपत्र आव्हानको सूचना**

(सूचना प्रकाशित मिति: २०७५/०६/२०)

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फ पहिलो तल्लामा २०.०१ बर्ग मिटरमा ब्राण्डेड पसल संचालन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्बन्धीत निकायबाट इजाजत प्राप्त गरेका इच्छुक फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही छुट्टाछुट्टै बोलपत्र फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

शर्तहरु:-

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय वाणिज्य बैंक गौचर शाखामा रहेको यस कार्यालयको हि.न. ५८ मा पसलको लागि रु.३,०००/- (तीन हजार मात्र) र सो रकममा लाग्ने मू.अ.कर समेत जम्मा गरी (पछी फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice), नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मू.अ.क. दर्ता प्रमाण पत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. बोलपत्रसाथ रजिस्टर्ड फर्म/कम्पनीको फर्म दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्बन्धीत निकायबाट व्यवसाय संचालन गर्न प्राप्त इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, VAT/PAN दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपी, व्यवसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफुले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ।
३. ठेक्का अवधि ३ वर्षको हुनेछ। उक्त ३ वर्ष अवधिको न्युनतम ठेक अंक रु.९९,६९,३०२/-(उनान्सय लाख उन्नसत्तरी हजार तीन सय दुई रुपैयां) कायम गरिएको छ।
४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो बक्यौता फछ्र्यौट नगरेको अवस्थामा त्यस्ता फर्म/कम्पनीहरुको बोलपत्र स्वीकृत गरिने छैन।
५. बोलपत्रसाथ आफुले कबोल गरेको वहाल रकमको ५% ले हुने रकम रा.बा.बैंक गौचर शाखामा रहेको यस कार्यालयको धरौटी हि.न ७० मा जम्मा गरेको सक्कल भौचर वा सो बराबर रकमको यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको ६ महिना अवधि भएको बैङ्क ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नु पर्नेछ।
६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरि सक्नु पर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धीत बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ।
७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ।
८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
९. रित नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
११. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ।
१२. यसमा नपरेका अन्य कुराहरु प्रचलित नियमानुसार हुनेछ।
१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ।

# विश्व

**भ्रमण**
जर्मन चान्सलर एन्जेला मर्केल दुई दिवसीय इजरायल भ्रमणका क्रममा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग याद भासिम होलोकास्ट स्मारक तथा संग्रहालयको अवलोकन गर्दै। दोस्रो विश्वयुद्धताका जर्मन नाजीले गरेको यहुदी नरसंहारका स्मरणमा उक्त संग्रहालय स्थापना गरिएको हो।



**धर्मगुरु**
तिब्बतका बौद्ध धर्मगुरु १७औं कर्मापा उग्येन तिन्ले दोर्जे। अमेरिकामा बस्दै आइरहेका कर्मापालाई फिर्ता ल्याउन भारत सरकार सक्रिय भएको छ। उनी तिब्बतीका लागि दलाइ लामापछिको दोस्रो ठूलो धर्म गुरु हुन्।



2018, OCT
Saturday
6

विश्व २ मिनेट

## अस्ट्रेलिया

### समुद्री सर्पको टोकाइ

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियामा एउटा माछा मार्ने सानो जहाजमा समुद्री सर्पको टोकाइका कारण एक बेलायती पुरुषको मृत्यु भएको शुक्रबार प्रहरीले जनाएको छ। ती २३ वर्षीय पर्वतारोहीलाई अस्ट्रेलियाको उत्तरी भूभागमा रहेको समुद्री तटमा स्थानीय समयअनुसार बिहान ९ बजे पानीमा फालिएको जाल तानेलगत्तै सर्पले टोकेको थियो। जहाजमै तैनाथ आपत्कालिन उद्धार टोलीलाई तत्काल ग्रुटे आइलान्ड्ट टापुनजिक बोलाइए पनि उनको ज्यान बचाउन नसकिएको बुझिएको छ। अस्ट्रेलियामा सम्भवतः पहिलोपटक यसरी समुद्री सर्पको टोकाइबाट कसैको ज्यान गएको हो।

## अमेरिका

### प्रदर्शनकारी गिरफ्तार

वासिंगटन, (एजेन्सी)

अमेरिकाको वासिंगटन डिसीमा राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सर्वोच्च अदालतका न्यायाधीशका लागि सिफारिस गरिएका ब्रेट काभानाउगको विरुद्ध प्रदर्शन गर्ने सयौं व्यक्तिलाई प्रहरीले गिरफ्तार गरेको छ। यस प्रदर्शनीमा समातिने ३ सय २ जनामध्ये कमेडियन एमि स्कमर र मोडल इमिली राताज्कोस्की पनि रहेका छन्। संघीय जाँचबुझ ब्युरो (एफबीआई) ले बाहिर ल्याएको प्रतिवेदनअनुसार रिपब्लिकनहरूले उनी यौन उत्पीडन अभियोगबाट सफाई पाएका व्यक्ति बताएपछि यो विरोध प्रर्दशनको आयोजना भएको हो। साथै काभानाउगको उम्मेदवारीमाथि चाँडै पहिलो चरणको मतदान हुँदै छ।

## भारत

### भाजपा हार्ने चेतावनी

नयाँदिल्ली, (एजेन्सी)

दिल्लीमा सन्तहरूको उच्च समितिको बैठकले सन् २०१९ को लोकसभा चुनावअगाडि यदि राममन्दिरको निर्माण नभएमा सत्तारुढ पार्टी भाजपा चुनाव हार्न सक्ने चेतावनी दिएका छन्। यदि सरकारले डेडलाइन नदिएमा आन्दोलन र विद्रोह एक मात्र विकल्प बच्ने सन्तहरूले धम्की दिएका छन्। शुक्रबार महन्त नृत्य गोपाल दासको नेतृत्वमा सन्तको एक प्रतिनिधिमन्डलले राष्ट्रपति रामनाथ कोविन्दसँग पनि भेटेका छन्। राष्ट्रपतिलाई सम्बोधन गरिएको ज्ञापनमा कानुन बनाइ राम जन्मभूमिमा भव्य मन्दिर बनाउन मार्ग प्रसस्त गर्न सरकारलाई भन्न आग्रह गरिएको छ।

## नेडरल्याण्ड


### अमेरिकालाई झट्का

द हेग, (एजेन्सी)

संयुक्त राष्ट्रको उच्च अदालतले अमेरिकालाई इरानमाथि मानवीय आवश्यकताका सामानको आपूर्तिमा लगाइएका प्रतिबन्ध हटाउन भनेको छ। अमेरिकाको ट्रम्प सरकारद्वारा परमाणु सम्झौताबाट हटेपछि लगाएको व्यापारिक प्रतिबन्धविरुद्ध इरानले गरेको अपिलमा अदालतको उक्त आदेश दिएको हो। अब अदालतको आदेशलाई ट्रम्प सरकारका लागि धक्काका रूपमा हेरिएको छ। यो आदेश विरुद्ध कुनै अपिल दायर गर्न सक्दैन। हेगस्थित अन्तर्राष्ट्रिय न्यायालयले बुधबार एक मतबाट अमेरिकाले लगाएको प्रतिबन्धमा केही वस्तुहरूको निर्यात छुट दिन भनिएको छ।

# बलात्कार विरुद्धका अभियन्ताद्वयलाई नोवेल शान्ति पुरुस्कार





स्टकहोम, (एजेन्सी)

युद्धग्रस्त क्षेत्रमा हुनेगरेका वलात्कारका घटना विरुद्ध अभियान चलाउने दुईजना नादिया मुराद र डेनिस मुक्वेजेलाई शुक्रवार सन् २०१८ को शान्तिका लागि नोवल पुरुस्कार दिने घोषणा गरिएको छ। मुराद इस्लामिक स्टेट ( आइएस ) का लडाकहरूबाट वलात्कृतगरी यातना दिइएकी इराकी याज्दी महिला हुन्।

पछि उनी याज्दी जनताको मुक्तिका लागि अभियन्ता बनेकी थिइन्। यस्तै गरी डाक्टर मुक्वेजे कंगोका यौन रोग विशेषज्ञ हुन्।

उनले आफ्ना अन्य सहकर्मिहरूसंग मिलेर दशौ हजार वलात्कार पिडित महिलाहरूको उपचार गरिसकेका छन्। संसारकै सबैभन्दा प्रतिष्ठित यस शान्ति पुरुस्कारका लागि यसवर्ष करिव ३ सय ३१ व्यक्ति विशेष र संघ संस्थाहरू मनोनयनमा परेका थिए।

नोवेल पुरुस्कार समितीका अध्यक्ष बेरिट रेइस- एन्डर्सनले शुक्रवार नर्वेको राजधानी ओस्लोमा पुरुस्कार वजयीहरूको नाम घोषणा भएपछि बताएका छन् , ' युद्धको हतियारको रुपमा यौन हिंसाको प्रयोगको अन्त्यका लागि गरिएका प्रयास स्वरुप तिनीहरूलाइ यो पुरुस्कार दिइन लागेको हो।

यि दुवैले यस्ता युद्ध अपराहरू बारे ध्यानाकर्षण र लड्नका लागि महत्वपुर्ण योगदान दिएका छन्। ' २५ वर्षिया मुरादलाई इस्लामिक स्टेटका लडाकुहरूले तीन महिना सम्म यौन दासी बनाएका थिए। त्यस दौरान उनको थुप्रै पटक खरिद बिक्री हुनुका साथै तिनीहरूले यौन तथा शारिरीक उत्पीडन गरेका थिए।

सन् २०१४ को नोभेम्वरमा आइएसको कब्जाबाट उम्किएपछि उनी याज्दी जनताका लागि अभियन्ता बनेकी थिइन्।

उनी मानव ओसार प्रसारका विरुद्ध लाग्दै विश्वलाई नै युद्धको हतियारको रुपमा हुने महिला वलात्कार विरुद्ध कडा कदम चाल्न आब्हान गरेकी थिइन्। आइएसको पन्जाबाट छुटेपछि मुरादलाई भेटेका पर्सियाका लागि वीवीसीका पत्रकार नाफिसेह कोहनाभार्डले पुरुस्कारको घोषणा लगत्तै ट्विट गदै उनीसंग भेटेको क्षणको तस्वीर राखेका छन्।

मुरादलाई सन् २०१६ मा काउन्सिल अफ युरोपले भाक्लाभ हाभेल ह्युमन राइट्स पुरुस्कार दिएको थियो। त्यहि वर्षको उत्तरार्धमा उनलाई पहिलो पटक मानव ओसार प्रसारको क्रममा बाँच्न सफलहरूका लागि संयुक्त राष्ट्र संघको सदभाव दुत बनाइएको थियो।

# रुस-भारतबीच एस-४०० हवाइ सुरक्षा क्षेप्यास्त्र प्रणालीमा सम्झौता



नयाँदिल्ली, (एजेन्सी)

भारत र रुसबीच बहुचर्चित एस-४०० सहमति अन्तिम चरणमा पुगेको छ। रुसी हतियार खरिदमाथि अमेरिकी नाकाबन्दीका बाबजुद उक्त सम्झौता भएको हो।

सम्झौता भएको केही घण्टापछि नै अमेरिका आफ्नो अडानमा नरम देखिएको छ। नयाँदिल्लीस्थित अमेरिकी दूतावासका तर्फबाट जारी गरेको पहिलो प्रतिक्रियामा अमेरिकी प्रतिबन्ध आफ्ना सहयोगी देशको सैन्य क्षमतामा नोक्सान पुर्‍याउने उद्देश्ये नरहेको उल्लेख गरेको छ।

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन भारतको दुई दिवशीय भ्रमण रहेका छन्। शुक्रबार भारतले अमेरिकाको चेतावनीलाई बेवास्ता गर्दै रुससँग बहुप्रतिक्षित एस-४०० हवाई सुरक्षा प्रणाली सम्झौतालाई अन्तिम रूप दिएको छ। सम्झौता सम्पन्न भएपछि अमेरिकाका तर्फबाट कडा प्रतिक्रिया आउन सक्थ्यो तर अमेरिकी दूतावासका तर्फबाट एउटा कूटनीतिक विज्ञप्ती जारी गरेको छ। भारत र रुसबीच शुक्रबार स्पेस सहयोगसहित ८ ठुला सम्झौता भए।

अमेरिकाले कुनै प्रकारको छुटमा विचार गर्न हरेक लेनदेनको आधारमा हुने र यसको पहिले नै अनुमान लगाउन सकिने उल्लेख गरेको छ। रुस विरुद्धको प्रतिबन्धले भारतमाथि कति असर हुनेछ भन्ने प्रश्नको जवाफमा अमेरिकी दूतावासका प्रवक्ताले भने- 'अमेरिकी कानुन काट्साको सेक्सन २ सय ३१ अनुसार हरेकको लेनदेनका आधारमा फरक-फरक धारणा हुनेछ। काट्सा लागू गर्नुको हाम्रो उद्देश्य रुसको घातक व्यवहारका लागि उसलाई दन्डित गर्नु हो। यसमा रुसको रक्षा क्षेत्रमा कोषको प्रवाह रोक्नु पनि पर्छ।

ए-४०० एयर डिफेन्स क्षेप्यास्त्र प्रणालीले शत्रुको लडाकू विमानलाई आकाशमै खसाल्न सक्छ। यो रुसको सबैभन्दा अत्याधुनिक लामो दुरीको जमिनबाट आकाशमा प्रहार गर्ने क्षेप्यास्त्र सुरक्षा प्रणाली मानिन्छ। यसले शत्रुको क्रुज, लडाकू विमान र व्यालिस्टिक क्षेप्यास्त्र खसाल्न सक्षम छ। यो प्रणाली रुसकै एस-३०० को परिमार्जित संस्करण हो। यस क्षेप्यास्त्र प्रणालीलाई अल्माज-आन्टेले तयार गरेको हो, जुन रुसमा सन् २००७ देखि सेवामा छ। यसले एकै राउन्डमा ३६ प्रहार गर्ने क्षमता राख्छ।

**एस-४00 पाउने चीन पहिलो**

रुसबाट यो रक्षा प्रणाली खरिद गर्ने चीन पहिलो राष्ट्र हो। सरकार-सरकार सहमतिमा चीनले सन् २०१४ मा उक्त प्रणाली लिएको थियो। रुसका तर्फबाट चीनलाई यसको आपूर्ति पनि शुरू भएको छ। यद्यपि चीनलाई दिएको यो क्षेप्यास्त्र प्रणालीको संख्याका विषयमा कुनै जानकारी दिएको छैन। भारतबाहेक रुस कतारलाई उक्त प्रणाली बेच्नका लागि पनि वार्ता गरिरहेको छ।

**सन् 2007 मा रुसमा तैनाथ**

४ सय किलोमिटर दूरीसम्म प्रहार गर्ने क्षमता राख्ने यस प्रणालीलाई रुसले सन् २००७ अप्रिल २८ मा तैनाथ गरेको थियो। अहिलेको स्थितिमा यो सबैभन्दा अत्याधुनिक हवाइ प्रतिरक्षा प्रणाली हो। विज्ञहरूका अनुसार इजरायल र अमेरिकाको क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली पनि बलियो छ तर ऊसँग लामो दूरी विस्तार क्षमतका क्षेप्यास्त्र छन्। रुससँग कम दूरीमा सशक्त प्रहार क्षमता भएको क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली छ। यो युद्धक विमानलाई प्रहार गरि खसाल्न सक्षम छ।

सन् १९६७ मा सोभियत संघले एस-२०० अंगारा एयर डिफेन्स सिस्टम विकास गरेका थिए। त्यसपछि एस ३०० विकाश गरेका थिए। यसको प्रयोग अहिले पनि भइरहेको छ। त्यसपछि सन् २००७ अप्रिल २८ मा रुसले एस-४०० क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली तैनाथ गरे। सन् २०२० सम्म रुस एस-५०० क्षेप्यास्त्र प्रणाली तैनाथ गर्ने तयारीमा छन्।



# जन्करद्वारा राष्ट्रवादको विरोध

भियना, (एजेन्सी)

युरोपेली आयोगका अध्यक्ष जीन क्लाउड जन्करले आफू युरोपमा बढ्दो राष्ट्रवाद र यो एउटा स्थायी सीमामा संकुचित हुनुको विरोधमा रहेको बताए। अस्ट्रियाको स्थापनाको १ सयौं वर्षगाँठमा भियनामा आयोजित समारोहलाई गरेको सम्बोधनमा जन्करले युरोपेली संघले संयुक्त राज्यको मोडलमा विकसित हुने सपना पाल्न नहुने तर विपत्मा समेटिएका राष्ट्रको दायराबाट अगाडि बढ्नुपर्ने बताए।

उनले युरोपेली संघ (ईयू) भित्र राष्ट्रवाद र लोकप्रियतावाद बढिरहेकोमा पनि सचेत गराए। तर परियोजनाका केही आलोचकहरूको स्थिति बुझ्न सक्ने पनि उनले बताए। अस्ट्रिया वर्तमानमा एक सेतुमा अहं भूमिका निभाइरहेको र यसले युरोपेली संघका समर्थकका रूपमा सशक्त योगदान दिएको, -उनले थपे।

अस्ट्रियाली चान्सलर सेबस्टियन कर्जले अस्ट्रिया विश्वको सबैभन्दा राम्रा देशमध्येको एक भएको बताउँदै आफ्नो देशको प्रशंसा गरे। अस्ट्रियामा विविधता, बलियो आर्थिक विकास, सामाजिक कल्याण र राजनीतिका सबै स्तरले मिलेर काम गर्नेजस्ता विशेषता रहेको उनले बताए।



# पूर्वराष्ट्रपतिलाई १५ वर्ष कारावास



सोल, (एजेन्सी)

दक्षिण कोरियाका राष्ट्रपति लि म्युंग वाकलाई भ्रष्टाचारको अभियोगमा १५ वर्ष लामो कारावास सजाय सुनाइएको छ। शुक्रबार राजधानी सोलस्थित एक अदालतले लिलाई घुसखोरी, आर्थिक अनियमितता र पदीय अधिकारको दुरुपयोग गरेको अभियोगमा १ करोड १५ लाख अमेरिकी डलर जरिवाना तिर्न पनि आदेश दिएको छ।

पूर्वराष्ट्रपति लिले भने आफूलाई राजनीतिक पूर्वाग्रह राखेर अभियोग लगाइएको दावी गरेका छन्। उनी कारगार सजाय सुनाइएको दक्षिण कोरियाका चौथो पूर्वनेता भएका छन्।

गत अप्रिलमा मात्र उनीपछि राष्ट्रपति रहेकी पार्क गेयुन ह्येलाई पदीय अधिकार दुरुपयोग र हस्तक्षेप गरेको अभियोगमा ३३ वर्ष लामो कारावास सजाय सुनाइएको थियो। स्वास्थ स्थिति ठीक नरहेको बताउँदै सजाय सुनाइँदा लि अदालतमा उपस्थित नरहेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।

सोल केन्द्रीय जिल्ला अदालतका न्यायाधीशले भनेका छन्- 'अपराधको प्रकृति गम्भीर रहेकाले अभियुक्तमाथि कडा सजाय अवश्यसंभावी थियो।' अदालतले पूर्वनेता लिले चर्चित इलेक्ट्रोनिक्स कम्पनी सामसुङका अध्यक्ष लि कुन हिलाइ क्षमादान दिनका लागि अर्बौं वोन घुस स्वीकारेको अभियोगमा दोषी करार गरेको थियो। तर सो कम्पनीले भने अझैसम्म पनि लिलाई आफूले कुनै पैसा नदिएको अडान लिँदै आएको छ।

'आफ्नो छोरीज्वाइँले बुहारी भगाएर लगेको छ', उनले दुखेसो पोखिन्- 'यो कलियुगमा यस्तो अचाक्ली के भइरहेको छ?' उनी चिन्तित हुँदै भगवान पुकार्दै छिन्।

# ज्वाइँले भगाए जेठानकी श्रीमती

**मनोज भट्ट, महेन्द्रनगर**

कञ्चनपुर भीनपा-५ सुकासालमा बसोबास गर्दै आएका ३० वर्षीय पन्नालाल मोर्याले आफ्नै जेठान हरिस दमाईकी श्रीमती द्रोपती दमाईलाई भगाएका छन्। मार्याले द्रोपतीलाई मायाजालमा पारेर वा केही आर्थिक प्रलोभनमा पारेर बेच्नका लागि लगेको बारे प्रष्ट नभएको परिवारले बताएका छन्। पन्नालालको स्थायी घर भने भारतको पिलिभित हो।

बहिनी ज्वाइँले आफ्नै श्रीमती भगाउँदा जेठान हरिश दमाई भने एकदमै हैरान भएको बताउँछन्। हरिसकी आमा रोहिता दमाई, दिदी ईश्वरी मोर्या (दमाई) सहित उनीहरूलाई खोजबिन र कारबाहीका लागि शुक्रबार उजुरी गर्न जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा आएका थिए।

पन्नालालकी श्रीमती ईश्वरीले बिहीबार दिउँसो १२ बजेतिर श्रीमान् तरकारी ल्याउँछु भन्दै बजार हिँडेको बताइन्। उता भीमदत्त नगरपालिका-१० तिलकेनीका हरिस दमाईकी श्रीमती द्रोपती दमाई पनि पेट दुखेको भन्दै जिमुवा अस्पताल आउँछु भन्दै घरदेखि हिँडेकी थिइन्।

'दुवैजना एकैसाथ एकै समयमा आ-आफ्नो घरबाट निस्किए, अबेरपखसम्म पनि दुवै घर आएनन्', ईश्वरीले भनिन्- 'मैले मेरा श्रीमान् घरमा नआएपछि उता माइतमा फोन गरेर द्रोपतीको बारेमा बुझें। उनी पनि घर आएकी थिइनन्। मलाई थाहा भयो कि दुवैजना भागेर भारत गए।' दुवैले चलाउँदै आएको फोन पनि नलागेपछि भागेको थाहा भएको उनले बताइन्। पन्नालाल र ईश्वरीको ११ वर्ष पहिले मागी विवाह भएको थियो। उनीहरूका दुई छोरामात्रै छन्। यता हरिस र द्रोपतीको पनि १२ वर्षअघि मागी विवाह भएको थियो। उनीहरूको दुई छोरीमात्रै छन्। पन्नालाल र द्रोपतीबीच फोन सम्पर्क हुने गरेको पन्नालालकी श्रीमती ईश्वरीले बताइन्। 'दुवै जनाबीच फोन हुन्थ्यो', उनले भनिन्- 'म त सोच्थें भाउजुसँग फोन गर्दैमा के हुन्छ।' आज श्रीमान्का कारण दाजु र बहिनीको जिन्दगी बर्बाद भएको उनले दुखेसो पोखिन्। हरिसले ज्वाइँसँगै भागेर गएकी श्रीमतीलाई कुनै पनि हालतमा स्वीकार नगर्ने जिकिर गरेका छन्। 'मेरी बहिनीका श्रीमान्सँग गएकी श्रीमतीलाई राख्ने कुरै भएन', उनले भने- 'यस्तो धोका दिनेसँग कसरी बस्न सकिन्छ?'

(हरिस-ईश्वरी) की आमा रोहिता दमाई यतिबेला ५०औं वसन्त पार गरेकी छिन्। घटनाले उनलाई आकासबाट खसेको जस्तो भएको छ। 'आफ्नो छोरीज्वाइँले बुहारी भगाएर लगेको छ', उनले दुखेसो पोखिन्- 'यो कलियुगमा यस्तो अचाक्ली के भइरहेको छ?' उनी चिन्तित हुँदै भगवान पुकार्दै छिन्। दुवैलाई कारबाही गर्न उनले आग्रह गरिन्। कञ्चनपुर प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ।

## ३ सय ३५ को पाइन्टलाई १२ सय ७० मा बेचिँदै

विराटनगर, (नेस)

विराटनगरका विभिन्न पसलमा खरिद मूल्यभन्दा अत्यधिक मुनाफा लिएर बिक्री गर्ने गरेको भेटिएको छ। दुई दिनदेखि जारी राखिएको अनुगमनका क्रममा बिक्रेताले सर्वसाधरणलाई अत्यधिक ठगिरहेको पाइएको हो।

अनुगमानका क्रममा विराटनगरको मेनरोडमा रहेको न्यु चाइना बजारले नाफासहित ३ सय ३५ रूपियाँमा बेच्नुपर्ने जिन्सको पाइन्टलाई १२ सय ७० मा बेचेको भेटिएको छ। यस्तै पाल भेराइटिजमा लोट्सको सन्स क्रिम एसपीएफ ७० को नाफासहित ६ सय ९० मा बेच्नुपर्नेमा ९ सय ५० मा बेचेको भेटिएको छ। उनीहरूलाई तत्काल कारबाही गर्नुको साटो आवश्यक काजगपत्रसहित ७ दिनभित्र वाणिज्य कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको छ।

यस्तै सगुन ट्रेडर्समा वाणिज्य कार्यालयबाट जारी भएको प्रमाणपत्र नवीकरण नभएको हुँदा ७ दिनभित्र आवश्यक कागजपत्रसहित उपस्थित हुन निर्देशन दिइएको छ। यस्तै पण्डितजीको मिठाइ पसलमा उत्पादन मिति र उपभोग्य मिति संकेत नदेखिएकाले त्यो संकेत राख्न निर्देशन दिइएको छ।

## बालिका करणी प्रयास गर्ने शिक्षक पक्राउ

**नानीराम नेपाल, सिन्धुपाल्चोक**

ट्युसन पढ्न गएका बेला १० वर्षीया बालिकालाई जबरजस्ती करणी प्रयास गरेको अभियोगमा चौतारा साँगाचोकगढी नगरपालिका-१० स्थित सुकुटे माध्यमिक विद्यालयका एक शिक्षक पक्राउ परेका छन्।

बिहीबार साँझ ट्युसन पढ्न आएका बेला सोही विद्यालयमा कक्षा ४ मा अध्ययनरत १० वर्षीया सुकुटे ए (नाम परिवर्तन) लाई ललाइफकाई करणीको प्रयास गर्ने सिराहा नवराजपुर गाउँपालिका-५ घर भएका शिक्षक भोगेन्द्र यादवलाई प्रहरीले पक्राउ गरी अनुसन्धान शुरू गरेको छ।

पीडित बालिकाका बाबुले घटनाबारे थाहा पाएपछि बिहीबार राति १० बजे नै प्रहरीमा खबर गरेपछि शिक्षक यादवलाई प्रहरीले पक्राउ गरेको थियो। 'खबर पाउनासाथ प्रहरी खटिएर प्रारम्भिक अनुसन्धान गर्‍यो', जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विमलराज कँडेलले भने- 'निज शिक्षकलाई नियन्त्रणमा लिएर अनुसन्धान शुरू गरेका छौं।' थप अनुसन्धानका लागि शुक्रबार यादवलाई ७ दिनको म्याद थप गरिएको प्रनाउ कँडेलले बताए।

प्रहरीका अनुसार ट्युसन पढ्न आएका बेलामा बालिकालाई शिक्षक यादवले ललाइफकाई विद्यालयको अफिस कोठामा लगेका थिए। बालिकालाई अफिस कोठामा लगि सुरुवालसमेत खोलेर कुर्सीमा सुताएको अवस्थामा बालिकाको बाबुले देखेपछि प्रहरीमा तत्कालै खबर गरेका थिए। प्रहरीका अनुसार बालिकाको दुवै गालामा नीलडाम छ। पक्राउपछि प्रारम्भिक अनुसन्धानका क्रममा शिक्षक यादवले गल्ती भएको भन्दै एकपटकका लागि माफी दिन भनेको सुकुटेका एक स्थानीयले बताए। 'आफूले पढाउने बालिकालाई यस्तो हर्कत गर्ने शिक्षकलाई कुनै पनि हालतमा माफी दिनुहुँदैन', ती स्थानीयले भने- 'दश मिनेट मात्रै ढिला भएको भए बलात्कार गरेर मार्ने मनसाय रहेछ।'

पीडित बालिकाले आफूलाई निज शिक्षकले जबरजस्ती स्कुलको अफिस कोठामा लगि जबरजस्ती गरेको बयान दिएकी छन्। शुक्रबार जिल्ला प्रहरी कार्यालयमा उपस्थित भएर बालिकाले ट्युसन पढ्न गएका बेला शिक्षक भोगेन्द्रले अफिस कोठामा जबरजस्ती लगेर सुरुवाल खोली कुर्सीमा सुताएको भनेकी छन्।

## राप्ती तटीय क्षेत्रमा युरोपियन राजदूत

**नेपाल समाचारपत्र**

बाँके



युरोपियन युनियनकी राजदूत भेरोडिना केडीले बाँकेको डुडुवा गाउँपालिकाअन्तर्गत बाढी र डुबानबाट प्रभावित भइरहने क्षेत्रको अवलोकन तथा बाढीपीडितसँग भेटघाट गरेकी छिन्।

राप्ती नदीको तटीय क्षेत्र होलिया र आसपासमा केडीले अवलोकन गरेकी थिइन्। त्यसक्रममा केडीले गाउँपालिकाले बाढी रोक्न बनाएका योजनाहरू राम्रा रहेको प्रतिक्रिया दिइन्। राजदूत केडीले बाढी आउँदा बालबालिका, गर्भवती महिला र जेष्ठ नागरिकलाई कसरी जोगाउने गरिन्थ्यो भन्ने जिज्ञासा गरेकी थिइन्।

गाउँपालिकाका अध्यक्ष नरेन्द्रकुमार चौधरीले गाउँपालिका क्षेत्रमा विपद् व्यवस्थापनको अवस्थाका बारेमा जानकारी गराउँदै जिल्लाकै अति प्रभावित क्षेत्र रहेकाले पञ्चवर्षीय योजना निर्माण गरेर अघि बढेको जानकारी दिए। उनले विपद्बाट जोगाउन नदी कटानको नियन्त्रण, आश्रयस्थल निर्माण, नागरिक पुनर्स्थापना गरिरहेको बताउँदै त्यसका लागि दातृ निकायको ध्यानाकर्षण गराए।

प्रमुख चौधरीले गाउँपालिकाले गतवर्ष प्रभावित क्षेत्रमा ३ वटा आश्रयस्थल निर्माण गरेको जानकारी दिए।

नेपाल रेडक्रस सोसाइटी बाँकेको पहलमा राजदूतले बाढी प्रभावित क्षेत्रको अवलोकन तथा स्थानीयसँग भेटघाट गरेकी हुन्। कार्यक्रममा रेडक्रस बाँके सभापति गोर्बद्धन सिंह, सम्झना गाउँपालिका उपाध्यक्ष साहिदा बानोलगायतको उपस्थिति थियो।

## विराटनरमा यही महिना रेल आउने

विराटनगर, (नेस)

भारतको बथनाहादेखि विराटनगर-१८ स्थित बुधनगरसम्मको ८ किलोमिटर क्षेत्रमा यही महिनाभित्र रेल आउने भएको छ। रेल ल्याउनका लागि आवश्यक पूर्वधारको काम ९५ प्रतिशत पूरा भएकाले परीक्षणस्वरूप बुधनगरसम्म रेल ल्याउने तयारी गरिएको हो। नेपाल रेल विभागका प्रमुख बलराम मिश्रले कटहरी-बथनाहा रेलमार्गको अवलोकन गरेका छन्।

भारतको बथनाहादेखि विराटनगर-१८ स्थित बुधनगरसम्मको ८ किलोमिटर क्षेत्रमा भने रेलको लिक बिछ्याउने काम सम्पन्न भइसकेको छ। भारतीय निर्माण कम्पनी इर्कनले बथनाहा कटहरी रेल्वे परियोजना निर्माणको काम अन्तिम चरणमा पुर्‍याएको छ। बाँकी रहेको ८ किलोमिटर क्षेत्रमा पनि लिक बिछ्याउने काम धमाधम भइरहेको छ। भारतीय ३ सय ७३ करोड रूपियाँ लागतमा निर्माण भइरहेको उक्त परियोजनाले हालसम्म २ सय ३५ करोड बजेट खर्च भइसकेको र बथनाहादेखि बुधनगरसम्म ९५ प्रतिशत काम भएको उक्त कम्पनीले जनाएको छ।

कम्पनीका जोइन्ट जेनेरल मेनेजर प्रदीप कुमारले दिएको जानकारीअनुसार नेपालतर्फ बाँकी रहेको अन्य ८ किलोमिटर क्षेत्रमा पनि ८० प्रतिशत काम सम्पन्न भइसकेको छ। भारतको बथनाहादेखि नेपालको कटहरीसम्म १८ दशमलव ६ किलोमिटर रहेको छ। प्रदीप कुमारले आउँदो अक्टोबर मसान्तसम्ममा यही महिनाभित्रमा बुधनगरसम्म परीक्षणका लागि रेल ल्याउने तयारी भएको बताए। नेपालतर्फको कटहरीमा जग्गा मुआब्जा विवादका कारण कामले गति लिन भने सकेको छैन।

सन् २०११ जनवरी २८ देखि शुरू भएको आयोजना लामो समयसम्म मुआब्जा विवादमा गुज्रिएको थियो। सन् २०१३ डिसेम्बरमा सम्पन्न गर्ने गरी भारतीय निर्माण कम्पनी इर्कनले ठेक्का लिएको सो काम विभिन्न अड्चन र ढिलासुस्तीले ७ वर्ष बित्न लाग्दा पनि सम्पन्न हुन सकिरहेको छैन।

### स्वस्थ...

त्यसै गरी यो वर्ष दशैंमा राजधानीलाई फोहोर हुन नदिन कामपाले विभिन्न मठ मन्दिरमा कन्टेनरको व्यवस्था गर्ने भएको छ।

दूषित मासु खाँदा डायरिया (झाडापखाला), इकोलाई , क्षयरोग, ब्रुसेलासिस, एन्थ्रास, जुका पर्ने, आउँ रगतमासी, चर्मरोग, छारेरोग, बान्ता आउने, पातलो दिसा लाग्ने र खान मन नलाग्ने, छाला चिलाउने, फुस्रो हुने, घाउखटिरा आउने आदि हुन्छ। यसबाट ब्रेनसिस्ट, दमलगायतका रोग लाग्न सक्छ। त्यसैले दशैंमा यस्ता रोग लाग्नबाट जोगिन निरोगी खसीबोका, हाँस कुखुरा, भेंडा, च्याङ्ग्रा, राँगाको मासु खानुपर्छ।

विचार नपुर्‍याई मासु खाँदा यस्ता किसिमका रोग लाग्ने बढी सम्भावना रहने पशु चिकित्सकको भनाइ छ। पशु चिकित्सक डा. अञ्जिरमान सिंह डंगोलले मासु किन्दादेखि पकाउँदासम्म ध्यान दिनुपर्ने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'मासु खरिद गर्दा रोग नलागेको खसीबोका छान्नुस्, पकाउँदा भान्छामा ध्यान दिनुस्।' उहाँले दशैंमा राजधानीका बिक्री गर्न ल्याइने केही खसीबोका बिरामी हुने गरेको बताउनुभयो। तत्काल बिरामी भएकालाई २४ घण्टा उपचार गर्न सम्भव भए पनि दीर्घ रोग लागेका चौपायालाई उपचार गरेर मासु खान सम्भव नभएको उहाँको भनाइ छ।

दशैंमा धेरै मासुको प्रयोग हुने भएकाले किनेर ल्याएको मासु सय डिग्री तापक्रममा पकाएर खानुपर्ने उहाँको धारणा छ। ताजा मासु तत्काल पकाएर खाँदा कुनै प्रकारको रोग नलाग्ने तर १/२ घण्टा खुला राखेर पकाउँदा किटाणु छिरेर असर पर्ने सम्भावना रहन्छ। कि त तत्काल होइन भने ४-५ घण्टासम्म फ्रिजमा राखेर पकाएर खाँदा शरीरमा कुनै असर नपर्ने उहाँको भनाइ छ।

### पप्पु...

अख्तियारले निमित्त डिभिजन प्रमुख नवराज केसी, इन्जिनियर प्रेमप्रसाद चुवाईं, हरिबहादुर खड्का, दीपेन्द्रबहादुर विष्ट, सब इन्जिनियर कार्मातेन्जिङ तामाङ र गोविन्द गैरेविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ। केसीसँग ६ करोड, ९२ लाख ४६ हजार ९ सय २१, चुवाईसँग ३ करोड १९ लाख ३८ हजार ५ सय ७९, खड्कासँग ७ करोड, ५४ लाख ४८ हजार ६१, विष्टसँग १ करोड ६१ लाख ८३ हजार ४ सय ४५ रुपियाँ बिगो दाबी गरिएको छ।

त्यस्तै सबइन्जिनियर तामाङसँग १५ करोड ८ लाख ८४ हजार ७ सय १३ र गैरेसँग १ करोड ९५ लाख ८८ हजार ४ सय ३७ रुपियाँ बिगो माग गरिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जनाएको छ।

### निर्मलाको...

च्यानलको प्रचार र आम्दानीको स्रोत बढाउन ती च्यानलले लिंक सेयरसमेत गरेको देखिन्छ ।

युट्युबमा भिडियो सेयरको संख्या धेरै भए तीनदेखि पाँच लाख रूपियाँसम्म कारोबार हुने भएकाले यसो गरेको युट्युब च्यानल चलाउँदै आएकाहरूको दाबी छ।

युट्युब च्यानल भर्खरै सञ्चालन गर्दै आउनुभएका रमेश अर्यालले भन्नुभयो- 'युट्युब एकाउन्ट खोलेर एउटा भिडियो हालेपछि १० हजार भ्युज पुगेपछि युट्युबले खातामा पैसा हालिदिन्छ भन्ने सुनेर मैले पनि युट्युब च्यानल खोलेको छु।'

नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष विपुल पोखेल सूचना सम्प्रेषणमा युट्युब च्यानलले भूमिका खेले पनि तथ्यलाई बङ्ग्याउन नहुने बताउनुहुन्छ।

महानगरीय प्रहरी परिसर टेकुका प्रवक्ता होविन्द्र बोगटीले युट्युबले गरेको बदमासीको बारेमा उजुरी नपरेको बताउनुभयो।

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'उजुरी पर्‍यो भने मुद्दा चलाउँछौं। अहिलेसम्म उजुरी परेको छैन। यदि उजुरी परेर दोषी ठहरिए विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गत कारबाही हुन्छ।'

१३ वर्षीया बालिका निर्मलाको साउन ११ गते कञ्चनपुरमै बलत्कारपछि हत्या गरिएको थियो। हत्या कसले गरेको हो भन्ने दोषी किटान हुन नसक्दा घटनामा राजनीतीकरण गर्न थालिएको छ। कतिपय गैरसरकारी संस्थाले बजेट नै छुट्याएर निर्मलाका नाममा दिनहुँजस्तो विरोधका स्वरहरू सुनिएको छ। कतिपयले न्यायका लागि सडकमा आवाज उठाएको भए पनि अधिकांश भने विदेशी डोनरको पैसामा रमाइरहेका छन्।

### नेकपाभित्र...

'दुई अध्यक्षबीच दशैंअगाडि नै पार्टी एकताको टुंगो लगाउने गरी छलफल अगाडि बढाउने सहमति भएको छ र यसबारे सचिवालयको बैठकमा थप छलफल हुनेछ' -उहाँले भन्नुभयो।

त्यसै गरी दुई अध्यक्षसँग असन्तुष्ट बन्नुभएका वरिष्ठ नेता माधवकुमार नेपाल, झलनाथ खनाललगायतका नेतासँग अनौपचारिक छलफल गर्नेसमेत निर्णय भएको छ। पार्टीका दुई अध्यक्षले पार्टी एकता प्रक्रियामा एकलौटी ढंगले निर्णय गरेको भन्दै नेपालले पछिल्लो समय पार्टी र सरकारको कडारूपमा आलोचना गर्दै आउनुभएको छ।

नेता नेपालले असोज १२ गते स्थायी समितिका सदस्य भेला पार्दै पार्टी सचिवालयले गरेको प्रदेश कमिटीको नेतृत्व सिफारिस मान्य नहुने चेतावनी दिनुभएको थियो। दुई दिन अध्यक्षद्वयले आन्तरिक गृहकार्य गर्ने र २१ गते सचिवालयको बैठक बसेर आवश्यक निर्णय गर्ने निर्णय पनि भएको बताइएको छ। पार्टी एकता, सरकार सञ्चालनको विषयलाई लिएर पछिल्लो समयमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसभित्रबाट भन्दा पनि आफ्नै पार्टीभित्रबाट सरकारको आलोचना हुन क्रम बढेको छ।

पार्टी एकता भएको चार महिनाको अवधिमा पार्टीको केन्द्रीय ४ सय ४१ जना, प्रदेश कमिटीको इन्चार्ज, सहइन्चार्ज, अध्यक्ष र सचिवबाहेक अन्य जनसंगठनको टुंगो लाग्न सकेको छैन। पार्टी एकताका प्रक्रियामा गुटगत स्वार्थ झाँगिँदै गएपछि नेकपाभित्र एकता प्रक्रिया जटिल बन्दै गएको छ। प्रदेशको नेतृत्व चयनमा अध्यक्षद्वय ओली र प्रचण्डले एकलौटीरूपमा निर्णय गरेको भन्दै पार्टीका वरिष्ठ नेताद्वय नेपाल, खनाल अर्का नेता नारायणकाजी श्रेष्ठसमेत रुष्ट बन्दै आएका छन्। तीन महिनाभित्र पार्टीको सांगठानिक एकता प्रक्रिया टुंगो लगाउने प्रतिबद्धता गरे पनि चार महिना बितिसक्दा समेत पार्टी एकता प्रक्रियाले पूर्णता पाउन सकेको छैन।

### दशैं...

केन्द्रका महानिर्देशक बाबुराम पौडेलले पोस्टिङको समस्याले गर्दा तलब खुवाउन ढिलो भएको दाबी गर्दै भन्नुभयो- 'कर्मचारी पोस्टिङ भएको कार्यालयबाटै तलब खुवाउने व्यवस्था गर्न लागेका छौं।

मन्त्रालयले इकाईका लागि अर्थ र गृह मन्त्रालयमार्फत जिल्ला प्रशासन कार्यालयमा पत्र पठाएको उहाँको भनाइ छ। 'शिक्षाको इकाइ प्रमुख जिल्ला अधिकारीको मातहतमा छ। अब समस्या भनेको केन्द्रको हो, मन्त्रालयसँग छलफल गरी दशैंअगावै समस्या समाधान गर्ने तयारीमा छौं' -पौडेलले भन्नुभयो।

मन्त्रालय स्रोतले भने बजेट अपुग भएमा दोस्रो चौमासिकमा व्यवस्थापन गर्ने गरी समस्या समाधान गर्न केन्द्रलाई निर्देशन दिइसकिएको बताएको छ। केन्द्रका उपमहानिर्देशक टेकनारायण पाण्डेले केही दिनमै तलब निकासा हुने दाबी गर्नुभयो।

केन्द्रका एक उपसचिवले यसपटक पनि आश्वासन मात्र आउन सक्ने शंका गर्दै भने- 'तलब खुवाउँछौं भनेको दुई महिना बितिसक्यो। दशैंको परेवा तिथिसम्ममा पेश्कीसहित तलब दिने प्रचलन थियो। दशैं लागिसक्यो, अति भो। किनमेलको चटारो छ, तलब आउने नआउने अत्तोपत्तो छैन, लेख्दिन पर्‍यो।'

तर विभिन्न शाखाबाट आएका केही उपसचिव एकै ठाउँमा थुप्रिएको र ती उपसचिवलाई कुनै जिम्मेवारी नदिएकाले तलब खुवाउन समस्या परेको केन्द्रको धारणा छ।

## बलात्कारपछि हत्या गर्ने युवकलाई सर्वस्वसहित जन्मकैद

बैतडी, (नेस)

कञ्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको २ महिना बढी भइसक्दासमेत वास्तविक दोषी पत्ता नलागेका बेला बैतडीमा भने किशोरीलाई बलात्कारपछि हत्या गरेको पुष्टि गर्दै जिल्ला अदालतले एक युवकलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको छ। बैतडी जिल्ला अदालतका श्रेस्तेदार भीमप्रसाद भुसालका अनुसार डिलाशैनी गाउँपालिका-४ पिरेणीका २२ वर्षीय उमेशप्रसाद जोशीलाई सर्वस्वसहित जन्मकैद र थप ८ वर्ष कैद सुनाइएको हो।

जोशीलाई जिल्ला न्यायाधीस माधवप्रसाद अधिकारीको एकल इजलासले आज उक्त कैद सजाय सुनाएको श्रेस्तेदार भुसालले बताउनुभयो। कैद सजाय सुनाइएका जोशीले २०७४ फागुन १७ गते साली नाता पर्ने पुर्चौडी नगरपालिका-१ हाटकी १७ वर्षीया डम्बरा भट्टलाई जबरजस्ती करणी गरी हत्या गरेका हुन्। पुर्चौडीमा व्यवसाय गरिरहेका जोशीले विद्यालयबाट घर फर्किरहेकी किशोरीलाई आफ्नै कोठामा बोलाएर जबरजस्ती करणी गरी हत्या गरेको पुष्टि भएको छ। श्रेस्तेदार भुसालले भन्नुभयो- 'अभियोग पुष्टि भएपछि उक्त कैद सजाय सुनाइएको हो।'

यसैबीच बैतडीको मेलौली नगरपालिका-२ का २९ वर्षीय किशोरराम ओडले १४ वर्ष कम उमेरकी आफ्नै सालीलाई जबरजस्ती करणी गरेको पुष्टि भएपछि जिल्ला अदालतले उनलाई ८ वर्ष कैद र ४० हजार क्षतिपूर्तिको फैसला सुनाएको छ। ओडले गत जेठ ८ गते आफ्नै सालीलाई जबरजस्ती करणी गरेका थिए।

मुद्दा नं. [illegible] (074-CP-1328) फाँट नं. ५ (ख)
मोरङ जिल्ला अदालतबाट जारी भएको राजकुमार तामाङको छोरी महेन्द्र तामाङकी श्रीमती जिल्ला सिन्धुली कमलामाई नगरपालिका वडा नं. २ भद्रकाली टोल बस्ने प्रतिवादी सुजना तामाङ र ऐ. ऐ. बस्ने प्रतिवादी महेन्द्र तामाङका नाउँको ३० दिने म्याद ..........१
[illegible]

नेपाल इजरायल कृषि समन्वय समिति, सातदोबाटो, ललितपुरको कृषि तालिमको गोला प्रथाद्वारा भएको नतिजा प्रकाशनमा सफल उम्मेदवारहरुको रोलनम्बरहरु:

रोल नं. ०३, ०८, १३, १५, २४, २७, ३३, ३५, ३८, ५१, ६०, ६४, ६७, ७०, ७४, २७८, २९२, ३०५, ३११, ३१२, ३१४, ३४१, ३६४, ३७१, ४०२, ४२४, ४४१, ४६१, ४७८, ४८६, ५०१, ५५४, ५९०, ६०४, ६२३, ६५०, ६७२, १३०६, १३२७, १३४७, १३६४, १३८२, १३९०, १४०५, १४०७, १४१४, १४२६, १४४१, १४५०, १४७१, १४७५, १४९१, १५२८, १५३४, १५४८, १५६२, १५७४, १५९१, १६०३, १६०४, १९०१, १९११, १९२०, १९२८, १९३३, १९३९, १९५२, १९५९, १९६६, १९७१, १९७५, १९८२, १९८६, १९९४, १९९७, २०००, २००४, २००५, २००८, २०१९, २०३२, २०३७, २०४१, २०५४, २०६१, २०७०, २११६, २१२३, २१३२, २१३३, २१३५, २१४४, २१५०, २१५४, २१६०, २१७५, २१८४, २१९१, २१९७, २२०५, २२०८, २२१३, २२२४, २२३०, २२३८, २२४८, २२५४, २२६१, २२६७, २२७०, २२७३, २२८०, २२८९, २२९१, २२९८, २३०३, २३०९, २३१६, २३३४, २३४४, २३५६, २३६१, २३६८, २३७५, २३८०, २३८६, २३९५, २३९८, २४०२, २४०८, २४१३, २४१८, २४२६, २४४३, २४५२, २४५३, २४५५, २४५८, २४५९, २४६०, २४८१, २४८९, २४९३, २४९८, २५००, २५०७, २५०८, २५२०, २५२८, २५३५

सम्पर्क मिति: २०७५ पौष २८ गते

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
साबिक डिभिजन कार्यालय हाल संघीय आयोजना कार्यान्वयन इकाई, कास्की
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मिति : २०७५/०६/२०

यस डिभिजन कार्यालय/इकाईबाट २०७५/०५/२३ को अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराइन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुलाई समेत यसै सूचना द्वारा जानकारी गराइन्छ।

| सि. नं. | ठेक्का नं. | छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (VAT बाहेक) |
|---|---|---|---|
| १ | DUDBC/Kaski/NCB/Works/04/074/75 | गजेन्द्र निर्माण सेवा प्रा.लि., स्याङ्जा | ३,२२,०९,७२७/५० |

आयोजना प्रमुख

# अर्थ



'हामीले अधिकतम प्रतिकिलो ७० रुपियाँ भनेका छौं। सो मूल्य वा त्यसभन्दा कम मूल्यमा तपाईहरूले चिनी पाउनुभयो भने व्यापारीलाई धन्यवाद भन्नुहोस्, म पनि त्यही भन्छु।'

RHINO 500 B

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राइनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम. | १०-१२ एम.एम. | १६ एम.एम. | १८-३२ एम.एम. |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९८।०० | ९५।०० | ९८।०० | ९८।०० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौडा | ९६।४० | ९३।४० | ९६।४० | ९६।४० |
| जलेश्वर, जनकपुर, बाराथगढ | ९७।०० | ९४।०० | ९७।०० | ९७।०० |
| लहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९७।०० | ९४।०० | ९७।०० | ९७।०० |
| चितौड, दमक, नेपालगञ्ज, धनगढी | ९८।०० | ९५।०० | ९८।०० | ९८।०० |
| पोखरा, स्याङजा | ९८।०० | ९५।०० | ९८।०० | ९८।०० |

नोट: [illegible]

नेपालमा पहिलो पटक, नेपालकै लागि।

Available at: [illegible]

## बोलपत्र स्वीकृतीका लागि आशयको सूचना

प्रकाशित मिति : २०७५/०६/२०

यस कीर्तिपुर नगरपालिका वडा नं. १० किचन तहाल्ना – कीर्तिपुर गेट सडक पेटी र पाटो मर्मत योजना सञ्चालनका लागि प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही कीर्तिपुर न.पा. – २ ठेगाना भएका एल.एन.एम. निर्माण सेवाले नगरपालिकाको स्वीकृत ल.ई. भन्दा [illegible] सबैभन्दा घटी अर्थात रु ३१,०७,००४।४५ (मु.अ.क. बाहेक) कबोल गरेकोले उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असोज २०, अक्टोबर ६, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११७।७३ | ११८।३३ |
| युरो १ को रू. | १३५।४७ | १३६।१६ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १५३।५६ | १५४।३४ |
| स्विस फ्रन्क १ को रू. | ११८।५१ | ११९।११ |
| अस्ट्रेलियन डलर १ को रू. | ८३।३३ | ८३।७६ |
| क्यानाडियन डलर १ को रू. | ९१।१० | ९१।५७ |
| सिङ्गापुर डलर १ को रू. | ८५।२५ | ८५।६८ |
| जापानी यन १० को रू. | १०।३४ | १०।३९ |
| चिनियाँ युआन १ को रू. | १७।१४ | १७।२३ |
| साउदी अरब रियाल १ को रू. | ३१।३९ | ३१।५५ |
| कतारी रियाल १ को रू. | ३२।३४ | ३२।५० |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।५८ | ३।६० |
| सं. अरब इमिरट दिराम १ को रू. | ३२।०५ | ३२।२२ |
| मलसियन रिङ्गिट १ को रू. | २८।३९ | २८।५४ |
| दक्षिण कारियन वन १०० को रू. | १०।४२ | १०।४७ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।९७ |
| डेनिस क्रानर १ का रू. | १८।१६ |
| हङकङ डलर १ का रू. | १५।०३ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# चिनीमा चलखेल : 'पैसा बोरामा पठाइयो कि ट्रकमा ?'

नेपाल समाचारपत्र

काठमाडौं

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले चिनीमा १ खर्ब ६९ अर्ब रुपियाँ बराबर चलखेल भएको विषयलाई पुष्टि गरेर देखाउन संघीय संसदको सार्वजनिक लेखा समितिलाई चुनौती दिनुभएको छ।

शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री यादवले समितिलाई विभिन्न वस्तुको बजार मूल्य र व्यापारीले बढाएको महँगी तथा चिनीमा आर्थिक चलखेल भएको विषयमा जानकारी भएको कटाक्ष गर्दै त्यसको पुष्टिसमेत गर्नुपर्ने धारणा राख्नु भएको हो। 'समितिले चिनीको मात्र होइन सबै वस्तुको मूल्य तोकि दियोस्। चिनीमा १ खर्ब ६९ अर्ब रुपियाँ बराबरको लेनदेनको विषय पनि समितिलाई थाहा रहेछ। त्यो पैसा मन्त्रीको घरमा गयो कि मन्त्रालयका कर्मचारीको घरमा गयो ? चेकमार्फत् लेनदेन भएको हो ? वा, ट्रकमै हालेर घरमा पुऱ्याइयो ? सबै कुरा समितिले खुलाउनुपर्छ।' -मन्त्री यादवले भन्नुभयो।

संघीय संसदको सार्वजनिक लेखा समितिमा गत सोमबार समितिका सदस्य लेखराज भट्टले चाडबाडकै मुखमा बजारमा चिनी महँगो पार्न १ खर्ब ६९ अर्ब रुपियाँ बराबरको चलखेल भएको धारणा राख्नुभएको थियो। समितिका अन्य सदस्यले पनि सरकार व्यापारीसँग मिलेर महँगी बढाएको धारणा राखेका थिए। सोही विषयमा अध्ययन गर्न समितिले भट्टकै संयोजकत्वमा पाँच सदस्यीय समितिसमेत गठन गरेको छ।

उपसमितिले आगामी बुधबार आफ्नो प्रतिवेदन लेखा समितिलाई बुझाउनेछ। समितिले गत सोमबारको बैठकमा आफुलाई नबोलाएको प्रति पनि आक्रोश पोखेका छन्। 'मन्त्रालयका सचिव र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशकलाई बोलाएर बैठक गरे। तर, मलाई बोलाएनन्। विषयवस्तु बुझ्दै नबुझी एकतर्फी निर्णय पनि गरेछन्।' मन्त्री यादवले भन्नुभयो।




मन्त्री यादवले चिनीमा चलखेल भएको विषयमा छानविन गरी आवश्यक कारबाही गरी पाउँ भन्दै सभामुखलाई पत्रसमेत पठाउनुभएको छ। 'चिनीको भाउ बढाउन १ अर्ब ६९ रुपियाँको चलखेल भएको हामीमाथि आरोप लगाइएको र पत्रपत्रिकामा पनि सार्वजनिक भएकाले तथ्यहिन आरोप लगाएको प्रति खेद व्यक्त गर्दै यथाशीघ्र छानबिन गरी दोषीमाथि कडा कारबाहीको लागि अनुरोध गर्दछु।' मन्त्री यादवले सभामुखका नाममा संघीय संसद सचिवालयलाई पठाइएको पत्रमा भनिएको छ।

### चिनीको मुल्य ६३ रुपियाँ असम्भव

मन्त्री यादवले सार्वजनिक लेखा समितिले निर्धारण गरेको चिनीको मूल्य कायम गर्न आफूले नसक्नेसमेत बताउनु भएको छ। 'लेखा समितिले चिनीको खुद्रा मूल्य ६३ रुपियाँ कायम गर्न सरकारलाई निर्देशन दिएछ। मैले त्यो गर्न सक्दिन। प्रधानमन्त्री कहाँ नै प्रस्ताव लैजान्छु, उहाँले नै निर्णय गर्नुहुन्छ। लेखा समितिले नै सबै वस्तुको बजार मूल्य निर्धारण गरिदिए हुन्छ।' यादवको भनाइ छ।

चिनीका विषयमा वास्तविकता नै थाहा नपाई समितिले मूल्य निर्धारण गरेको प्रति रोष प्रकट गर्नुभएको हो। यसअघि गत बिहीबार संघीय संसदको सार्वजनिक लेखा समितिले चिनीको बजार मूल्य ६३ रुपियाँ प्रतिकिलो कायम गर्न सरकारलाई निर्देशन दिएको थियो।

केही समय अघि चिनी किसान, चिनी उत्पादक र व्यापारीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेरै उखुको मुल्य ५ रुपियाँ बढाउने तर बजार मुल्य भने साबिकको नै कायम गर्ने भन्ने सहमति गरेका थिए। तर, अहिले त्यो सहमति व्यापारीहरूले उल्लंघन गरेको मन्त्री यादवको भनाइ छ। 'पाकिस्तानको चिनी सस्तोमा आयो, त्यसलाई व्यवस्थित गर्न सकिएन भने यहाँको उद्योग चौपट हुन्छ भन्दै व्यापारीले भनेपछि मूल्य बढाइयो। जसका कारण समस्या देखिएको हो।' यादवको भनाइ छ। विश्वव्यापी मान्यताअनुसार आफ्नो उत्पादनलाई नबढाए अर्थतन्त्र मजबुत हुन नसक्ने भन्दै उखु उत्पादनलाई प्रश्रय दिन आयातमा परिमाणात्मक बन्देज लगाइएको समेत उहाँले स्पष्ट पार्नुभयो।

### चिनी ७० रुपियाँमा पाउनुभयो भने धन्यवाद भन्नुस्

सरकारले चिनी आयातमा गत भदौ ३१ गतेदेखि परिमाणात्मक बन्देज लगाएपछि चिनीको मूल्यमा अत्याधिक वृद्धि भएको छ। तर, बजारमा महँगी, कालोबजारी, मूल्यवृद्धि जस्ता समस्या समाधान गर्ने तालुखवाला मन्त्री भने महँगी नियन्त्रण गर्नुको साटो उपभोक्ताले सस्तो मूल्यमा चिनी पाए व्यापारीलाई धन्यवाद दिनुपर्ने जस्तो गैर जिम्मेबार अभिव्यक्ति दिएका छन्।

बजारमा चिनीको मूल्यमा एकरुपता नभएको र राजधानीकै उपभोक्ताले प्रतिकिलो २५ रुपियाँसम्म बढी तिर्नुपरेको अवस्थामा सरकारले किन बजार व्यवस्थित गर्न नसकेको भन्ने सञ्चारकर्मीको प्रश्नमा मन्त्री यादवले अधिकतम् ७० रुपियाँ प्रतिकिलो भन्दा बढी चिनीको तिर्न नहुने बताउनुभयो। 'हामीले अधिकतम प्रतिकिलो ७० रुपियाँ भनेका छौं। सो मूल्य वा त्यसभन्दा कम मूल्यमा तपाईहरूले चिनी पाउनुभयो भने व्यापारीलाई धन्यवाद भन्नुहोस्, म पनि त्यही भन्छु।' यादवको भनाइ छ।

# 'पुँजीको विकासबिना अर्थतन्त्रको विकास असम्भव'




विराटनगर, (नेस)

शेयर बजारसम्बन्धी जानकारी दिन पहिलोपटक विराटनगरमा प्रादेशिक पुँजी बजार प्रदर्शनी २०७५ शुरू भएको छ। नेपाल धितोपत्र बोर्डद्वारा आयोजित दुई दिने प्रदर्शनीमा धितोपत्रसम्बन्धी ज्ञान र आवश्यक सेवा एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यका साथ काठमाडौं बाहिर पहिलोपटक 'प्रादेशिक पुँजी बजार प्रदर्शनी' आयोजना गरिएको हो।

प्रदर्शनीमा लगानीकर्तासहित लगानकर्ताका लागि जानकारी दिने, धितोपत्र बजार नियमन निकाय नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सीडीएससी, क्रेडिट रेटिङ संस्था, सामूहिक लगानी कोष, मर्चेन्ट बैंक, धितोपत्र दलाल व्यवसायी, डिम्याट खाता खोल्ने निक्षेप सदस्यसम्बन्धी सेवा प्रदान गरिनेछ। प्रदर्शनीको उद्घाटन गर्दै प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधान राईले पुँजीको विकासबिना अर्थतन्त्रको विकास असम्भव रहेको बताएका छन्।

मुख्यमन्त्री राईले पुँजी बजारलाई विकास गर्न संघीय, प्रादेशिक र स्थानीय गरी तीनवटै सरकार मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो। मुख्यमन्त्री राईले महानगरपालिका, नगरपालिका र गाउँपालिकाले ऋणपत्र जारी गरेर जनतालाई प्रत्यक्ष लाभमा सहभागी गराई पुँजीको विकासबाट ठूला तथा मझौला विकास निर्माण कार्य गर्नुपर्नेमा जोड दिनुभयो।

जलविद्युत्, सिँचाइजस्ता योजना कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले सहयोगको नीति लिएको उल्लेख गर्दै उहाँले यसबाट यस क्षेत्रका जनताले रोजगारी प्राप्त गरी आर्थिक समृद्धिमा सहयोग पुऱ्याउने बताउनुभयो। प्रदेश नम्बर एकका आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबोले मुलुकको कुल निर्यातमा प्रदेश नम्बर १ को ४० प्रतिशत योगदान रहेको चर्चा गर्दै प्रदेशलाई धनी र समृद्ध बनाउन यहाँका जनताबीच एकताबद्ध हुनु आवश्यक छ, भन्नुभयो।

उहाँले प्रदर्शनीमा एक नेपाली एक डिम्याट खाता अभियानको पनि शुभारम्भ गर्नुभयो। बोर्डका अनुसार प्रदर्शनीमा सहभागीले नि:शुल्क डिम्याट खाता खोल्ने सुविधा पाउने र एक नेपाली एक डिम्याट खाता अभियानको शुरूवात गरिएको छ। विश्व लगानीकर्ता सप्ताह २०१८ को उपलक्ष्यमा धितोपत्रसम्बन्धी ज्ञान र आवश्यक सेवा एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यका साथ विराटनगरमा पहिलोपटक दुई दिने 'प्रादेशिक पूँजी बजार प्रदर्शनी २०७५' आजदेखि शुरू भएको हो। उक्त प्रदर्शनीमा १२० स्टल रहेका छन्।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्कीले प्रदेश नम्बर १ मा वित्तीय नयाँ बजारको पहुँच पुगेको अवस्थामा यस क्षेत्रका नागरिकलाई धितोपत्र बजारका बारेमा सम्पूर्ण जानकारी गराउने उद्देश्य स प्रदर्शनीको आयोजना गरिएको बताउनुभयो।

प्रदर्शनी समारोहमा नेपाल स्टक एकसचेन्ज (नेप्से) का प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउद, सीडीएससीका प्रमुख कार्यकारी अधिकृत देवप्रकाश गुप्ता, मर्चेन्ट बैंकर एसोसिएनका महासचिव मेखबहादुर थापा, स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष भरत रानाभाट, मोरङ चेम्बर एन्ड कमर्सका अध्यक्ष सुरेशमान श्रेष्ठ, उद्योग संगठन मोरङका अध्यक्ष भीम घिमिरे, नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका प्रमुख विनोद आचार्य, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसीलगायतको सहभागिता रहेको थियो।

# चीनको विकास र समृद्धिबाट नेपालले लाभ लिनुपर्नेमा जोड

नेपाल समाचारपत्र

ललितपुर

पाटन दरबार क्षेत्रमा शुक्रबारदेखि नेपाल-चीन मेला शुरू भएको छ। अरनिको सांस्कृतिक तथा व्यावसायिक प्रवर्द्धन समाजले सो मेलाको आयोजना गरेको हो।

नेपाल र चीनबीचको जनस्तरको सम्बन्ध मजबुत बनाउने उद्देश्यले आयोजित सो मेलाको एक समारोहकाबीच परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले उद्घाटन गर्नुभयो। सो अवसरमा मन्त्री ज्ञवालीले मेलाका माध्यमबाट हुने दुई देशका जनताबीचको सम्बन्धले सरकारी सम्बन्धलाई पनि प्रगाढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो।

मन्त्री ज्ञवालीले चीनको विकास र समृद्धिबाट नेपालले लाभ पाउन सरकारीस्तरमा भइरहेको पहललाई मेलाले ठोस टेवा दिने पुऱ्याउने विश्वास पनि व्यक्त गर्नुभयो। ललितपुर क्षेत्र नं ३ का सांसद् पम्फा भुसालले सरकारले अघि सारेको समृद्ध नेपाल, सुखी नेपालीको नारालाई मूर्त रुप दिन मेला सहयोगी हुने धारणा राख्नुभयो। सो समारोहमा अरनिको समाजका उपाध्यक्ष डा. मनोजमान श्रेष्ठले मेलाले नेपाल र चीनबीचको जनस्तरको सम्बन्ध मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो। अरनिको सांस्कृतिक तथा व्यावसायिक प्रवर्द्धन समाजका अध्यक्ष अजरमान जोशीले चिनियाँ र नेपालका जनताबीचको अन्तर्क्रियालाई बढाउन मेलाले टेवा पुऱ्याउने बताउनुभयो।




मेलामा समय मिलाएर लाखे नाच, चर्या नृत्य देखाइने छ। मेलालाई संस्कृति र व्यापारको केन्द्रबिन्दू भनिएको छ। मेलामा १ सय वटा स्टलमध्ये चीनमा उत्पादित सामग्रीको ६० वटा स्टल रहेको छ। त्यसमा मनोरञ्जन, खेलकुद सामग्री, डिजिटल उपकरण, स्टेसनरी रहेको छ। 'मेलामा चीनको सहभागितालाई नेपालको संस्कृति र व्यवसाय प्रवर्द्धनमा चीन सरकारको झै चिनियाँ जनताको सहभागिता र सहकार्यको प्रतीक हो।' व्यावसायिक समाजका महासचिव सुरेशमान महर्जनले भन्नुभयो।

नेपालमा उत्पादित हस्तकला, धातुकला, प्रस्तरकला, महिलाले उत्पादनका ढाका कपडाजन्य सामग्री, तयारी पोशाक, लत्ता कपडा, सिद्धिपुरको सकुशलका विविध सामग्री, प्याङ गाउँका बाँसका सामग्री स्टल रहेको छ।

'नेपाल चीन सांस्कृतिक आदानप्रदान केन्द्रका उपाध्यक्ष याङ चोङले चीनको सहभागितालाई चीनले अघि सारेको वन बेल्ट वन रोडले (ओबीओआर) बाट नेपालले पर्यटन, कृषि, ऊर्जा, उद्योग र पूर्वाधार विकासमा लाभ लिनका लागि प्रेरित गरेको सन्देश प्रवाह हुने बताउनुभयो। दुई देशका जनताबीचको आपसी लाभ पुग्ने दिशामा मेलाले ठोस टेवा पुऱ्याउने समाजका महासचिव सुरेशमान महर्जनको भनाइ रहेको छ। सो अवसरमा ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णलाल महर्जनले यस्ता मेलालाई स्थानीय तहले प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो। मेलामा लुभुको टेक्सटायल उद्योगबाट उत्पादित ढाका र सूतीबाट बनाइएको आकर्षक पहिरनका विभिन्न डिजाइन देखाउन शनिबार 'फेसन शो' हुनेछ। मेला अवधिभर साँझमा नेपालीको मौलिक नृत्य, चर्या नृत्य र लोकप्रिय आधुनिक र सांस्कृतिक कार्यक्रम प्रस्तुति गरिने छ। मेला पाँच दिनसम्म चल्नेछ। मेलाको दुई लाखभन्दा बढीले अवलोकन गर्ने समाजको दाबी रहेको छ।

# व्यवसायलाई ग्रामीण अर्थतन्त्रसँग जोड्न आग्रह

नेपाल समाचरपत्र

बुटवल

बुटवलमा शुक्रबारदेखि राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा व्यापार मेला शुरू भएको छ।

उद्योग व्यापार संघ बुटवलको आयोजना असोज २८ गतेसम्म बुटवल मण्डपमा सञ्चालन हुने प्रदर्शनी तथा मेलाको प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले उद्घाटन गर्दैं व्यापार व्यवसायलाई ग्रामीण अर्थतन्त्रसँग नजोडेसम्म नेपाली अर्थतन्त्रको दिगो विकास नहुने बताउनुभयो। उहाँले सजिलो व्यापारको रुपमा सिमा पारीबाट विभिन्न वस्तु आयात गरी बिक्री गर्ने परिपाटी विद्यमान रहेको भन्दै ग्रामीण क्षेत्रका जनताको आर्थिक स्तरमाथि उठ्ने गरी व्यापार व्यवसायलाई अवलम्बन गर्न सकेमा मात्रै आर्थिक विकासमा दिगोपना हासिल हुने बताउनुभयो।

उहँले अहिले छिमेकी उद्योगीलाई पोस्ने काम गरिएको भन्दै यसलाई अन्त्य गर्न आवश्यक रहेको बताउनुभयो। कमाईको ठूलो हिस्सा बाहिर जाने गरेको बताउँदै बाहिर जाँदै नजानेभन्दा पनि मात्रालाई कम गर्नु आवश्यक रहेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो।

उहाँले जनताको जीवनस्तर माथि उठाउने गरी नेपालको उद्योग व्यापारमा ठूलो हिस्सा लगानी गर्न आवश्यक रहेका बताउनुभयो। मुख्यमन्त्री पोखरेलले विलासितको क्षेत्रमा भन्दा उद्यमशीलता, रोजगारी सिर्जना हुने क्षेत्रमा निजी क्षेत्रले लगानी गर्नुपर्ने बताउनुभयो।

बुटवल बाणिज्य, व्यापार क्षेत्रको महत्पूर्ण संम्भावना बोकेको स्थान भएको भन्दै उहाँले व्यावसायिक स्थान, आवासीय स्थानको वर्गीकरण गरी कार्य अगाडि बढाउनुको विकल्प नभएको उहाँको कथन थियो। कार्यक्रममा बोल्दै नेपाल राष्ट्रिय उद्योग व्यापार संगठनका केन्द्रीय अध्यक्ष श्यामबहादुर पाठकले युवालाई देशबाट पलायन हुनबाट रोक्न सकेमा मात्रै देशमा समृद्धि हुने बताउनुभयो।

उहाँले अस्थायी संरचनामा लाखौ रुपियाँ खर्च गरिएको भन्दै स्थायी सम्मेलन केन्द्र निर्माणको लागि सरकारको ध्यानकर्षण गराउनु भयो। 'स्वाधीन अर्थतन्त्रको लागि राष्ट्रिय औद्योगिकरण तथा व्यापार विविधिकरण' भन्ने मुख्य नाराका साथ आयोजना गरिएको मेलामा २० करोडभन्दाको बढी कारोबार हुने मुल आयोजक समितिका संयोजक तथा संघका अध्यक्ष प्रविण बहादुर पाठकले जानकारी दिनुभयो।

कार्यक्रममा बुटवल उद्योग बाणिज्य संघका अध्यक्ष खिम बहादुर हमाललगायतले बाल्नु भएको थियो। औद्योगिक उत्पादन, कृषि उत्पादन, अटोमोबाइल्स, गार्मेट, खाद्यान्न, फुटवेयरलगायतका विभिन्न प्याभिलियन बनाइएको छ भने दशैं सस्तो बजारको लागि छुट्टै प्याभिलियन बनाइएको छ।

अर्थ मन्त्रालय सहसचिव श्रीकृष्ण नेपालले दिगो आर्थिक वृद्धि तथा स्थायित्वका लागि स्वस्थ वित्तीय क्षेत्र महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो।

# 'सहकारीले वित्तीय स्थायित्व हल्लाउन सक्छ'

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले सहकारीमा ठूलो रकम भएकाले जुनसुकै समयमा पनि वित्तीय क्षेत्रको स्थायित्व हल्लाउन सक्ने बताउनु भएको छ। 'वित्तीय क्षेत्र स्थायित्व : प्राथमिक राष्ट्रिय एजेण्डा' विषयक कार्यक्रममा बोल्दै गभर्नर डा. नेपालले बचत तथा ऋण सहकारीहरू तथा गैरबैंकिङ वित्तीय संस्थामा नियमन अभावले वित्तीय क्षेत्रमा जोखिम रहेको भन्दै सहकारीका कारण जतिबेला पनि वित्तीय क्षेत्रमा संकट आउन सक्छ बताउनुभयो।

अर्थतन्त्रमा प्रवाहित रकमको १५ प्रतिशत रकम परिचालन गर्ने संस्था नियमन बाहिर रहेको भन्दै यसमा कुनै धक्का लागेमा सिंगो वित्तीय क्षेत्रलाई नै आघात पुऱ्याउने उहाँको भनाइ छ। 'सहकारीमा पनि ठूलो रकम आवतजावत हुन्छ। पैसाको प्रवाहलाई पछ्याउन यिनीहरूलाई प्रभावकारी नियामकीय सीमाभित्र ल्याउनैपर्छ,' गभर्नर नेपालले भन्नुभयो-'ठूला कारोबार गर्ने सहकारीको राष्ट्र बैंकले तत्कालका लागि नियमन गरे पनि त्यो लामो समय सम्भव हुँदैन।'

डा. नेपालले पैसाको कारोबारलाई सधैं कडा नियमन आवश्यक रहेको उल्लेख गर्दै भन्नुभयो-'वित्तीय संस्थाभन्दा बाहिर हुने पैसाको कारोबारमा कडाई गर्नुपर्छ, वित्तीय क्षेत्रको स्थायित्वका लागि दिगोपन र निरन्तरता आवश्यक छ।' बैंकहरूको नियमन, वाणिज्य बैंकका ठूला शाखाको लेखापरीक्षण, घरायसी मूल्य सूचकांक तयार गर्ने योजना र २ लाख रुपियाँ बराबर निक्षेपको सुरक्षण हुँदै आएकोमा ३ लाख रुपियाँ पुऱ्याउने मौद्रिक नीतिको व्यवस्था वित्तीय क्षेत्र सशक्तिकरण र स्थायित्वका लागि नै ल्याइएको गभर्नरको भनाइ छ।

गभर्नर नेपालले वित्तीय स्थायित्वका लागि राष्ट्र बैंकले बैंक तथा वित्तीय क्षेत्रको पुँजी वृद्धि गरेको बताउनुभयो। संकट आउन नदिन सहकारी क्षेत्रलाई मात्र हेरेर हुँदैन, हरेक वित्तीय क्षेत्रलाई हेर्नुपर्ने गभर्नरको भनाइ छ। बीमा क्षेत्रको पनि नियमन गर्नुपर्नेमा गभर्नरले जोड दिनुभयो।

कार्यक्रममा पूर्वमुख्य सचिव डा. विमल कोइरालाले वित्तीय क्षेत्रका निकायको सुपरीवेक्षकीय क्षमता बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले गैरबैंकिङ कारोबार गर्ने सहकारी संस्था अर्थतन्त्रको महत्वपूर्ण हिस्सा बनेकाले उनीहरूको नियमन आवश्यक रहेको धारणा राख्नुभयो।

## किष्ट बैंकका तत्कालीन सीईओ पक्राउ

काठमाडौं, (नेस)



बैंकिङ कसुर र किर्ते जालसाभ्कीका मुद्दामा फरार रहेका तत्कालीन किष्ट बैंकका सीईओ कमल ज्ञवाली पक्राउ परेका छन्। ज्ञवालीलाई महेन्द्रनगर आसपासबाट पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ। महानगरीय अपराध महाशाखाको टोलीले उनलाई पक्राउ गरी अदालतमा बुझाएको छ। ज्ञवालीलाई उच्च अदालत पाटनले २०७३ जेठमा बैंकिङ कसुर तथा किर्ते जालसाजी मुद्दामा दोषी ठहर गरी को थियो। अदालतले उनीविरुद्ध ४ करोड २६ लाख जरिवाना र ४ वर्ष कैद सजाय सुनाएको थियो। त्यसलगतै ज्ञवाली फरार रहेका थिए।

कमसल धितो राखेर कर्जा प्रवाह गरेको अभियोगमा मुद्दापरेको थियो। पाटन उच्च अदालतले ज्ञवाली र उनकी श्रीमती गौरी खनाल ज्ञवालीलाई बैंकिङ कसूरमा दोषी ठहर गर्दै जेल सजाय र जरिवाना सुनाएको थियो।

# एनआईसी एसिया बैंकद्वारा अष्ट्रेलियन डलरको बिक्री शुरू

**नेपाल समाचारपत्र**

काठमाडौं

एनआईसी एसिया बैंकले अष्ट्रेलियन डलर नगद आयात गरी बिक्री शुरू गरेको छ। बैंकसँग हाल अमेरिकी डलर, अष्ट्रेलियन डलरलगायत विदेशी मुद्राको नगद सञ्चित यथेष्ठ रहेको छ र प्रचलित विनिमय दर बमोजिम ग्राहकको आवश्यकता अनुसार निर्वाध सटही सुविधा प्रदान गरिरहेको बैंकले जनाएको छ।

बैंकले बिदा मनाउन, अध्ययन गर्न र अन्य विभिन्न सिलसिलामा विदेश जाने नेपालीका लागि सम्बन्धित देशको मुद्रा आवश्यक पर्ने हुँदा त्यस्ता मुद्राको सरल सटहीको सुविधा उपलब्ध गराउँदै आएको छ। अध्ययन तथा भ्रमणलगायतका अन्य कामका लागि विदेश जाने ग्राहकले विदेशी मुद्रा खरिदका लागि आफ्नो म्याद नसकिएको भिसा र प्लेन टिकट साथमै लिएर आउनुपर्ने बैंकले जनाएको छ।

बैंकका अनुसार ग्राहकले भिसा युएसडी प्रिपेड कार्डसमेत खरिद गर्न सकिन्छ। बैंकले काठमाडौं उपत्यकाका सबै शाखामा प्रशस्त मात्रामा अष्ट्रेलियन मुद्रालगायत अन्य विदेशी मुद्राहरू उपलब्ध भएकाले ग्राहक महानुभावहरू रित्तो हात फर्कनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै बैंकले हालका लागि काठमाडौंभित्रका ४४ शाखाबाट सहज रूपमा विदेशी मुद्रा उपलब्ध हुनेछ।

बैंकको २५६ शाखा, २४९ एटीएम, २२ वटा एक्सटेन्सन काउन्टर एवम् १८ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार २०२ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १६५ अर्ब तथा कर्जा १३७ अर्ब रुपियाँ लगानी गरेको छ।

**PRESS RELEASE**

## यामाहाको दशैं अफरका पहिलो साताका विजेतालाई यामाहा आर-३



काठमाडौं, (नेस)

यामाहाको दशैं योजना 'विजय यात्रा'को पहिलो साप्ताहिक लक्की ड्रका विजेता सुवाष गिरीलाई यामाहा मोटरसाइकल तथा स्कुटरको आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेजले यामाहा आर-३ हस्तान्तरण गरेको छ।

विजेता सुवास गिरीले नयाँ बजारस्थित कालीगण्डकी अटोवर्क्सबाट एफजीएस एफआई मोटरसाइकल खरिद गर्नु भएको थियो। पहिलो साप्ताहिक लकी ड्रका विजेता सुवास गिरीलाई कालीगण्डकी अटोवर्क्सका प्रबन्ध निर्देशक प्रेम गैरैले यामाहा आर-३ को साँचो हस्तान्तरण गर्नुभयो। दोस्रो हप्ताको विजेताको नाम पनि घोषणा भइसकेको छ। पहिलो विजेता सुवाष गिरीले छान्नु भएको चि□ामा महेन्द्रनगरका विजेन्द्र मल्ल दोस्रो विजेताका रुपमा छानिनु भएको हो। उहाँले पनि यामाहाको तर्फबाट यामाहा आर-३ जित्नु भएको छ। उहाँलाई आउँदो साता मोटरसाइकल हस्तान्तरण हुनेछ।

यामाहाको दशैं योजनामा यामाहा ब्रान्डका मोटरसाइकल र स्कुटर खरिद गर्ने ग्राहकले कम्तीमा सात हजार रुपियाँदेखि एक लाख रुपियाँसम्म नगद छुट पाउनेछन्। त्यसै गरी हरेक हप्ता हुने लक्की ड्रमा एक जनाले ब्रान्ड न्यु यामाहा आर ३ जित्न सक्नुहुनेछ। दशैंकै अवसरमा यामाहाले हरेक मोटरसाइकल वा स्कुटरको टेस्ट राइडमा सर्प्राइस गिफ्ट प्रदान गर्दै आएको छ। यामाहा स्कुटर वा सलुटो बाइक २० प्रतिशत डाउन पेमेन्टमा समेत उपलब्ध गराउँदै आएको छ।

यामाहाका मोटरसाइकल र स्कुटरहरू प्याटेन्टेड 'ब्लु कोर' प्रविधि रहेको इन्जिन छन्। यामाहाको आर र एफजी सिरिजमा अत्याधुनिक फ्युल इन्जेक्सन (एफआई) प्रविधि जडान गरिएको छ जसले पर्फमेन्स बढाउनुका साथै इन्धन खपत घटाउँछ र यसैले गर्दा यामाहाका बाइकहरूमा माइलेज बढी पाइन्छ।

## स्याङयोङको नयाँ शोरुम पोखरामा

काठमाडौं, (नेस)

स्याङयोङ गाडीको नेपालका लागि आधिकारिक वितरक तथा आईएमएस एस मोटर्सले पोखराको बुद्धचोकमा आफ्नो नयाँ शोरुमको स्थापना गरेको छ। यस अवसर पारेर स्याङयोङले 'स्याङयोङ अनबिटेबल अफर' ल्याएको छ। स्याङयोङ अन्बिटेबल अफरअन्तर्गत पोखरास्थित स्याङयोङका ग्राहकलाई पूर्वबजेट मूल्य तोकिएको छ, पूर्वबजेट



मुल्यमा ५ लाखसम्मको छुट, प्रत्येक स्याङयोङ गाडीको खरिदमा स्यामसंग ग्याल्याक्सी नोट ९ क्राउन, एक्सचेन्जको सुविधालगायत प्रदान गर्ने कम्पनीले जनाएका छ।

कम्पनीले ३ वर्षको वारेन्टी (६० हजार किलोमिटरसम्म ), एक वर्षको निःशुल्क रोड ट्याक्स, एक वर्षको निःशुल्क बीमा, ५ वर्ष निःशुल्क सर्भिसिङ, निःशुल्कए क्स्यासरिज (२५ हजार रुपियाँसम्म ) सुविधा दिएको छ। 'हाम्रा ग्राहकले स्याङयोङ प्रति गर्नुभएको विश्वासका लागि हामी आभारी छौं। पोखरामा पनि कोरियन लक्जरी एसयुभी सुविधा प्रदान गर्न पाउँदा हामी निकै खुशी छौं।' आइएमएस ग्रुपका प्रमुख कार्यकारी निर्देशक दिकेश मल्होत्राले भन्नुभयो।

## सिजी मोटोकोर्पलाई ५ वटा अवार्ड



काठमाडौं, (नेस)

नेपालका लागि सुजुकीका चार पाङ्ग्रे सवारी साधनको आधिकारिक बिक्रेता तथा सिजी होल्डिङको अटोमोबिल विभाग सिजी मोटोकोर्पले विभिन्न विधाका ५ उत्कृष्ट अवार्ड हात पार्न सफल भएको छ।

कम्पनीले २०१७ को सर्वाधिक पार्ट्स बिक्री वितरणप्रति साधन दक्षिण एसिया, २०१७ को सर्वाधिक मर्मत अर्डर वृद्धि दक्षिण एसिया, २०१७ को सर्वाधिक नेटवर्क विस्तार पुरस्कार जित्न सफल रह्यो भने २०१७ को सर्वाधिक बजार शेयर तथा २०१७ को सर्वाधिक बिक्री वितरण उपाधिमा द्वितीय स्थान हात पार्न सफल रह्यो। हालै नयाँदिल्लीमा आयोजित उक्त अवार्ड समारोहमा उत्कृष्ट नाम अफ्रिका, मध्यपूर्व तथा दक्षिण एसियाका प्रतिनिधिका रुपमा सहभागी ६० भन्दा बढी सुजुकी कार बिक्रेतामध्ये छनोट गरिएको थियो।

सिजी मोटो कोर्पका कार्यकारी निर्देशक करण चौधरीले भन्नुभयो-'हामी यस अवार्ड हाम्रा ग्राहकलाई समर्पण गर्न चाहन्छौं, जसले सुजुकी ब्रान्डलाई उनीहरूको जीवनको सदस्यको रुपमा रोज्नुभयो। ग्राहकहरूको यस सुजुकी ब्राण्डसँगको अनुभवलाई अविस्मरणीय बनाउन सहयोग पुऱ्याउने हाम्रो सम्पूर्ण टोलीको योगदान प्रशंसनीय छ।'

## गण्डकी विकास बैंकको ७७औं शाखा कलंकीमा

काठमाडौं, (नेस)

गण्डकी विकास बैंकले कलंकीमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। बैंकले यससँगै विभिन्न जिल्लाका ७७ वटा शाखाबाट वित्तीय कारोबार गरिरहेको छ। बैंकले आगामी दिनमा शाखा विस्तार गर्दै लाने बैंकका प्रमुख कार्यकारी अधिकृत रेशमबहादुर थापाले जानकारी दिनुभयो। बैंकले आव २०७४/७५ मा सञ्चालन मुनाफा ७९ करोड ४० लाख आर्जन गर्न सफल भएको थियो भने सोही अवधिसम्म निक्षेप संकलन २३ अर्ब ५२ करोड र कर्जा लगानी २० अर्ब ६ करोड पुऱ्याएको छ।

## सिटी एक्सप्रेसद्वारा मृगौलापीडितलाई सहयोग



काठमाडौं, (नेस)

इराकस्थित सिटी एक्सप्रेस ट्रान्सफरका प्रतिनिधि विनोद श्रेष्ठ र अभियान्तकर्ता मेन्दो गोलेलगायत कुर्दिस्तान प्रवासी नेपाली समाज सुलेमानी, इराकको संयुक्त पहलमा दुवै मृगौला फेल भएकी फुडोमा तामाङको मृगौला प्रत्यारोपणको निम्ति संकलन आर्थिक सहयोग हस्तान्तरण गरिएको छ।

संकलित रकम १ लाख ६६ हजार ५४१ इराक सुलेमानीयाबाट सिटी एक्सप्रेसको अधिकारिक एजेन्ट अलताइफबाट प्राप्त भएको र त्यसमा सिटीएक्सप्रेस मनी ट्रान्सफरले ५० हजार थप गरी एकमुष्ट २ लाख १६ हजार ५४१ रुपैयाँ सिटी एक्सप्रेसका ब्रान्ड एम्बेस्डेर सीताराम कट्टेल (धुर्मुस) ले दुवै मृगोला प्रत्यारोपणको सहयोगका लागि पीडित फुडोमा तामाङलाई हस्तान्तरण गरिएको कम्पनीले जनाएको छ।

## 'रिचार्ज एन्ड विन' अफरका चौथो साताका विजेतालाई पुरस्कार



काठमाडौ, (नेस)

एनसेल प्रालिले चाडपर्वको अवसरमा सञ्चालन गरिरहेको 'रिचार्ज एन्ड विन' अफरअन्तर्गत चौथो हप्ताका विजेतालाई नगद पुरस्कार हस्तान्तरण गरेको छ। प्रत्येक हप्ता १० भाग्यशाली ग्राहकले जनही एक लाख जित्ने 'रिचार्ज एन्ड विन' १० हप्तासम्म सञ्चालनमा रहने अफर हो।

भदौ १७ गतेबाट शुरू भएको यस अफरअन्तर्गत चौथो हप्ताका विजेताहरू मंगलबार गरिएको लाइभ ड्र कार्यक्रममार्फत छानिएका हुन्। चौथो हप्ताका भाग्यशाली पाँच विजेता ग्राहकले बिहीबार जनही नगद एक लाख पुरस्कार ग्रहण गरेका छन्। तेस्रो हप्ताका एकसहित गरी यस हप्ताका घोषित कुल ११ जना विजेतामध्ये छ जनाको पहिचान तथा प्रमाणित गर्ने काम भइरहेको छ। एनसेलका मानव संशाधन निर्देशक युवराज श्रीवास्तवले बिहीबार चौथो हप्ताका पाँच विजयी सुमित्रा डाँगी (सल्यान), राकेश साह (सर्लाही), शिव खत्री (झापा), दिनेश गमाल (मकवानपुर) र सुरज कुमार बरुवाल (मकवापुर) लाई जनही एक लाखको नगद पुरस्कार हस्तान्तरण गरेका हुन्। यसै हप्ता एनसेलले पहिलो हप्ताको नगद पुरस्कार लिन बाँकी दुई विजेता रुकुमकी एलिना बुढा मगरलाई एनसेल सेन्टर दाङबाट र कुश्माकी सीतादेवी सुनुवारलाई एनसेल सेन्टर पोखराबाट नगद पुरस्कार हस्तान्तरण गरेको थियो।

चौथो हप्ता सम्ममा ४० जना भाग्यशाली विजेताहरूले जनही एक लाख जित्न सफल भएका छन्। यीमध्ये ३२ जनाले आफ्नो नगद पुरस्कार ग्रहण गरिसकेका छन् भने अन्य ८ जना विजयीलाई आवश्यक प्रक्रिया समापन भएलगतै काठमाडौंलगायत उपत्यका बाहिर अवस्थित एनसेल सेन्टरबाट नगद पुरस्कार प्रदान गरिने एनसेलले बताएको छ। अफर अन्तर्गत बाँकी ६ हप्तामा थप ६० पुरस्कार विजेता छानिने छन्। 'रिचार्ज एन्ड विन' अफरमा सप्ताहभर १०० वा सोभन्दा बढी रिचार्ज गर्ने एनसेलका प्रिपेड तथा पोस्टपेड ग्राहकले आकर्षक नगद पुरस्कार जित्ने अवसर प्राप्त गर्दछन्। यसअन्तर्गत प्रत्येक हप्ता १० जना विजयी ग्राहकले जनही खुद एक लाख नगद पुरस्कार पाउँछन्। नगद पुरस्कारमा लाग्ने कर कम्पनीले नै व्यहोर्दछ।

यो योजना एनसेलले साप्ताहिक चक्रमा सञ्चालन गरिरहेको छ, जसको शुरूवात आइतबार हुन्छ भने समापन शनिबार हुन्छ। ग्राहकले आइतबार देखि शनिबार सम्मको अवधिमा गरेको प्रत्येक १०० बराबरको रिचार्जका आधारमा एसएमएस मार्फत एउटा कोड प्राप्त गर्छन्। उदाहरणको लागि ग्राहकले आइतबारदेखि शनिबारसम्ममा २५० को रिचार्ज गरेका छन् भने सो सप्ताह लगत्तैको सोमबारसम्ममा एसएमएसमार्फत दुई वटा विशेष कोड प्राप्त गर्छन्। प्रत्येक हप्ताको १० भाग्यशाली ग्राहकको छनोट मंगलबार प्रत्यक्ष प्रसारण हुने लाइभ ड्र कार्यक्रम मार्फत गरिन्छ।

## सुजुकी बाइक तथा स्कूटरको मेगा एक्सचेन्ज क्याम्पमा

काठमाडौं, (नेस)

भीजी अटोमोबाइल्स प्रालिले जपानिज ब्रान्ड सुजुकीका बाइक तथा स्कूटर नेपाली बजारमा बिक्री वितरण गर्दै आएको छ। दशैं र तिहारको अवसरमा असोज २१ गतेदेखि असोज २७ गतेसम्म नेपालभरिका ३४ वटा सुजुकीका शोरुममा मेगा एक्सचेन्ज क्याप सञ्चालनमा आउने भएको छ।

क्यापमा कुनै पनि कम्पनीका पुराना बाइक तथा स्कुटरसँग नयाँ सुजुकी का बाइक तथा स्कुटर एक्सचेन्ज गर्न सकिने छ। कुनै पनि पुराना बाइक तथ स्कुटरको बजार प्रचलित भ्यालुएसनभन्दा थप १५ हजार भ्यालुएसन कम्पनीले दिने जनाएको छ। सुजुकी मेगा एक्सचेन्ज क्याम्प भरी एक्सचेन्ज, फाइनान्स र क्यासमा बाइक तथा स्कुटर खरिद गर्न सकिनेछ। बजार प्रचलित मूल्यभन्दा थप १५ हजार भ्यालुएसन गरेको कुरा सुजुकीका मार्केटिङ म्यानेजर नवराज कोइरालाले जानकारी दिनुभयो। त्यस्तै सुजुकी मेगा एक्चेन्ज क्याम्पमा नेपालभरीका ३४ शोरुमबाट असोज २१ गतेदेखि २७ गतेसम्म पुराना लिएर नयाँ बाइक तथा स्कुटर दिएर हजार एक्सचेन्ज गरिने लक्ष्य लिइएको भीजी सुजुकीका सेल्स हेड सन्तोष थापाले बताउनुभयो।

# उपत्यका पृतनालाई उपाधि

काठमाडौं, (नेस)

उपत्यका पृतनाले प्रधानसेनापति ट्रफी २०७५ को उपाधि जितेका छन्। गत भदौ २५ गतेदेखि भद्रकालीस्थित जंगी अड्डाको खेलमैदानमा जारी प्रधानसेनापति ट्रफीअन्तर्गत शुक्रबार भएको फाइनलमा उपत्यका पृतनाले १४ नम्बर बाहिनीलाई पराजित गर्दै उपाधि उचालेको हो। फाइनलमा उपत्यका पृतनाले १४ नम्बर बाहिनीलाई ४-० को फराकिलो गोल अन्तरले पराजित गरेको थियो। उक्त फाइनलमा विक्रम श्रेष्ठले दुई गोलको योगदान गरेका थिए। उपाधि विजेता टोलीसहित दोस्रो र तेस्रो स्थान हासिल गर्ने टोलीलाई प्रधानसेनापति पूर्णचन्द्र थापाले ट्रफीसहित मेडल र प्रमाणपत्र वितरण गर्नुभएको थियो। प्रतियोगिताको समापन कार्यक्रममा सेनाका चर्चित भारत्तोलक कमलबहादुर अधिकारी, एथ्लेटिक्स खेलाडीहरू सोमबहादुर कोमल र विश्वरूपा बूढालाई पनि ट्रफीसहित सम्मान गरिएको थियो।

# क्वार्टरफाइनल खेल सम्पन्न

पोखरा, (नेस)

लोककवि अलि मियाँको सम्झनामा माछापोखरी खेलमैदानमा जारी दोस्रो अलि मियाँ स्मृति सेभेन ए साइड फुटबल प्रतियोगितामा शुक्रबार क्वार्टरफाइनलका सम्पूर्ण खेलहरू भएका छन्। जसमा एनएमवाइसी 'ए' ले विष्णुपादुका हेम्जालाई ३-० गोलको फराकिलो अन्तरले हराउँदै अन्तिम चारमा पुग्यो। अर्को अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा तारा एफसीले संगम 'बि' लाई टाइब्रेकरमा ६-५ ले हरायो। तेस्रो क्वार्टरफाइनल खेलमा संगम 'ए' ले आदर्श युथ क्लबलाई टाइब्रेकरमा ३-० ले तथा क्वार्टरफाइनलको अन्तिम खेलमा गार्डेन एफसीले मिलन टोललाई २-० ले पराजित गरे। प्रतियोगिताको विजेताले एक लाख २५ हजार रुपियाँ र उपविजेताले ७० हजार रुपियाँको साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। सर्वोत्कृष्ठ खेलाडीले ३ हजार, उत्कृष्ठ डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र गोलकिपरले जनही २ हजार ५ सय रुपियाँको साथमा सिल्ड प्रदान गरिनेछ।

# नेपाल यु १८ महिला च्याम्पियनसिपको फाइनलमा

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली महिला फुटबल टोलीको उपाधि जित्ने लक्ष्यमा सँधै भारत नै तगारो बनेको हुन्छ। यसपटक भने कडा प्रतिद्वन्द्वी भारतलाई सेमिफाइनलमै पन्छायो नेपालले। भुटानमा जारी साफ यु १८ महिला फुटबल च्याम्पियनसिपमा नेपालले भारतलाई टाइब्रेकरमा ३-१ ले हराएको हो। यो जितसँगै नेपाल फाइनलमा पुगेको छ। निर्धारित र अतिरिक्त समयमा खेल १-१ बराबरीमा टुंगिएपछि टाइब्रेकरमा नतिजा निधो गरिएको हो।



शुक्रबार थिम्पुस्थित चांगलीमीथाङ रंगशालामा नेपालको रोमाञ्चक जितमा नेपाली गोलरक्षक अन्जना रानामगर नायिका बनिन्। उनले खेलअवधिभर भारतीय आक्रमण विफल तुल्याएकी थिइन्। उनले वान भर्सेस वानमा समेत नेपाललाई गोल बेहोर्नबाट बचाइन्। टाइब्रेकरमा अन्जनाले एक गोल गर्नुका साथै विपक्षीका दुई प्रहारलाई विफल तुल्याएकी थिइन्। त्यस्तै रेखा पौडेल र मनिषा राउतले पेनाल्टी किक गोल गरे भने पुजा रानाको प्रहार भने गोल हुन सकेन।

यसअघि उक्त सेमिफाइनल खेलमा नेपालले भारतविरुद्ध शुरूआती अग्रता लिएको थियो। रश्मी कुमारी घिसिङले १५औं मिनेटमा गोल गरेपछि नेपालले भारतलाई दवावमा राखेको थियो। प्रतियोगिताअन्तर्गत पाकिस्तानविरुद्ध ७ गोल गरेकी रेखा पौडेलको थ्रोइंगमा रश्मीले करिब ६ यार्डबाट गोल गरेकी हुन्। यो उनको प्रतियोगितामा व्यक्तिगत तेस्रो गोल थियो। दोस्रो हाफमा भने भारतले एक गोल फर्काएर खेल बराबरीमा ल्याएपछि नेपालले जित हात पार्न टाइब्रेकसम्म कुर्नुपरेको थियो। भारतका लागि बराबरी गोल जबामानी टुडुले ६२औं मिनेटमा गरेकी थिइन्।

नेपालले आइतबार हुने फाइनल खेलमा उपाधिका लागि बंगलादेशसँग खेल्नेछ। बंगलादशले हिजै भएको अर्को सेमिफाइनल खेलमा आयोजक भुटानलाई ४-० गोलअन्तरले हरायो। यसअघि नेपाल बंगलादेशसँग समूह चरणको खेलमा २-१ ले हारेको थियो।

## धरहरा

# राजगद्दी खालि हुँदैन

मन्त्रीले जनताको काम गर्न छोडेपछि र जथाभावी अभिव्यक्ति दिन थालेपछि अहिलेको राजनीति हेर्नेहरूका लागि भने रमाइलो भएको छ।

प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिमा आएका सञ्चारमन्त्रीले सभापतिको निर्णय नमानेपछि र बोल्दाबोल्दै बीचैमा रोकेपछि धरहरालाई केही लेख्ने जाँगर चलेको छ। समितिले दिएको निर्देशन मन्त्रीले पनि मान्नुपर्छ तर निर्णय गर्न नपाउँदै हस्तक्षेपमा उत्रेका मन्त्री गोकुलप्रसाद बाँस्कोटालाई के-के न गरे भन्ने लागे पनि धरहराले विचरा! मन्त्री भनेको छ। मन्त्रीले समितिको महत्व नबुझेको कि आफ्नै पार्टीको सभापति जे गरे पनि हुन्छ भन्ने सोचेका हुन् भनेर धरहरा रातभरि अन्योलमा परेको छ।

सरकारको नेतृत्व गरेको पार्टी नेकपाले राम्रो काम गरेर जनताको मन जित्न नसकेपछि आलोचना खेपिरहेको छ तर विरोधीलाई सिध्याउने नै भनेर लागेको सरकार कहिलेसम्म यसरी धुकधुकीमा बाँचिरहने हो भन्न सकिँदैन। यति मात्र होइन प्रधानमन्त्री



ओली पनि कुनै हास्यपात्रभन्दा कम छैनन् फरक यति छ कि उनले निःशुल्क रूपमा हँसाउँछन् जहाँ कि जादूगरले हसाँएबापत औषधी बेच्छ। बिरामी ओली भने नियमित रूपमा औषधी खाएर दुःखले जीवन बिताइरहेका छन् तर कसैलाई गाली गर्ने बेलामा भने तत्कालै स्वस्थ्य भइहाल्छन्।

पार्टीका नेताले ओलीप्रति जति सद्भाव राख्छन्, यति धेरै दुःखले सरकार चलाएको भन्छन् तर त्यसको अर्थ देखिँदैन। राजा नरहे पनि राजगद्दी खालि हुँदैन भन्ने धरहराको बुझाइलाई कसैले सुनाइदिएला कि नसुनाइदिएला बुझ्नै कठिन छ हाम्रो नेपालमा।



# ग्रेट हिमालयले मैत्रीखेल खेल्ने

काठमाडौं, (नेस)

वाइवाइ ग्रेट हिमालय क्रिकेट एकेडेमीको यु १७ टोलीले यही असोज २० देखि २६ गतेसम्म बंगलादेशमा हुने मैत्रीपूर्ण सिरिजमा भाग लिने भएको छ। टोलीले ढाकामा २ र कक्सेस बजारमा २ मैत्रीपूर्ण टी-२० खेलहरू खेलिनेछ। टोलीको सामना बंगलादेश क्लब क्रिकेट एकेडेमी, स्मार्ट कोचिङ एकेडेमि र कक्सेस वजार क्रिकेट एकेडेमीसँग खेल्नेछ। यस्तै एकेडेमीमा विगत चार वर्षदेखि प्रशिक्षण गरिरहेका सागर ढकाललाई १० हजार नगद दिँदै कदर गरियो। उनले नेपाल यु १९ टोलीमा छनोट भएर भारतको लखनउमा भएको सिरिजमा उत्कृष्ट प्रदर्शन गरेका थिए। उनी अफगानिस्तनविरुद्ध ४ विकेट लिएर म्यान अफ द म्याच बनेका थिए।

# महेश्वर अन्तिम चरणमा




नेपाल समाचारपत्र

काठमाडौं

पूर्वधर्मश्री तथा एसियन च्याम्पियनसिप विजेता महेश्वर महर्जनले १५औं धर्मश्री शारीरिक सुगठन प्रतियोगिताको अन्तिम चरणका लागि स्थान सुरक्षित गरेका छन्।

कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा भएको प्रतियोगिताको ८० केजी तौल समूहमा प्रतिस्पर्धा गरेका सेप फिटनेस एन्ड जिम कालिमाटीका महेश्वर उपाधिनजिक छन्। उक्त तौल समूहमा उनीसहित विष्णु विक, सेप टु ढल्कोका उज्जल वज्राचार्य र विशाल कँडेल, फिटनेश स्टुडियोका प्रविन शाही र आयोजक नेपाल व्यायाम मन्दिरका जनम लामा रहेका छन्।

शहीद तथा व्यायामका अग्रज धर्मभक्त माथेमाको सम्झानामा २०४२ सालबाट आयोजना गरिएको प्रतियोगिताको अन्तिम चरणका लागि छनोट हुन सफल ५५ केजी तौल समूहका उज्जल जिम तथा जुम्बाका किशन दास दिवाकर, फ्लेक्स जिमका सुजन गुरुङ, बुटवल फिटनेसका सुनिल आले, मसल मेनियाका अवाज प्याकुरेल, नेपाल व्यायाम मन्दिरका डेभिड बलामी र सुरेश खत्री रहेका छन्।

त्यस्तै ६० केजी तौल समूहबाट फिटनेस स्टुडियोका गौरभ प्रसाद श्रेष्ठ, फिटनेस स्टारका यदु कुमार विश्वकर्मा, नेपाल व्यायाम मन्दिरका शैलेन्द्र कुमार शर्मा र सुजन तामाङ, ओम फिटनेसका मिनबहादुर चौधरी तथा नेपाल व्यायाम मन्दिरका आशिष देवाजु पनि छनोट भएका छन्। ६५ केजी तौल समूहमा मि. हिमालय रामबहादुर दाहाल छनोट भए।

शुक्रबार भएको प्रिजजिङ चरणबाट आ-आफ्ना प्रतिद्वन्द्वीलाई पछि पार्दै प्रत्येक समूहबाट ६ खेलाडीहरू अन्तिम चरणका लागि छनोट भएका हुन्। अन्तिम चरणमा प्रत्येक समूहमा प्रथम स्थान हात पार्ने खेलाडीहरूले धर्मश्री उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। धर्मश्री विजेताले नगद ५ लाखसहित ट्रफी र ब्यानेटबाट सुसज्जित हुनेछन्। यस्तै दोस्रो हुनेले २ लाख, तेस्रोले १ लाख, चौथोले ९० हजार, पाँचौले ८० हजार, छैटौंले ७५ हजार र सातौं स्थान हात पार्नेले ६० हजार नगद, मेडल तथा अन्य पुरस्कार प्राप्त गर्नेछन्। यस्तै तौल समूहमा दोस्रो र तेस्रो हुनेले क्रमशः नगद ३० हजार र २० हजारका साथै मेडल प्रमाणपत्र प्राप्त गर्नेछन्।

# सुपर सिक्सेस उपाधि सिद्धार्थलाई



हेटौंडा, (नेस)

मदन भण्डारी स्पोर्ट्स ऐकेडेमी विद्यालय शिक्षक संघ मकवानपुरको आयोजनमा भएको विद्यालयस्तरीय सुपर सिक्सेस क्रिकेटको उपाधि हेटौंडाको सिद्धार्थ शिशु सदनले जितेको छ।

हेटौंडाको हुप्र क्रिकेट मैदानमा भएको खेलमा जीएस निकेतनलाई २ विकेटले पराजित गर्दै सिद्धार्थले उपाधि जितेको हो। विजेता टोलीले नगद १० हजार र उपविजेताले नगद ५ हजार प्राप्त गरे। प्रतियोगितामा आधुनिक माविका मनोज विक म्यान अफ द सिरिज भए। वेष्ट व्याट्समेन सिद्धार्थका कुशल तथा बलरमा सुरज तिमल्सिना भए।

# दुई लन्डन क्लबको जित

लन्डन, (एजेन्सी)

युरोपको दोस्रो प्रतिष्ठित क्लब फुटबल प्रतियोगितामा दुई लन्डन क्लबहरूले जित हासिल गरेका छन्। प्रतियोगिताअन्तर्गत बिहीबार राति भएको खेलमा उपाधि दाबेदार मानिएका टोली आर्सेनल र चेल्सीले जित हासिल गरेका हुन्। समूह सी मा रहेको आर्सेनलले क्वाराबाक एफसीलाई ३-० ले हरायो। टोलीका लागि सोक्रेटिस, एमिल स्मिथ रोवे र माटेओ गुन्डोउजीले एक-एक गोल गरे।

यस्तै चेल्सीले समूह एल को खेलमा भिदी एफसीलाई १-० ले हरायो। चेल्सीको लागि एक मात्र गोल अल्भारो मोराटाले दोस्रो हाफमा गरेका थिए। यसै गरी समूह एफ को खेलमा इटालियन क्लब एसी मिलान विजयी भयो। एसी मिलानले एक गोलले पछि परेको अवस्था उल्टाउँदै ओलम्पियाकोजलाई ३-१ ले पराजित गरेको हो। मिलानका लागि प्याट्रिक कुट्रोनले दुई तथा गोन्जालो हिग्वेनले एक गोल गरेका थिए। गुएरेरोले गोल गर्दै ओलम्पियाकोजलाई शुरूआती अग्रता दिलाए पनि त्यसलाई कायम राख्न नसक्दा पराजित भएको थियो।

सर्वाधिक पाँच पटकको विजेता सेभियालाई एफसी क्रास्नोडरले २-१ ले पराजित गरेको थियो। यस्तै समूह सी को खेलमा जेनिट सेन्ट पिटर्सबर्गले स्लोभिया प्रागलाई, ज्यूरिचले लुडोगोरेट्सलाई समान १-० ले हराउँदा डिनामो जाग्रेबले एन्डरलेक्टलाई, एफसी अस्तानाले रेनेसलाई तथा फेनेर्बेसले स्पार्टक ट्रानभालाई समान २-० ले पराजित गरेको छ। यस्तै आरसी लिप्जिगले रोजेनबर्गलाई तथा साल्जबर्गले सेल्टिकलाई समान ३-१ ले हराउँदा कोपेनहेगनले बोर्डेक्सलाई २-१ ले र लिभरकुजेनले लारनाकालाई ४-२ ले पाखा लगाए।

# बलात्कारको मुद्दा खुल्दा रोनाल्डोलाई सकस

लन्डन, (एजेन्सी)

चर्चित फुटबलर क्रिस्टियानो रोनाल्डोमाथि बलात्कारको आरोपको पुरानो मुद्दा फेरि खोलिएको छ। अमेरिकाकी ३४ वर्षीया शिक्षिका केथरिन मायोर्गाले रोनाल्डोले सन् २००९ मा लास भेगासमा उनलाई बलात्कार गरेको आरोप लगाएकी हुन्। यो मुद्दा पहिला खारेज भइसकेको थियो। मायोर्गाले मुद्दा दायर गरेपछि पुरानो घटना पुन खुल्दा रोनाल्डोलाई यतिखेर सकस भएको छ।

सन् २०१० मा ३ लाख ७५ हजार डलर तिरेर रोनाल्डोले पीडितसँग यो मुद्दा भविष्यमा नखुलाउने सम्झौता गरेका थिए। तर मायोर्गाले ८ वर्षपछि मुद्दा दायर गरेपछि फेरि यो उनको घिनौना हर्कतलाई पुनर्जीवित तुल्याइन्। यसले रोनाल्डोको इमेज खराब हुन सक्ने पनि देखिएको छ। अहिले उनका प्रायोजक समेत के गर्ने भन्ने द्विविधामा रहेका छन्। यस्तै सोही मुद्दाका कारण पोर्चुगलबाट पनि खेल्न नसक्ने भएका छन्।


तर लास भेगासको एक होटलमा भएको सो घटनालाई युभेन्टसका पोर्चुगिज स्ट्राइकरले मनगढन्ते भएको उनको इन्स्टाग्राममा जवाफ दिएका छन्। ३४ वर्षीय रोनाल्डोले क्यामराअगाडि आएर उनका समर्थकहरूलाई भने- 'नो, नो नो नो नो, आज उनीहरूले जे भनेका थिए ती झुठो–एकदम झुठो खबर हो।



उनीहरू मेरो नाम प्रयोग गरेर लोकप्रिय बन्न चाहन्छन्। प्रसिद्ध नामसँग जोड्नु आजकल सामान्य कुरा बनेको छ। म एक सुखी व्यक्ति हुँ।'

यी जोडी लास भेगासको पाल्म्सको नाइट क्लबमा भेटिएका थिए। रोनाल्डो त्यतिबेला छुट्टी मनाइरहेका थिए। तस्वीरमा देखिएका थिए कि रोनाल्डो र मायोर्गा क्लबमा सँगै थिए। एउटा तस्वीरमा रोनाल्डोले मायोर्गाको हात समाएर कानमा खासखुस कुरा गरिरहेका थिए।

गत शुक्रबार अगस्ट २९ मा क्लार्क काउन्टी जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको दस्तावेजअनुसार फुटबलरले मायोर्गालाई निमन्त्रणा दिएका थिए। उनले हट टबमा बस्न



भने पनि मायोर्गाले अस्विकार गरेकी थिइन्। किनभने उनी आफ्नो राम्रो लुगा बिगार्न चाहेकी थिइनन्। त्यसपछि रोनाल्डोले खेलाडीले लगाउने टि-सर्ट र सर्ट (हाफ पाइन्ट) दिएर बाथरुमतिर देखाउँदै उनलाई लुगा फेर्न आग्रह गरेका थिए। उनी लुगा फेर्न बाथरुम भित्र पसिन्।

अदालतको दस्तावेजमा उल्लेख गरिएअनुसार उनी लुगा फेरिरहेकी थिइन्। तब रोनाल्डो बाथरुममा आएर आफैं नांगो बनेर मायोर्गालाई सेक्स गर्न भने। दस्तावेजमा लेखिएको थियो- 'मायोर्गाले यसलाई अस्वीकार गरेकी थिइन्। उनी छिटै होटल छाड्न चाहेकी थिइन्। तर रोनाल्डोले उनलाई तानेर पलंगमा लगेर सहवास गरेका थिए। सहवासबाट बच्न पीडितले धेरै नै संघर्ष गरेकी थिइन्। उनी चिच्याइरहेकी थिइन्- 'नो, नो, नो। तर उनी स्टार खेलाडीबाट बलात्कार भइसकेकी थिइन्।'

८ वर्षपछि मुद्दा फेरि पीडितका वकिलले खुलाएको छ। त्यतिबेला मायोर्गाले कहिल्यै यो घटनालाई सार्वजनिक नगर्ने वचन दिनुमा उनी अपूर्णता र असक्षमता थिइन्। उनी मानसिक रूपमा तयार थिइनन्। यस्तो घटना सार्वजनिक भएमा उनको इमेज खराब हुने उनलाई डर थियो त्यतिबेला। उनी एकपटक आत्महत्या गर्न तम्सेकी थिइन्। ड्युटी गर्न पनि संघर्ष गरिरहेकी थिइन्। हाल इटालीमा खेलिरहेका रोनाल्डोले दावी गरेका छन् कि मायोर्गालाई भौतिक रुपमा घाइते बनाउनुमा उनी नभै अर्का व्यक्ति थिए। अदालतको पत्रमा पनि नाम नखुलाएका व्यक्तिसँग पीडितले सम्झौता गरेको रोनाल्डोको दावी छ। यदि रोनाल्डो नै बलात्कारी सावित भएमा भने संसारकै आदर्श र धनी खेलाडीले जन्मकैदको सजाय भोग्नुपर्ने हुन्छ।

यस्तै रोनाल्डोका वकिलले सो घटना उल्लेख गरेको जर्मन म्यागेजिन डेर स्पीजेललाई मुद्दा हालेको छ। उनीहरूका अनुसार सो म्यागेजिनले गैरकानुनीरूपमा कथा पस्केको र व्यक्तिगत इज्जतमा धक्का लाग्ने गरेकाले गम्भीर विषय बनेको छ। यसैले मुद्दा हालिएको रोनाल्डोका वकिलले स्पष्ट पारेका छन्।

# कोहलीले १ हजार रन पुरा गरे

नयाँ दिल्ली, (एजेन्सी)

भारतीय टोलीका कप्तान विराट कोहली लगातार तीन वर्ष १ हजार रन पूरा गर्ने पहिलो भारतीय व्याट्सम्यान बनेका छन्।

वेस्ट इन्डिजविरुद्ध पहिलो टेस्टमा विराटले १ सय ३९ रनको सतकीय इनिङ खेलेर जारी वर्षमा १ हजार रन पुरा गरेका हुन्। २९ वर्षीय खेलाडीको यो २४औं तथा यस वर्षको चौथो टेस्ट सतक थियो। सो टेस्टमा अलराउन्डर रवीन्द्र जडेजाले १ सय रनको नटआउट इनिङ खेलेका थिए।

घरेलु टोलीले राजकोटमा जारी टेस्टको पहिलो इनिङ ६ विकेटको क्षतिमा ६ सय ४९ रनमा समाप्तिको घोषणा गरेको थियो। वेस्ट इन्डिजले हिजोको खेल सकिँदासम्म ६ विकेट गुमाएर मात्र ९४ रन जोडेको छ। पाहुना टोली ५ सय ५५ रनले पछाडि रहेको छ। कोहलीले यस वर्ष १ हजार १८ रन जोडेका छन्। गत वर्ष उनले १ हजार ५९ रन र सन् २०१६ मा १ हजार २ सय १५ रन बटुलेका थिए। त्यस्तै भारतका सर्वाधिक टेस्ट सतक प्रहार गर्ने सूचीमा चौथो स्थानमा उक्लिएका छन्। वीरेन्द्र सेहवाग (२३ सतक) लाई पाँचौ स्थानमा धकेलेका कोहलीले सुनील गावस्कर (३४ सतक) बराबरी गरेका छन्। भारतका सर्वाधिक टेस्ट सतक प्रहार गर्ने सूचीमा सचिन तेन्दुलकर (५१ सतक) र राहुल द्रविड (३४ सतक) शीर्ष दुई स्थानमा रहेका छन्।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ